रास्वपा सभापति लामिछानेविरुद्धको मुद्दामा पूर्ण सुनुवाइ हुने | पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१ विज्ञापनको लागि मात्र jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com





वर्ष २७ • अंक २८२ • २०८२ साल फाल्गुन २८ गते बिहीबार (12 March, Thursday, 2026) • पृष्ठ ८ • मूल्य रु. ५।-


## समानुपातिकतर्फको मतगणना सम्पन्न

**टुडे समाचारदाता**

जनकपुरधाम । फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्यको निर्वाचन अन्तर्गत समानुपातिक निर्वाचन प्रणालीको मतगणना सम्पन्न भएको छ ।

पछिल्लो समय गोरखा निर्वाचन क्षेत्र १ र इलाम निर्वाचन क्षेत्र १ को मतगणना सकिए लगत्तै समानुपातिकतर्फ पनि सबै मतगणना सकिएको निर्वाचन आयोगका सहायक प्रवक्ता कुलबहादुर जिसीले जानकारी दिए ।

प्रतिनिधि सभामा प्रत्यक्षतर्फ १६५ क्षेत्रकै नतिजा मंगलबार नै सार्वजनिक भएको थियो । समानुपातिकतर्फका ११० सिटका लागि पनि मतगणना सकिएको निर्वाचन आयोगका सूचना अधिकारी सुमन घिमिरेले बताए ।

निर्वाचन आयोगले समानुपातिकतर्फ एक करोड १२ लाख ८० हजार ८९८ मत खसेको जनाइएको छ । जसमध्ये एक करोड ८ लाख ३० हजार ८१५ मत सदर भएको प्रवक्ता जिसीले बताए ।

समानुपातिकतर्फ ४ लाख ५० हजार ८३ मत बदर भएको भने करिब ४ प्रतिशत मत बदर भएको देखिएको छ ।

सदर भएका मतमध्ये सबैभन्दा बढी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले ५१ लाख ८१ हजार ३३० मत, नेपाली कांग्रेसले १७ लाख ५८ हजार ९०३ मत, नेकपा (एमाले)ले १४ लाख ५५ हजार ६६९ मत, नेपाली कम्युनिस्ट पार्टी (नेकपा)ले ८ लाख ११ हजार ३९३, श्रम संस्कृति पार्टीले ३ लाख ८५ हजार ८५२, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले ३ लाख ३० हजार ६४९ प्राप्त गरेको छ ।

अन्य दलले भने 'थ्रेसहोल्ड' अर्थात ३ प्रतिशत मत पाउन सकेनन् । समानुपातिकमा सिट पाउनका लागि सदर मतको ३ प्रतिशत मत आउनै पर्ने व्यवस्था गरिएको छ ।

आयोगले सिट बाँडफाँटका लागि आयोगले दलहरूले पाउने सिटको आधारमा समानुपातिक सूचीमा रहेको सांसदको नाम सिफारिस गर्न पत्राचार गर्नेछ ।

### प्रतिनिधिसभा सदस्य निर्वाचन

# मधेश प्रदेशमा ८९४ जना उम्मेदवारको जमानत जफत

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशमा प्रतिनिधिसभा सदस्य पदका लागि उम्मेदवारी दिएका मध्ये ८९४ जनाको जमानत जफत भएको निर्वाचन आयोगले जनाएको छ । ३२ वटा निर्वाचन क्षेत्रमध्ये मधेश प्रदेशको ३१ वटा निर्वाचन क्षेत्रको मत परिणाम अनुसार ९१ जनाले मात्रै आफ्नो जमानत जोगाउन सकेका छन् ।

धनुषा निर्वाचन क्षेत्र नम्बर १ मा राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)का उम्मेदवार किशोरी साह कमल कर्जा सूचना केन्द्रको कालोसूचीमा रहेको कारण देखाउँदै आयोगले उम्मेदवारी खारेजी गरेको थियो । तर देशैभरि रास्वपाको लहर देखेपछि आयोगले धनुषा- १ मा निर्वाचित भएका उम्मेदवारलाई निर्वाचित भएको प्रमाणपत्र दिएता पनि मतपरणामलाई विवादित रहेको भन्न थालेको छ ।

जसले गर्दा आधिकारिक रुपमा मतपरिणाम सार्वजनिक गरिएको छैन । आयोगले यस क्षेत्रमा नेपाली कम्युनिष्ट पार्टी(नेकपा) का उम्मेदवार मातृका प्रसाद यादवलाई निर्वाचित भएको प्रमाणपत्र दिइसकेको छ ।


धनुषा- १ बाहेक मधेश प्रदेशको ३१ वटा निर्वाचन क्षेत्रमा ९८५ जना उम्मेदवार रहेकोमा ८९४ जनाले आ-आफ्नो क्षेत्रमा कुल सदर मतको १० प्रतिशत मतसमेत पाउन सकेका छैनन् ।

सप्तरीको चार वटै निर्वाचन क्षेत्रमा १०२ जना उम्मेदवारमध्ये ९० जनाको जमानत जफत भएको छ । यहाँ १२ जनाले आफ्नो जमानत जोगाउन सफल भएका छन् । सिरहाको चार वटै निर्वाचन क्षेत्रमा १३८ जना उम्मेदवारमध्ये १२७ जनाको जमानत जफत भएको छ । सिरहामा ११ जना आफ्नो जमानत बचाउन सफल भएका छन् ।

धनुषाको ३ निर्वाचन क्षेत्रमा ११६ जना उम्मेदवार रहेकोमा १०६ जनाको जमानत जफत भएको छ । यहाँ १० जना उम्मेदवारले आफ्नो जमानत बँचाउन सकेका छन् । महोत्तरीको चारवटै निर्वाचन क्षेत्रमा १३९ जना उम्मेदवारमध्ये १२७ जनाको जमानत जफत भएको छ भने १२ जनाले आफ्नो जमानत जोगाउन सफल भएका छन् ।

त्यस्तै सिरहामा १३८ जना उम्मेदवारमध्ये १२७ जनाको जमानत जोगिएको छ । ११ जनाले आफ्नो जमानत जोगाएका छन् । सर्लाहीमा १३१ जना उम्मेदवार रहेकोमा १२२ जनाको जमानत जफत भए छ भने ९ जना उम्मेदवारले आफ्नो जमानत जोगाउन सकेका छन् ।

त्यस्तै रौतहटमा १४२ जना उम्मेदवारमध्ये १२८ जना उम्मेदवारले जमानत जोगाउन सकेका छैनन् । यहाँ १४ जना उम्मेदवारले मात्रै आफ्नो जमानत बचाएका छन् ।




त्यस्तै बारामा ११० जना उम्मेदवारमध्ये ९९ जनाको जमानत जफत भयो भने ११ जना उम्मेदवारले जोगाउन सकेका छन् । पर्सामा १०७ जना उम्मेदवारमध्ये ९५ जनाको जमानत जफत भएको छ भने १२ जना जोगाउन सकेका छन् ।

सप्तरी निर्वाचन क्षेत्र नम्बर १ मा रास्वपाकी पुष्पा कुमारी चौधरी निर्वाचित हुँदा स्वाभिमान पार्टीका सुमित कुमार र नेकपा एमालेका सुमन राज प्याकुरेल गरी ३ जनाले आफ्नो जमानत जोगाउन सकेका छन् ।

सप्तरी- २ मा ३ जना उम्मेदवारले आफ्नो जमानत जोगाउन सकेका छन् । यहाँ रास्वपाका रामजी यादव निर्वाचित हुँदा जनता समाजवादी पार्टी (जसपा) नेपालका उमेश कुमार यादव र जनमत पार्टीका अध्यक्ष डा. सीके राउतले आफ्नो जमानत जोगाएका छन् ।

सप्तरी- ३ मा ३ जनाले आफ्नो जमानत जोगाउन सकेका छन् भने रास्वपाका अमरकान्त चौधरी निर्वाचित भएका छन् । त्यस्तै जसपा नेपालका उपेन्द्र यादव र नेपाली कांग्रेसका दिनेशकुमार यादवले आफ्नो जमानत जोगाउन सकेका छैनन् ।

सप्तरी- ४ मा समेत ३ जनाले आफ्नो जमानत जोगाउन सकेका छन् । जसमा रास्वपाका सिताराम साह निर्वाचित भएका छन् भने कांग्रेसका तेजु लाल चौधरी र जसपा नेपालकी बाँवी सिंहले आफ्नो जमानत जोगाएकी छन् ।

सिरहा- १ मा ३ जनाले आफ्नो जमानत जोगाएका छन् । रास्वपाका बब्लु गुप्ता निर्वाचित हुँदा कांग्रेसका रामसुन्दर चौधरी र नेकपा एमालेका रामशंकर यादवले जमानत जोगाएका छन् ।

निर्वाचन आयोगको मत परिणाम अनुसार मधेश प्रदेशको ३१ वटा निर्वाचन क्षेत्रको मत परिणाम अनुसार राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सबै उम्मेदवारले मात्र जमानत जोगाउन सफल भएका छन् । रास्वपाका ३१ उम्मेदवारमध्ये ३० जना निर्वाचित भएका छन् भने कांग्रेसले एउटा क्षेत्रमा आफ्नो साख जोगाएका छन् । त्यस्तै धनुषा- १ मा फागुन २९ गते सर्वोच्च अदालतले टुंगो लगाउने छ । तर अहिले भने सो क्षेत्रमा नेकपाले निर्वाचित भएको प्रमाणपत्र प्राप्त गरिसकेको छ ।

त्यस्तै, नेपाली कांग्रसका ३१ ज्ना उम्मेदवारमध्ये २२ जना उम्मेदवारले आफ्नो जमानत जोगाउन सकेका छन् । कांग्रेसका एक उम्मेदवार निर्वाचित भएका छन् । त्यस्तै, नेकपा एमालेका १६ जना, जसपा नेपालका ९ जना, नेकपाका ९ जना, आजपा, जनमत पार्टी, नेपाल संघीय समाजवादी पार्टी र स्वाभिमान पार्टीका १/१ जना उम्मेदवारले आफ्नो जमानत जोगाउन सकेका छन् ।

## भारतले केन्द्रीय शासित राज्य बनाउँदै

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाल-भारत सीमा क्षेत्रमा भारतले केन्द्रीय शासित छुट्टै राज्य बनाउने आन्तरिक गृहकार्य थालेको छ ।

भारतको बिहार राज्यको अररिया, पूर्णिया, किसनगञ्ज र कटिहार जिल्ला तथा पश्चिम बंगालका केही भाग मालदा र उत्तर दिनाजपुरलाई मिलाएर केन्द्रीय शासित राज्यको रुपमा स्थापना गर्ने गृहकार्य थालेको स्रोतले जनाएको छ । केन्द्रीय शासित राज्य बनाउने काम सन् २०२६ को बंगाल विधानसभा चुनावअघि नै सम्पन्न हुने स्रोतको दाबी छ ।

उक्त क्षेत्रलाई समेटेर केन्द्र शासित राज्य बनाएपछि नेपाल-बंगलादेशबाट हुनसक्ने घुसपैठ र आपराधिक गतिविधि रोक्न सकिने भारत सरकारको जिकिर छ । देशको सुरक्षाको दृष्टिकोणले सीमाञ्चल रणनीतिक रूपमा धेरै महत्वपूर्ण रहेको भारतीय गृहमन्त्री अमित शाहले बताएका थिए । नजिकैको 'चिकेन नेक' क्षेत्रका कारण भारत सुरक्षाको विषयमा अधिक गम्भीर रहेको बताइन्छ ।

भारतीय गृहमन्त्री शाहले नेपाल-भारत सीमा क्षेत्रको सुरक्षा र व्यवस्थापनको समीक्षा समेत गरेका छन् । गृहमन्त्री शाहले भारतीय भूमि बन्दरगाह प्राधिकरणको बैठकमा पनि सहभागी भएका थिए । नेपाल-भारत सीमामा रहेको रक्सौल देशका १५ वटा भूमि बन्दरगाहमध्ये एक पर्छ ।

यसैबीच नेपालको पर्सा र बारा क्षेत्रमा नयाँ बस्ती र धार्मिक स्थलहरू तीव्र रूपमा बढिरहेको रिपोर्ट भारत सरकारसमक्ष पुगेको बताइन्छ । सुरक्षाकर्मीहरूसंग छलफलमा भारतको सीतामढीसंग जोडिएको नेपालको रौतहटमा चिनियाँ गतिविधि बढेको दाबी गर्दै चिन्ता व्यक्त गरिएको थियो ।

भारतको सुरक्षाबारे अध्ययन अनुसन्धान गर्दै आएका एक अनुसन्धानकर्ताले भने, 'नेपालमा भइरहेकोगतिविधिलाईलिएरभारतनिकै चिन्तित छ, त्यही भएर सीमाञ्चलमा आफ्नो सुरक्षा निगरानी बढाउन केन्द्र शासित राज्य बनाउने पहल भइरहेको छ ।' यस विषयमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी 'कन्भिन्स' रहेको बताइन्छ ।

फागुनको दोस्रो साता भारतीय गृहमन्त्री शाह बिहार आएर यसबारे छलफल गरेका थिए । एक कार्यक्रममा बोल्दै प्रधानमन्त्री मोदीले 'घुसपैठियाहरू' पहिचान गर्न 'उच्चस्तरीय जनसांख्यिकी मिसन' सञ्चालन गर्ने घोषणा पनि गरेका थिए । भारतको बिहार, पश्चिम बंगाल र असमका मुस्लिम बाहुल्य क्षेत्रमा घुसपैठ व्यापक रुपमा भइरहेको रिपोर्ट भारत सरकारसंग छ ।

काउन्टरकरेन्टस् डट ओरजी अनलाइनमा पत्रकार अरुण श्रीवास्तवले लेखेका छन्, ' यो प्रस्तावित केन्द्र शासित प्रदेश मुख्यतया एक राजनीतिक परियोजना हो । यदि प्रशासनिक दक्षता लक्ष्य हुन्थ्यो भने यस्तो प्रस्ताव ल्याउनुअघि विस्तृत सर्वेक्षण गर्नुका साथै विकास निर्माणको परियोजनाको बारेमा पनि चर्चा हुन्थ्यो तर हालसम्म त्यस्तो देखिएको छैन ।'







# यात्रु उद्धारका लागि नेपाल वायुसेवा निगमको जहाज आज राति दुबई प्रस्थान गर्दै




काठमाण्डु । नेपाल वायु सेवा निगमले बुधबार राति 'स्पेशल फ्लाइट' (विशेष उडान) मार्फत दुबईको विमानस्थलमा रोकिएका यात्रुको उद्धार गर्ने जनाएको छ।

निगमले मङ्गलबार एक उडान सूचना प्रकाशन गर्दै बुधबार राति ११:१५ बजे वाइडबडी विमानबाट नेपालमा रोकिएका यात्रु दुबई लैजाने छ भने दुबईबाट काठमाडौँ आउनका लागि रोकिएका यात्रुलाई उद्धार गरी स्वदेश फिर्ता ल्याउने भएको हो। दुबईबाट उडेको आरए २३० (दुबई-काठमाडौँ) वाइडबडी बिहीबार बिहान ४:१० बजे काठमाडौँ फर्किने तालिकामा उल्लेख गरिएको छ।

अमेरिका-इरान युद्ध सुरु भएपश्चात् रोकिएका यात्रुको उद्धारका लागि १२औँ दिनपछि पहिलोपटक निगमले दुबईमा विशेष उडान भर्न लागेको निगमका कार्यकारी निर्देशक अमृतमान श्रेष्ठले बताउनुभयो। उहाँका अनुसार ' पहिलो जो आउँछ उसैलाई पहिलो सेवा' भन्ने मान्तयाका साथ यात्रुलाई प्राथमिकतामा राखिएको छ। उहाँले आज राति २७० देखि २८० जना यात्रु दुबई पुग्ने जानकारी दिनुभयो।

खासगरी दुबईमा उद्धारको पर्खाइमा बस्नुभएका यात्रुलाई स्वदेश फिर्ता ल्याउने उद्देश्यले स्पेशल फ्लाइटको व्यवस्था गरिएको निगमका कार्यकारी निर्देशक अमृतमान श्रेष्ठले उल्लेख गर्नुभयो।

उहाँका अनुसार आरए २२९ (काठमाडौँ-दुबई) बुधबार राति ११:१५ बजे र आरए २३० (दुबई-काठमाडौँ) बिहीबार बिहान ४:१० बजे स्वदेशका लागि उडान भर्ने तालिका छ। गत २८ फेब्रअरीदेखि ९ मार्च सम्म टिकट लिई यात्रा गर्न असमर्थ रहेका यात्रुले मात्रै आज राति यात्रा गर्न पाउनेछन्। निगमबाट टिकट पुनः प्रमाणित गराई यात्रा गर्न सूचनामार्फत निगमले सबैमा अनुरोध गरेको छ।रासस

# थाइल्याण्डका ३०० भिक्षुद्वारा लुम्बिनी-रामग्राम शान्ति पदयात्रा



भैरहवा । लुम्बिनीबाट रामग्रामसम्म शान्ति, करुणा र धर्म अभ्यासको सन्देश फैलाउने उद्देश्यले थाइल्याण्डका करिब ३०० भिक्षुहरुले पदयात्रा सुरुआत गरेका छन्।

'चारिक थुडोङ बुद्धभूमि' नाम दिइएको उक्त पदयात्रा लुम्बिनीस्थित थाई मन्दिरबाट सुरु भई दुई दिन एक रातको पैदलयात्रापछि रामग्राम पुग्ने कार्यक्रम रहेको छ। पहिलो रात भैरहवास्थित शान्ति बौद्ध गुम्बामा बस्ने र अर्को दिन रामग्राम स्तुप पुग्ने कार्यक्रम रहेको छ।

पदयात्रा टोलीका प्रमुख आचार्य चालान अनङ्कानोले बुद्धभूमि लुम्बिनीबाट यात्रा सुरु गर्न पाउनु आफूहरूका लागि ठूलो सौभाग्य भएको बताउनुभयो। उहाँले यो यात्रा मन र आत्मालाई शुद्ध पार्ने, धर्मको अभ्यास गर्ने तथा समाजमा करुणा र दयाको भावना फैलाउने उद्देश्यले आयोजना गरिएको जानकारी दिनुभयो । "हामी बुद्धका पाइलाहरू पछ्याउँदै धर्म अभ्यास गर्न यहाँ आएका हौँ", उहाँले भन्नुभयो, "लुम्बिनीजस्तो पवित्र स्थलको संरक्षण गरिदिने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूलाई साधुवाद र धन्यवाद व्यक्त गर्दछौँ ।" थाइल्याण्डको श्रीसाकेत प्रान्तस्थित 'उद्यान धाम डोंग याङ' बाट आएका भिक्षुहरुको टोलीको नेतृत्व आचार्य चरन अनत्त नोले गर्नुभएको छ। टोलीमा थाइल्याण्डका भिक्षुहरूका साथै लाओस, मलेसिया र भियतनामका भिक्षुहरू पनि सहभागी छन्।

भन्ते विचयाका अनुसार यो पदयात्रा मुख्यतः शान्ति र आत्म अनुशासनको अभ्यासका लागि गरिएको हो। "मानिसले आफ्नो जीवनमा सहनशीलता र आत्मनियन्त्रण कति महत्वपूर्ण छ भन्ने अनुभव गर्न यस्तो यात्रा सहयोगी हुन्छ", उहाँले भन्नुभयो।

पदयात्राका सहभागीहरु प्रत्येक पाइला सचेतनतासहित हिँड्दै करुणा र मैत्रीभावको अभ्यास गर्ने लक्ष्यका साथ यात्रा गरिरहेका छन् । आयोजकका अनुसार यो यात्रा बुद्ध धर्मका अनुयायीहरूले बुद्धका जीवन र शिक्षालाई स्मरण गर्दै आध्यात्मिक साधना गर्ने अवसर पनि हो।

रामग्राम पुगेपछि टोली भारततर्फ प्रस्थान गरी कुशीनगर, वैशाली हुँदै बोधगयासम्म पैदलयात्रा गर्ने कार्यक्रम रहेको जनाइएको छ।

यस प्रकारको पदयात्रा आचार्य चरन अनत्त नोको नेतृत्वमा हरेक वर्ष आयोजना हुँदै आएको टोलीमा सहभागी स्वयंसेवक अकनन्ले जानकारी दिनुभयो।रासस

# अन्तरराष्ट्रिय चित्रकला प्रदर्शनी सुरु : सम्बन्ध र संस्कृति आदानप्रदानका दृष्टिले महत्त्वपूर्ण

काठमाण्डु । काठमाडौँमा बुधबारदेखि 'आइज टु एज' शीर्षकमा अन्तरराष्ट्रिय चित्रकला प्रदर्शनी सुरु भएको छ। नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानको समसामयिक चित्रकला विभाग र शिल्प-हस्तकला विभागको सहकार्य तथा कोचिन फाइनआर्ट क्लब, भारतको आयोजनामा सुरु भएको अन्तरराष्ट्रिय कला प्रदर्शनीमा नेपाल, भारत र बङ्गलादेशका कलाकारका सिर्जनाहरू समावेश गरिएको छ।



प्रदर्शनी उद्धाटन गर्दै नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानका कुलपति नारदमणि हार्तम्छालीले नेपाल र भारतबीचको सांस्कृतिकसम्बन्ध प्राचीन विर ासतदेखि नै गहिरो बताउँदै यस्ता प्रदर्शनीले थप प्रगाढ बनाउने बताउनुभयो।

उहाँले हिमवत्खण्डदेखि नै दुई देशबीच भाइचाराकोसम्बन्ध कायम रहेको उल्लेख गर्दै वैदिक कालदेखि नै सांस्कृतिक र कलात्मक सूत्रहरू जोडिँदै आएको र दक्षिण एसियाली कलामा यसको उल्लेखनीय प्रतिविम्ब देखिने गरेको बताउनुभयो ।भारतीय कलाकार एवं प्रदर्शनीका क्युरेटर मनोज भिएनले प्रतिष्ठानसँगको सहकार्यमा यस कार्यक्रम गर्न पाएकोमा खुसी व्यक्त गर्दै नेपाल र भारतबीच परम्परागत रूपमा कला र संस्कृतिका धैरै विषयहरू मिल्दाजुल्दा भएकाले पनि प्रदर्शनी प्रभावकारी भएको बताउनुभयो।

कार्यक्रमका संयोजक एवं प्रतिष्ठानका शिल्प-हस्तकला विभाग प्रमुख अरुणा हिङ्माङले यस किसिमका प्रदर्शनीले दुई देशको कला, संस्कृतिको आदानप्रदानमा सहयोग पुग्ने बताउनुभयो।

उहाँले आपसी सम्बन्धर संस्कृति विस्तारकै लागि यो प्रदर्शनी गरिएको बताउनुभयो ।प्रतिष्ठानका समसामयिक चित्रकला विभाग प्रमुख सञ्जय बान्तवाले कोचिनसँगको सहकार्यले आगामी दिनमा यस्ता कार्यक्रम सञ्चालन गर्न थप ऊर्जा र प्रेरणा मिलेको बताउनुभयो । उहाँले भारतसँग धैरै विषय मेल खाने र संस्कृति पनि समानप्रकारका रहेको बताउनुभयो।

भारतीय कलाकार पवल पागलले नेपाल भारतको सांस्कृतिक महत्व एकैखालको रहेको स्मरण गर्दै कार्यक्रममा कविता वाचन गर्नुभएको थियो । अर्का कलाकार उदय राजले भारतको कालजयी गीत बाँसुरी बजाएर प्रस्तुत गर्नुभएको थियो। नेपाल, भारत र बङ्गलादेशका कलाकारका ३० कलाकृति रहेको यस प्रदर्शनी फागुन ३० गतेसम्म चल्ने छ । प्रदर्शशीत कलाकृति समसामयिक, धार्किक, साँस्कृतिक र जनजीवनसँग सम्बन्धित रहेका छन् । कला प्रदर्शनीका लागि भारतबाट पाँच जना कलाकार नेपाल आएका छन्।रासस

# नेपालले कम समयमा लैङ्गिक समानता प्रवर्द्धनमा महत्वपूर्ण उपलब्धि हासिल गरेको छः मन्त्री श्रेष्ठ

काठमाण्डु । महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री श्रद्धा श्रेष्ठले महिला तथा बालिकाका लागि न्यायमा पहुँच स्थापित गर्नु मात्रै मौलिक अधिकार नभई लैङ्गिक समानताको आधारस्तम्भ भएको बताउनुभएको छ । अमेरिकाको न्यूयोर्कमा आयोजित संयुक्त राष्ट्रसङ्घको महिलाको स्थितिसम्बन्धी आयोगको ७० औँ सभामा सम्बोधन गर्दै उहाँले उक्त सिद्धान्तमा नेपाल प्रतिबद्ध रहेको उल्लेख गर्नुभएको उहाँको सचिवालयले जनाएको छ।



नेपालले उक्त प्रतिबद्धतालाई संविधानमा सुनिश्चित गरेको उल्लेख गर्दै मन्त्री श्रेष्ठले महिलामाथि हुने सबै प्रकारका विभेद् उन्मूलनसम्बन्धी महासन्धिलगायत अन्तरराष्ट्रिय दायित्व पनि निभाइएको जानकारी दिनुभयो । उहाँले नेपालले घरेलु हिंसा, हानिकारक परम्परा, बालविवाह, मानव बेचबिखन तथा यौन दुर्व्यवहारलाई अपराधका रूपमा घोषणा गरी अपराध गर्नेलाई कानुनी दायरमा ल्याउन कानुन निर्माण गरिसकेको जानकारी दिनुभयो।

मन्त्री श्रेष्ठले नेपालको न्याय प्रणालीलाई अझ प्रभावकारी र समयसापेक्ष बनाउनका लागि लैङ्गिकमैत्री अदालत स्थापना गरी न्यायिक संरचनालाई सुदृढ बनाइएको बताउनुभएको उहाँको सचिवालयले जनाएको छ।

मन्त्री श्रेष्ठले न्यायलाई सहज बनाउनका लागि सजिलो उजुरी प्रणाली, पीडित सहायता सेवा, लैङ्गिक उत्तरदायी विशेष एकाइ तथा निःशुल्क कानुनी सहायता र मेलमिलापमार्फत कानुनी सेवा विस्तार गरिरहेको बताउनुभयो । सङ्कट प्रतिकार र आर्थिक सहयोगको सेवा मुलुकभर विस्तार गरिरहेको उहाँको भनाइ छ। साथै समावेशी प्रतिनिधित्वलाई सुनिश्चित गर्दै सीमान्तकृत महिलालाई सहयोग गर्नुका साथै महिला सशक्तीकरणलाई प्राथमिकता दिइएको उहाँले उल्लेख गर्नुभयो।

नेपालका राजनीतिक दलले पनि लैङ्गिक समानता कायम गर्नका लागि बलियो प्रतिबद्धता जनाएका मन्त्री श्रेष्ठले बताउनुभयो । "राजनीतिक प्रतिबद्धता र बलियो कानुनी आधारका कारण नेपालले छोटो समयमा लैङ्गिक समानता प्रवर्द्धन तथा महिला र बालिकाको सशक्तीकरणमा महत्वपूर्ण उपलब्धि हासिल गरेको छ", उहाँले भन्नुभयो।

मन्त्री श्रेष्ठले विद्यमान चुनौतीहरू समाधान गर्न वैश्विक समुदायलाई साझेदारी सुदृढ बनाउन, पर्याप्त स्रोत परिचालन गर्न, प्रविधिको सम्भावनालाई उपयोग गर्न, संस्थागत क्षमता अभिवृद्धि गर्न तथा साझा जिम्मेवारी बहन गर्न आह्वान गर्नुभयो । यसमार्फत विश्वका हरेक महिला र बालिकाले कुनै पनि अवरोधबिना न्यायमा पहुँच प्राप्त गर्नसक्ने वातावरण सुनिश्चित गर्नुपर्नेमा उहाँले जोड दिनुभयो।

मन्त्री श्रेष्ठले नेपालका स्थानीय तहका अर्धन्यायिक निकाय, सेवा तथा पीडित केन्द्रित दृष्टिकोणमार्फत समावेशी र पहुँचयोग्य न्याय प्रवर्द्धन गरिरहेको बताउनुभएको थियो । यसमार्फत गोपनीयता र पुनःस्थापनालाई प्राथमिकता दिइएको उहाँको भनाइ छ। साथै आमाको नामबाट नागरिकता प्राप्त गर्ने व्यवस्था सक्षम बनाउने र महिलाको अवैतनिक स्याहारसुसारलाई मान्यता दिने जस्ता सुधारले समानता बढाउनुका साथै महिलाको गरिमालाई थप बलियो बनाएको मन्त्री श्रेष्ठले विश्वास व्यक्त गर्नुभयो।

उक्त कार्यक्रम यही मार्च १९ तारिखसम्म सञ्चालन हुनेछ। नेपाली प्रतिनिधिमण्डलमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र संयुक्त राष्ट्रसङ्घका लागि नेपालको स्थानीय नियोगका सरकारी अधिकारीललगायतको सहभागिता छ।रासस

# सहकारी मार्फत सशक्त बनाउँदै लुमन्ति

**टुडे समाचारदता**

बारा । आर्थिक रूपमा कमजोर तथा विपन्न महिलालाई बचत गर्ने बानी विकास गराउँदै आत्मनिर्भर बनाउने उद्देश्यसहित लुमन्तिले जीतपुरसिमरा उपमहानगरपालिकामा विभिन्न कार्यक्रम सञ्चालन गरिरहेको छ।



दलित तथा विपन्न समुदायका घर-घरमा पुगेर महिलालाई आर्थिक रूपमा सबल बन्न सकिने विभिन्न आयामबारे जानकारी दिँदै बचत गर्ने संस्कार विकास गराउने काम भइरहेको छ।

लुमन्तिले आफ्नो कार्यक्षेत्रअन्तर्गत रहेका विभिन्न वडाबाट महिलाहरूलाई समूहमा सङ्गठित गरी तालिममार्फत आर्थिक हिसाब-किताब राख्ने पद्धति सिकाइरहेको छ। यसबाट महिलाहरूलाई आर्थिक व्यवस्थापनमा सक्षम बनाउँदै आत्मनिर्भर बनाउने लक्ष्य राखिएको छ।

कार्यक्रमका कार्यक्षेत्र संयोजक ईन्जिनीयर अब्दुल कैसका अनुसार महिलाहरूलाई विभिन्न तालिम तथा अभिमुखीकरणमार्फत सहकारीको अवधारणा, महत्व र सञ्चालन प्रक्रियाबारे जानकारी दिइँदैछ। "विपन्न महिलाहरूकै सहभागिता र नेतृत्वमा सहकारी स्थापना गर्ने हाम्रो लक्ष्य हो," उनले बताए।

उनका अनुसार प्रारम्भिक चरणमै करिब ५ सय महिलाहरू यस अभियानमा आबद्ध भइसकेका छन्। उनीहरूलाई सहकारीको महत्व, अवधारणा र यसमार्फत हुने आर्थिक क्रियाकलापबारे निरन्तर जानकारी दिइँदै आएको छ।

आवश्यक तयारी पूरा भएपछि सहकारी ऐन तथा कानुनअनुसार उनीहरूकै नेतृत्व र स्वामित्वमा सहकारी गठन गरिने योजना रहेको कैसले बताए।लुमन्तिले यसअघि पनि यस्ता कार्यक्रममार्फत सहकारी स्थापना गरिसकेको छ। संस्थाले १२ वर्षअघि बाराको कलैयामा तथा १८ वर्षअघि पर्साको वीरगञ्जमा सहकारी स्थापना गरेको अनुभव रहेको जनाएको छ।

लुमन्ति स्थानीय तहको समन्वयमा आर्थिक रूपमा कमजोर दलित तथा विपन्न परिवारका लागि वातावरणमैत्री बाँसको घर निर्माण गर्ने परियोजनासमेत सञ्चालन गर्दै आएको संस्था हो। यस परियोजनामार्फत सामाजिक तथा आर्थिक रूपमा पछाडि परेका समुदायलाई सशक्त बनाउने प्रयास भइरहेको जनाइएको छ।

# ग्यास कलाबजारी गर्नेलाई कारवाही

**टुडे समाचारदाता**

जनकपुरधाम । पेट्रोलियम पदार्थ तथा खाना पकाउने ग्याँसको अभाव रहेको स्पष्ट पार्दै जिल्ला प्रशासन कार्यालय धनुषा र पर्साले सरोकारवालाहरूलाई कृत्रिम अभाव सिर्जना नगर्न चेतावनी दिएको छ।

बुधवार जिल्ला प्रशासन कार्यालय धनुषामा बसेको सरोकारबीचको बैठकले ग्यास आपूर्ति र वितरणलाई नियमित र व्यवस्थित बनाउने निर्णय गरेको हो । प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइटेलको अध्यक्षतामा बसेको बैठकमा सुरक्षा निकायका प्रतिनिधिसहित नेपाल आयल निगम, ग्याँस उद्योग, डिलर तथा सम्बन्धित सङ्घसंस्थाका प्रतिनिधिहरूको उपस्थिति थियो।



बैठकबाट ग्यासको लगत राख्ने गरी एक परिवार एक ग्यासको हिसाबले समानुपातिक प्रणालीमा वितरण, व्यापापरिक प्रयोजनाभन्दा आम उपभोक्तालाई ग्राहयता दिने, अनुचित भण्डारण, गलत नियतले कार्टेलिङ्ग गर्ने जस्ता क्रियाकलाप गर्ने व्यापारीलाई कारवाही गर्ने चेतावनीसहितको निर्णय गरिएको छ।

यस्तै पर्सामा बसेको बैठकमा ग्याँस उद्योग र आयल निगमका पदाधिकारीहरूले जिल्लामा हाल ग्याँस, डिजेल र पेट्रोलको मौज्दात पर्याप्त रहेको तथा आयात पनि नियमित भइरहेको जानकारी गराइएको छ। सो बैठकले खुद्रा इन्धन विक्रेताहरूलाई खुला रूपमा बोतल, ग्यालेन, ड्रम, जेरीक्यान आदिमा पेट्रोल र डिजेल बिक्री नगर्न कडा निर्देशन समेत दिएको छ।

ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : आज उर्जा राम्रो रहनेछ। काममा प्रगति हुन सक्छ।
वृष : परिवारसंग समय बिताउन मौका मिल्न सक्छ।
मिथुन : काममा व्यस्तता बढ्न सक्छ। साथी वा सहकर्मीबाट सहयोग मिल्नेछ।
कर्कट : मन अलि संवेदनशील हुन सक्छ। घरपरिवारको कुरामा ध्यान दिनु राम्रो।
सिंह : नेतृत्व क्षमता देखाउने अवसर मिल्नेछ। नयाँ अवसर आउन सक्छ।
कन्या : काममा सफलता र प्रशंसा मिल्न सक्छ। अध्ययन वा सीप सिक्ने राम्रो समय।
तुला : सम्बन्ध सुधार हुने संकेत छ। व्यापार वा काममा सानो लाभ हुन सक्छ।
वृश्चिक : धैर्य आवश्यक पर्ने दिन हुन सक्छ। पुराना काम पूरा गर्न राम्रो समय।
धनु : यात्रा वा नयाँ अनुभवको सम्भावना छ। मित्रसंग भेटघाट हुन सक्छ।
मकर : काममा जिम्मेवारी बढ्न सक्छ। परिवारको सहयोग मिल्नेछ।
कुम्भ: रचनात्मक सोच बढ्न सक्छ।
मीन : आध्यात्मिक सोच बढ्न सक्छ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्लाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्होम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# प्रतिनिधिसभा बैठक आह्वानको तयारी गरिँदै

काठमाण्डु । यही फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनको मतपरिणाम आउनेक्रम अन्तिम चरणमा पुगेको छ। निर्वाचन आयोगबाट अन्तिम मतपरिणाम सार्वजनिक भएलगत्तै प्रतिनिधिसभा बैठक बोलाउने गरी तयारी गर्न थालिएको सङ्घीय संसद् सचिवालयले जनाएको छ।

नेपालको संविधानको धारा ९३ मा संसद् अधिवेशनको आह्वान र अन्त्यको व्यवस्था उल्लेख छ। उक्त प्रावधानअनुसार राष्ट्रपतिले प्रतिनिधिसभाका लागि भएको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले ३० दिनभित्र सङ्घीय संसद्को अधिवेशन आह्वान गर्नुपर्छ।

संविधानमा ३० दिनभित्र भनिए पनि सचिवालयले भने बैठक आह्वानका लागि विगतदेखि एक वा दुई हप्ताभन्दा ढिला नगरेको सचिवालयका प्रवक्ता एकराम गिरीले राससलाई जानकारीदिनुभयो।"सचिवालयले नवनिर्वाचित सांसदहरूलाई काठमाडौँ आउनका लागि करिब १० दिनको समय दिएर संसद् बैठकका लागि सूचना आह्वान गर्छ। यहीबीचमा ज्येष्ठ सदस्यले राष्ट्रपतिबाट शपथ लिनुहुन्छ र उहाँले अरु सांसदलाई शपथ गराउनुहुन्छ", उहाँले भन्नुभयो।

सभामुखको निर्वाचन नभएसम्म ज्येष्ठ सदस्यले सभामुखको भूमिका निर्वाह गर्ने कानुनी प्रावधान रहेको प्रवक्ता गिरीले जानकारी




दिनुभयो । "संसद्को पहिलो बैठकले सभामुखको निर्वाचन घोषणा गर्छ, साथै सभामुखको अनुपस्थितिमा भूमिका निर्वाह गर्नका लागि प्रत्येक दलबाट तीन जनाका दरले सांसदको नाम मागेर अनुमोदन गरिन्छ । त्यसपछि बस्ने पहिलो बैठकमा अध्यादेश छन् भने पेस गरिन्छन्", उहाँले भन्नुभयो।

**मूल बैठक तयारी नभएकाले अर्को हलमा संसद् बैठक बस्ने**

निर्माणाधीन संसद् भवनको निर्माण सम्पन्न भइनसकेकाले अबको प्रतिनिधिसभाको केही समयसम्म अर्को प्रयोजनका लागि निर्मित हलमा बस्ने तयारी भइरहेको प्रवक्ता गिरीले जानकारी दिनुभयो । "प्रतिनिधिसभा र राष्ट्रियसभाका लागि निर्माणाधीन भवनको बीचमा रहेको उक्त हलमा बैठक तयारीका लागि आवश्यक प्राविधिक व्यवस्थापन काम भइरहेको छ", उहाँले भन्नुभयो।

सहरी विकास मन्त्रालय र निर्माण कम्पनी टुण्डी सेक ज्वाइन्ट भेञ्चरबीच विसं २०७६ असोज १६ गते भएको सम्झौताअनुसार सङ्घीय संसद् भवन तीन वर्षभित्र अर्थात् २०७९ असोज १५ गतेसम्म निर्माण भइसक्नुपर्ने थियो। कोरोना महामारीलगायत विभिन्न कारण देखाउँदै हालसम्म उक्त भवन निर्माण सम्पन्न हुन सकेको छैन।

एक सय ५१ रोपनी क्षेत्रफलमा निर्माण भइरहेको परियोजनाअन्तर्गत प्रतिनिधिसभा भवन, राष्ट्रियसभा भवन, अतिविशिष्ट कक्ष र अन्य कार्यालयलगायत १२ भवन हुनेछन् । संसद् भवनभित्र मुख्य भवन आठ वटा हुनेछन् । भवनभित्र ३५० सिट क्षमताको संयुक्त लबी हुनेछ भने सानाठूला गरी १० वटा संसदीय दलका कार्यालय हुनेछन् । यसका चार अतिरिक्त अतिरिक्त विशिष्ट कक्ष, दुई संसद् सचिवालय भवन, संसद् लाइब्रेरी, दुईवटा क्यान्टिन क्रमशः १०० र ३०० जना अट्ने क्षमताका र ३९० वटा गाडी पार्किङ क्षमता हुनेछ ।रासस

# नयाँ सरकारसँग युवाको अपेक्षा: सुशासन, भ्रष्टाचार नियन्त्रण र रोजगारी

काठमाण्डु । प्रतिनिधिसभा सदस्य निर्वाचनको मतगणना अन्तिम चरणमा पुगेसँगै अब बन्ने नयाँ सरकारप्रति देशभरका युवापुस्ताको चासो र अपेक्षा बढेको छ । 'जेनजी' पुस्ताका युवाहरूले आगामी सरकारबाट सुशासन, भ्रष्टाचार नियन्त्रण, रोजगारी सिर्जना र प्रणालीगत सुधारको अपेक्षा गरेका छन्। प्रतिनिधिसभा सदस्यमा निर्वाचित नवयुवाको उपस्थितिका कारण पनि युवामैत्री नीति, डिजिटल सेवा, सन्तुलित र पादर्शी विकास अब बन्ने सरकार केन्द्रित रहने आशा जेनजी पुस्ताले व्यक्त गरेका हुन्।

गत भदौ २३ गते भ्रष्टाचार र बेथितिविरुद्ध भएको 'जेनजी' प्रदर्शनमा सहभागी भएर घाइते हुनुभएका २५ वर्षीय मदन कार्कीले अब बन्ने सरकारले युवापुस्ताको माग र मर्मलाई प्राथमिकतामा राख्नुपर्नेमा जोड दिनुभयो । निर्वाचनमा मतदान गरेर फर्किएपछि उहाँले अब बन्ने सरकारप्रति सकारात्मक परिवर्तनको आशा राखेर आफू मतदानमा सहभागी भएको बताउनुभयो।

कार्कीलृ सरकार र 'जेनजी' आन्दोलनका समूहबीच भएका १० बुँदे सहमति कार्यान्वयन हुनुपर्नेमा जोड दिनुभयो। "नेपालीले आफ्नै देशभित्र सुरक्षित र सम्मानपूर्वक बाँच्न पाउने वातावरण बनोस् । सुशासन कायम होस् र भ्रष्टाचारको अन्त्य होस् । अब बन्ने सरकारले आन्दोलनका क्रममा भएका घटनाका दोषीलाई कारबाही गर्नुपर्छ", उहाँले भन्नुभयो। उक्त आन्दोलनका क्रममा घाइते हुनुभएकी लिजा अधिकारी अहिले



पनि अस्पतालमा उपचाररत हुनुहुन्छ। बीस वर्षीया अधिकारीले अस्पतालको श्ययाबाटै अब बन्ने सरकारले युवाका माग कार्यान्वयन गर्ने आफ्ना अपेक्षा व्यक्त गर्नुभयो।

जेनजी आन्दोलनले उठाएका मुद्दाहरू भ्रष्टाचार अन्त्य, पारदर्शिता र सुशासन अबको सरकारले कार्यान्वयनमा ल्याउनुपर्नेमा अधिकारीले जोड दिनुभयो। "हामीले आन्दोलनमार्फत उठाएका माग पूरा हुनेमा विश्वास छ । सुशासनसँगै देशभित्रै रोजगारी सिर्जना गर्न सरकारले ध्यान दिनुपर्छ", उहाँले भन्नुभयो। रामेछाप स्थायी घर भई काठमाडौँमा बस्दै आएकी २२ वर्षीया सुजता कार्कीका अनुसार जेनजी आन्दोलनपछि युवाहरूमा राजनीतिप्रतिको चासो बढेको छ । अब बन्ने सरकारले युवाहरूका लागि 'पार्टटाइम' रोजगारीको व्यवस्था गर्ने र विकट तथा पिछडिएका क्षेत्रलाई पूर्वाधार विकासमा प्राथमिकता दिनुपर्ने उहाँको सुझाव छ।

"पहिले मलाई राजनीतिमा खासै रुचि थिएन । तर आन्दोलनपछि राजनीतिक गतिविधिमा ध्यान दिन थालेकी छु। देशमा रोजगारीको अवसर हुनुपर्छ। विदेश जानुपरे पनि कामका लागि होइन, घुम्नका लागि मात्र जाऊँ भन्ने अवस्था बन्नुपर्छ", उहाँले भन्नुभयो । दोलखाका २३ वर्षीय विशाल बुढाथोकीका अनुसार अब बन्ने सरकारले पुराना दलले गर्न नसकेका नीतिगत सुधार र पूर्वाधार विकासलाई गति दिनुपर्छ। गाउँ र सहरबीच भएका विकासका असन्तुलन हटाउन सरकारले प्राथमिकता दिने उहाँले विश्वास व्यक्त गर्नुभयो।

"सहरमा विकास देखिन्छ तर गाउँमा त्यो स्तरको विकास छैन", उहाँले भन्नुभयो । विदेशमा अध्ययन गर्ने योजना बनाएका बुढाथोकीले अध्ययनपछि स्वदेश फर्केर व्यवसाय गर्ने वातावरण बन्ने अपेक्षा गर्नुभएको छ।

काठमाडौँका २७ वर्षीय विनय ढुङ्गानाले आफ्नो मत परिवर्तनको पक्षधरलाई भएको भन्दै डिजिटल सरकार (डिजिटल गभर्नेन्स) र उत्पादनमुखी अर्थतन्त्रमा सरकारले ध्यान दिनुपर्ने सुझाव दिनुभयो।

"नयाँले धेरै गर्छन् भन्ने भन्दा पनि पुरानाले केही गरेनन् भन्ने निराशाले मत फेरेको हो", उहाँले भन्नुभयो, "सरकारी सेवा प्रवाह सरल र सहज बन्ने अपेक्षा छ। सामान्य कामका लागि भनसुन वा पैसा दिनुपर्ने अवस्था अन्त्य हुने विश्वास छ।"

दोलखाका २४ वर्षीय किरण बुढाथोकीले जनताले परिवर्तनका लागि मत दिएको स्मरण गराउँदै अब बन्ने सरकारले प्रणाली विकासमा ध्यान दिएपछि मात्रै विकासका काम प्रभावकारी बन्नुपर्ने धारणा राख्नुभयो। "हामीले चाहेको दल सरकार बनाउनतर्फ अघि बढेको छ । अब जनताले खोजेको सरकार आउने देखिन्छ", उहाँले भन्नुभयो, "पर्यटन, जलविद्युत् र कृषिमा सरकारले ठूलो सम्भावना भएको क्षेत्रको रूपमा काम गर्नुपर्छ। घोषणापत्र कार्यान्वयन गर्नुपर्छ।"

खोटाङकी १९ वर्षीया सलिना राईले युवाहरू विदेशिनुपर्ने बाध्यता अन्त्य गर्नु अबको सरकारको मुख्य जिम्मेवारी हुनुपर्ने बताउनुभयो । "मेरो परिवार र गाउँका धेरै युवाहरू रोजगारीका लागि विदेशिएका छन् । स्वदेशमै भरपर्दो रोजगारी नहुँदा हामी अन्योलमा छौँ", उहाँले भन्नुभयो, "अबको सरकारले रोजगारी सिर्जना गर्छ भन्ने विश्वास छ।"रासस

# समानुपातिकतर्फ ५१ दलले कटाएनन् 'थ्रेस होल्ड'

काठमाण्डु । प्रतिनिधिसभा सदस्य निर्वाचनअन्तर्गत समानुपातिकतर्फको मतगणना सकिएसँगै निर्वाचनमा भाग लिएकामध्ये ५१ दलले थ्रेस होल्ड (संसद्मा प्रतिनिधित्वका लागि राजनीतिक दलले ल्याउनुपर्ने न्यूनतम मतको सीमा) भन्दा कम मत प्राप्त गरेका छन्।

यही फागुन २१ गते सम्पन्न निर्वाचनमा समानुपातिक प्रणालीतर्फ संयुक्त निर्वाचन चिह्नसहित कूल ५७ दलले भाग लिएकामा छ दलले संसद्मा प्रवेश पाउने अवस्था देखिँदा ५१ दलले न्यूनतम मत सीमा कटाएका छैनन्।

समानुपातिक निर्वाचन प्रणालीअन्तर्गत खसेको मतमध्ये कुल सदर मतको कम्तीमा तीन प्रतिशत प्राप्त गरेका दललाई मात्रै सिट बाँडफाँट गरिने व्यवस्था रहेको निर्वाचन आयोगले जनाएको छ। सम्पूर्ण देशलाई एक निर्वाचन क्षेत्र मानी दललाई मत दिने र प्रत्येक दलले प्राप्त गरेको कुल मत सत्‌्याको अनुपातमा त्यस्तो दलको तर्फबाट प्रतिनिधित्व गर्ने उम्मेदवार प्रतिनिधिसभाको सदस्यमा निर्वाचित हुने कानुनी व्यवस्था रहेको निर्वाचन आयोगका सहप्रवक्ता कुलबहादुर जिसीले जानकारी दिनुभयो।

उहाँका अनुसार समानुपातिकतर्फ एक करोड सात लाख ३९ हजार ११५ सदर मत गणना भएकामा राष्ट्रिय स्वतन्त्र पार्टीले ५१ लाख ३९ हजार २३५ सहित अग्रता हासिल गरेको छ। नेपाली कांग्रेसले १७ लाख ४९



हजार ५८३, नेपाल कम्युनिष्ट पार्टी (एमाले) ले १४ लाख चार हजार ८५४, नेपाली कम्युनिष्ट पार्टी (नेकपा)ले आठ लाख पाँच हजार ७७३, श्रम संस्कृति पार्टीले तीन लाख ७८ हजार ६४९ र राष्ट्रिय प्रजातन्त्र पार्टीले तीन लाख २९ हजार ४७२ मत हासिल गरेका छन्। यी बाहेकअन्य दलले थ्रेस होल्ड कटाउन नसकेका उहाँले बताउनुभयो।

न्यूनतम मत सीमा नकटाउने दलमा जनमत समाजवादी पार्टी (जसपा) नेपालको एक लाख ७४ हजार ३१७, राष्ट्रिय परिवर्तन पार्टीको एक लाख ७१ हजार ५०१, जनमत पार्टीले ७९ हजार, एकल चिह्न चकिया (जाँतो, राष्ट्रिय मुक्ति पार्टी नेपाल, जनता समाजवादी पार्टी, नागरिक उन्मुक्ति पार्टी, नेपाल)ले ६१ हजार ६७७, नेपाल मजदुर किसान पार्टीले ४२ हजार २४६, राष्ट्र निर्माण दल नेपालले ३८ हजार ९३३, राष्ट्रिय जनमोर्चाले २९ हजार ४४२, एकल चिह्न बस (नेपाल सङ्घीय समाजवादी पार्टी, बहुजन एकता पार्टी नेपाल, नेपाल जनता संरक्षण पार्टी)ले २८ हजार १७८, प्रगतिशील लोकतान्त्रिक पार्टीले २४ हजार ६१७, नेपाल कम्युनिष्ट पार्टी (माओवादी)ले २३ हजार ८५१, मङ्गोल नेशनल अर्गनाइजेशनले २० हजार ८०६, एक चिह्न मोबाइल (आम जनता पार्टी, जनादेश पार्टी नेपाल)ले १३ हजार ४४५ मत प्राप्त गरेका आयोगका सहप्रवक्ता जिसीले जानकारी दिनुभयो।

त्यसैगरी राष्ट्रिय मुक्ति आन्दोलन नेपालले १० हजार ६९५, संयुक्त नागरिक पार्टीको ९८०, स्वाभिमान पार्टीको आठ हजार १३२, राष्ट्रिय जनमुक्ति पार्टीको सात हजार २०७, नेपाल जनता पार्टीको सात हजार १५३, राष्ट्रिय एकता दलको सात हजार ५०, नेपाल कम्युनिष्ट पार्टी (मार्क्सवादी-लेलिनवादी) ले छ हजार १६२, राष्ट्रिय गौरव पार्टीले पाँच हजार २४१, नेशनल रिपब्लिक नेपालले पाँच हजार १५७, नेपालका लागि नेपाली पार्टीले पाँच हजार सात, नेपाल कम्युनिष्ट पार्टी मार्क्सवादी (पुष्पलाल)ले चार हजार ८२३, सङ्घीय लोकतान्त्रिक राष्ट्रिय मञ्चले चार हजार ६६८, नेपाल कम्युनिष्ट पार्टी (संयुक्त) ले चार हजार ५०८, राष्ट्रिय ऊर्जा पार्टी नेपालले चार हजार ३१२, समाजवादी पार्टी नेपालको चार हजार २४८, गतिशील लोकतान्त्रिक पार्टीले चार हजार २४८ प्राप्त गरेका छन्।

नेपाल लोकतान्त्रिक पार्टीले चार हजार १००, नेपाल मातृभूमि पार्टीले दुई हजार ९७२, राष्ट्रिय जनता पार्टी नेपालको दुई हजार ९२५, बहुजन शक्ति पार्टी नेपालको दुई हजार २६६, नेपाल जनमुक्ति पार्टीले दुई हजार १६२, जनअधिकार पार्टीले दुई हजार १०५, नेपाल सद्भावना पार्टीले दुई हजार १५ मत प्राप्त गरेका आयोगका सहप्रवक्ता जिसीले जानकारी दिनुभयो।

पिपुल फष्ट पार्टी, नेपाली कांग्रेस (बिपी), नागरिक शक्ति नेपाल, नेपाल जनश्रमदान संस्कृति पार्टी, नेपाली जनता दल, समावेशी समाजवादी पार्टी, जनता लोकतान्त्रिक पार्टी नेपाल, एकल चिह्न जगर भएको सिंह (सचेत नेपाली पार्टी, नागरिक सर्वोच्चता पार्टी नेपाल) र जनप्रिय लोकतान्त्रिक पार्टीले दुई हजारभन्दा कम मत प्राप्त गरेका उहाँले बताउनुभयो।

पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीअन्तर्गतको कुनै निर्वाचनमा मतदान गरिएको जम्मा सदर मतको दश प्रतिशतभन्दा कम सदर मत पाउने उम्मेदवारको धरौटी जफत हुन्छ । निर्वाचित उम्मेदवारको हकमा यो कुरा लागू नहुने आयोगले जनाएको छ । समानुपातिक निर्वाचन प्रणालीअन्तर्गतको निर्वाचनमा कुनै दलले कम्तीमा एक सिट प्राप्त नगरेमा त्यस्तो दलले राखेको धरौटी जफत हुने व्यवस्था रहेको आयोगका सहप्रवक्ता जिसीले जानकारी दिनुभयो।

उहाँका अनुसार राजनीतिक दलसम्बन्धी ऐन, २०७३ बमोजिम प्रतिनिधिसभा सदस्य निर्वाचनमा समानुपातिक निर्वाचन प्रणालीतर्फ कम्तीमा तीन प्रतिशत मत र पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ एक सिट प्राप्त गर्ने दलले मात्र राष्ट्रिय दलको रूपमा मान्यता प्राप्त गर्नेछन् ।रासस

# फेक 'रेस्क्यु'मा संलग्न शेर्पा पक्राउ

काठमाण्डु । नेपाल प्रहरीले फेक 'रेस्क्यु'मा संलग्न एक जनालाई पक्राउ गरेको छ।

प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले नेपालको उच्च हिमाली क्षेत्रमा पदयात्राका क्रममा स्वास्थ्य समस्यामा परेका विदेशी पर्यटकको उद्धार गरेको देखाई बिमा रकम दाबी गरी ठगी गर्ने सिन्धुपाल्चोक सोलु दूधकुण्ड नगरपालिका-१ का ५० वर्षीय पासाङ शेर्पालाई आज पक्राउ गरेको हो ।ब्युरोका प्रवक्ता, प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) शिवकुमार श्रेष्ठले पदयात्राका क्रममा स्वास्थ्य समस्यामा परेका विदेशी पर्यटकको उद्धार गरेको देखाइ बिमा रकम दाबी गरेको आरोपमा शेर्पालाई पक्राउ गरेको जानकारी दिनुभयो।

पक्राउ शेर्पाले पानोरमा हिमालय ट्रेकिङ एण्ड एक्स्पिडिसन



प्रालिमार्फत नक्कली कागजात बनाई बिमा रकम ठगी गरेको अनुसन्धानमा खुलेको प्रवक्ता श्रेष्ठले बताउनुभयो। प्रहरीले यसअघि पनि फेक रेस्क्युमा संलग्न भएको आरोपमा १० जना पर्यटन व्यवसायी तथा अस्पतालको सञ्चालकलाई पक्राउ गरिसकेको छ।

प्रहरीले अन्तरराष्ट्रिय क्षेत्रमा नेपालको राष्ट्रिय स्वाभिमान, प्रतिष्ठा र गरिमामा आँच आउने कार्य गरे गराएकाले मुलुकी अपराध संहिता २०७४ को दफा ५१ राष्ट्रहित प्रतिकूल काम गर्न नहुने समेतको कसुर तथा सङ्गठित अपराध निवारण ऐन, २०७० अनुसारको कसुरमा संलग्न भएको आरोपमा पक्राउ गरेको हो । पक्राउ परेका शेर्पालाई जिल्ला अदालत काठमाडौँबाट म्याद थप गरी अनुसन्धान भइरहेको ब्युरोले जनाएको छ ।रासस

**मधेश प्रदेश सरकार**

**गृह, सञ्चार तथा कानमा मन्त्रालय**

## आमसन्चार प्राधिकरण

## सूची दर्ता गराउने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८२/११/२८**

यस आमसञ्चार प्राधिकरणको आ.व.२०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार मधेश प्रदेश लोककल्याणकारी विज्ञापन व्यवस्थापन (पहिलो संशोधन कार्यविधी, २०८१ बमोजिम लोककल्याणकारी विज्ञापन कार्यक्रम सञ्चालन गर्नुपर्ने भएकोले मिति २०८२/१०/१४ गतेको प्राधिकरण बोर्डको निर्णय अनुसार लोककल्याणकारी विज्ञापन प्रस्तुत गर्ने ईच्छुक पत्रपत्रिका, एफ.एम. रेडियो, टेलिभिजन र अनलाईन सञ्चरमाध्यमहरु २०८२/१२/१२ गते कार्यालय समय भित्र सूचीकृत गराउन यस कार्यालयमा तपसिलका आवश्यक कागजात सहित अनुसूची २ फाराम भरी पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

**आवश्यक कागजातहरू:**

१. प्रचलित कानून बमोजिम संस्था र सञ्चारमाध्यमको दर्ता प्रतिलिपी।
२. मिडिया काउन्सिल वा अन्य आधिकारिक निकायबाट बर्गिकरणमा परेको प्रमाणित आधार पत्र पत्रिकाको हकमा मात्रै।
३. संस्था नविकरण भएको प्रमाण, आयकर PAN नम्बर र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी।
४. एफ. एम. रेडियो र टेलिभिजनको हकमा इजाजत पत्र, लाइसेन्स नविकरण भएको, नयाँको हकमा कम्तिमा एक वर्ष देखी नियमित प्रशारणमा रहेको।
५. अनलाइन सञ्चारमाध्यमको हकमा नियम अनुसार दर्ता भई कम्तिमा एक वर्ष पूरा भई महिनामा कम्तिमा ६० वटा समाचार अपडेट भएको हुनुपर्ने।
६. अनुसुची २ फाराम भरेको तथा प्रचलित ऐन कानून पालना गरेको स्वघोषणा । (अनुसुची २ फाराम र स्वघोषणा मिडिया काउन्सिलको वेब साईट https://mediacouncil.madhesh.gov.np/ बाट डाउनलोड गर्न सकिने छ।)

**नोट:** ईमेल aamsancharpradhikaran@gmail.com मा कागजात पठाउँदा प्राप्त भए नभएको भनी मो.न.९८५४०२७४१३ र ९८५४०२१९६० मा फोन गरी दर्ता नं. लिन जानकारी गराइन्छ । लोककल्याणकारी विज्ञापनका लागि योग्य मानिएका आमसञ्चारहरुको सूची कार्यालले पछि सार्वजनिक गर्ने छ।

**नि: प्रशासकीय प्रमुख**

# निमन्त्रणामा निस्कियो पशुपति क्षेत्र विकास कोषको समूह

काठमाण्डु। उपत्यकाका विभिन्न स्थानमा वत्सलेश्वरी पार्वतीको जात्राको निमन्त्रणा गर्न पशुपति क्षेत्र विकास कोषको समूह पशुपति क्षेत्रबाट हिँडेको छ।

प्रत्येक वर्ष चैत्र कृष्ण अष्टमीका दिन पशुपतिका भट्टले नेतृत्व गरी उपत्यकाका विभिन्न भागमा जात्राको निमन्त्रणा गर्ने गरिन्छ। दु : दु : च्याँ च्याँ भनिने जात्रामा उपत्यकाका मुख्य देवदेवी एवं स्थानीयवासीलाई जात्रा हेर्न आउनु भनी निमन्त्रणा दिने लिच्छविकालदेखिको परम्परा रहेको कोषका सूचना अधिकारी अनिता भट्टले बताउनुभयो । जात्रामा आमाको दूध खाने बालबालिका पनि हेर्न आउनु भनी निमन्त्रणा गरिने भएकाले दु : दु : च्याँ च्याँ भन्ने गरिएको हो। निमन्त्रणका लागि वाग्मती पारि बस्नुहुने पशुपतिनाथका भट्ट श्रीरामकारान्तर भट्ट पनि सहभागी हुनुभएको छ। आर्यघाट जाने बाटोस्थित वत्सलेश्वरी मन्दिर परिसरबाट सुरु हुने





जात्रा पशुपति क्षेत्रका सबै टोलमा घुमाउने परम्परा रहेको कोष अमालकोट कचहरीका द्वारे रामकृष्ण डङ्गोलले राससलाई बताउनुभयो । जात्राअघि बज्रेश्वरी, वत्सलेश्वरी, आकाशभैरव, पशुपति क्षेत्रका नौ शक्तिपीठलगायत स्थानमा देशोद्धार पूजा सम्पन्न गरिन्छ। पूजा सम्पन्न गरी बज्रेश्वरी जात्रा सुरु गरिन्छ। बज्रेश्वरी जात्रा समापन हुनेबित्तिकै वत्सलेश्वरीको जात्रा आरम्भ हुन्छ।

वत्सलेश्वरी जात्रा तीन दिनसम्म मनाइन्छ। चैत्र शुक्ल द्वितीयाका दिन सिन्दुर जात्रा गरी वत्सलेश्वरी जात्रा समापन गरिन्छ । मुलुकमा शान्ति होस् भन्ने कामनाले पूजा एवं जात्रा गरिएकाले दूध खाने बालक पनि यो जात्रा हेर्न आउँछन् भन्ने विश्वास पशुपति क्षेत्रमा गरिन्छ। देशोद्धार पूजा र जात्रामा चार थरका मानिस प्रत्यक्ष रूपमा संलग्न हुने गरेका छन्। उपाध्याय, वैद्य, डङ्गोल र सङ्गत गरी चार थर प्रत्यक्ष रूपमा सहभागी हुने गरेको पशुपति क्षेत्रको जात्राका विषयमा विद्यावारिधि शोध गरिरहनुभएका कोषका पूर्वकर्मचारी वरुण खतिवडाले जानकारी दिनुभयो। रासस

जनकपुर टुडे





अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# चुनौतीको चांग

प्रतिनिधि सभाको चुनावबाट अप्रत्याशित सफलता पाएको राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)का अगाडि चुनौतीको चांग लागेको छ । रास्वपाले अपेक्षा गरेको भन्दा बढी सिट चुनावमा जितेको छ । रास्वपाले जितेको सिट दुई तिहाई नै पुगेको भन्दा पनि हुन्छ । समानुपातिक मतगणना सम्पन्न भएपछि जोडिने सिटले रास्वपाको संख्या दुई तिहाइ पुग्ने देखिएको छ । प्रमुख प्रतिपक्षी दल हुने नेपाली कांग्रेसको संख्या ४० पनि रहने छैन । नेकपा एमाले र नेपाली कम्युनिष्ट पार्टी( नेकपा) को संख्या पनि न्यून छ । संसदमा नेकपाका संयोजक प्रचण्ड बाहेक अन्य दलका प्रभावशाली मानिने अथवा शीर्ष नेताहरुको उपस्थिति रहने छैन । रास्वपाबाट प्रधानमन्त्रीको उम्मेदवार प्रस्ताव गरिएको बालेन साहले वाचा गरेका सबै विषय अब पूरा गर्नुपर्ने छ । संसदमा बहुमत भएन, दुई तिहाइ पुगेन भनेर समस्या पञ्छाउने अवस्था छैन । विगतमा रास्वपाले प्रदेश संरचना खारेज गर्ने घोषणा नै गरेको थियो । पहिलो पटक रास्वपा चुनावमा जाँदा प्रदेश सभामा उम्मेदवारी दिएको थिएन । प्रदेश संरचनाको विषयमा देशभरि नै दुई धार छ । एउटा प्रदेश संरचनालाई संस्थागत गरी कानुनी रुपमा सबल बनाउने र अर्को त्यसलाई खारेज गरी दुई तहको सरकार मात्र राख्ने धार छ । रास्वपा प्रदेश सरकारलाई हटाउने पक्षमा रहे पनि चुनाव प्रचारको क्रममा वरिष्ठ नेता बालेन साहले प्रदेश संरचनालाई अधिकार दिएर सबल र सशक्त बनाउने धारणा व्यक्त गरेका थिए । प्रदेश संरचना खारेज गर्ने पक्षमा सरकार गए त्यसको सशक्त विरोध हुन सक्ने बलियो सम्भावना छ । संसदमा नपुगेका दलहरु पनि प्रदेश संरचनालाई सबल बनाउनुपर्ने माग सहित सडकमा उत्रन सक्छ । राज्यको सेवा प्रवाहलाई पारदर्शी र चुस्त बनाउने घोषणालाई कार्यान्वयन गर्न पनि सहज देखिदैन । विभिन्न संघसंगठनहरु खोलेर कर्मचारीहरु राजनीति गरिरहेका छन् । संघसंगठनहरु खारेज गर्न पनि सरकारलाई चुनौती छ । शिक्षामा देखिएको बेथिति हटाउन पनि कम्ती चुनौती छैन । शिक्षकहरुले पनि विभिन्न संघसंगठनहरु खोलेका छन् । शिक्षामा पालिका र संघीय सरकारबीच अधिकारको समस्या छ । स्वास्थ्यको अवस्थापनि राम्रो छैन । सरकारले लागु गरेको स्वास्थ्य बीमा पनि अस्तव्यस्त बनेको छ । देशमा भ्रष्टाचार र ढिलासुस्तीको कारण आमनागरिकलाई कठिनाइ भइरहेको छ। देशमा बजेट खर्च भए पनि उपलब्धि व्यक्तिलाई भइरहेको छ । यी र यस्ता थुप्रै चुनौतीहरुलाई रास्वपा सरकारले सामना गर्नुपर्ने देखिन्छ। राजनीतिमा जेन-जी पुस्ताको बात भए पनि कर्मचारी लगायतको क्षेत्रमा पनि जेन- जी पुस्ताको समस्यालाई सम्बोधन गर्नुपर्नेछ। विकास निर्माणको नयाँ खाका कोर्नु सरकारको अर्को चुनौती छ । संसदमा विपक्षी दलहरु अत्यन्त कमजोर रहेको र सत्तापक्षसित दुई तिहाइ बहुमत रहेको कारण सरकारले काम गर्न नसकेको कुनै कारण देखाउने अवस्था छैन । अपार बहुमतले सरकारलाई सबै चुनौतीको सामना गर्ने क्षमता प्रदान गरेकोले किन्तु परन्तु भन्ने स्थान छैन ।

# बालेन कति शक्तिशाली साबित होलान?



डा.केदार कार्की

नेपालमा लोकतन्त्र उत्साहजनक गतिमा विकास भइरहेको छ। एक दशक लामो रक्तपातपूर्ण माओवादी विद्रोह र त्यसपछिको राजनीतिक अस्थिरता पछि, नेपालले २०१५ मा नयाँ संविधान अपनायो। नयाँ संविधान भेदभाव र पूर्वाग्रहले भरिएको छ भन्ने आलोचनाको बाबजुद, विशेष गरी मधेश क्षेत्रमा बसोबास गर्ने मानिसहरू विरुद्ध, नेपालको निर्वाचित संसदले आफ्नो पाँच वर्षे कार्यकाल पूरा गर्यो। यद्यपि, यी पाँच वर्षमा सरकारमा परिवर्तन पनि देखियो। राजनीतिक इतिहासलाई विचार गर्दा, सरकारमा आएको यो परिवर्तनले अस्थिरतामा योगदान पुर्‍याउँदै विगत १५ वर्षमा नेपालले हासिल गरेको महत्वपूर्ण उपलब्धिहरूलाई कमजोर पार्न सक्दैन। दक्षिण एसियाका केही देशहरू सरकार र सरकारी प्रणालीहरूको पतनसँग अगाडि बढ्न संघर्ष गरिरहेका बेलाकुरूप आन्तरिक शक्ति संघर्ष र राजनीतिक दल परिवर्तन नेपालमा मात्र सीमित नभए पनि, नेपालमा हालै भएका चुनावहरूले लोकतन्त्रको लागि महत्त्वपूर्ण संकेतहरू प्रदान गर्दछ।

नयाँ चुनावी जनादेशले देशको लामो समयदेखि प्रभावशाली राजनीतिक दलहरूलाई ठूलो धक्का दिएको छ, जसले दशकौंदेखि राष्ट्रिय राजनीतिको केन्द्रमा रहेका शक्तिहरूमाथि जनताको विश्वासको तीव्र क्षयलाई प्रतिबिम्बित गर्दछ।

नेपाली कांग्रेस, नेकपा-एमाले, नेपाली कम्युनिष्ट पार्टी (एनसीपी) र धेरै मधेसी दलहरू जस्ता प्रमुख दलहरू चुनावी परिणामहरूमा उल्लेखनीय रूपमा घटेको देखिन्छ।

चुनावी परिणामहरूले राजनीतिक प्रणालीलाई हल्लाएको छ र वर्षौंदेखि राष्ट्रिय राजनीतिमा प्रभुत्व जमाइरहेका दलहरूबाट मतदाताहरू किन टाढा गए भन्ने प्रश्नहरू उठाएको छ। पहिलो-निर्वाचित-पद र समानुपातिक प्रतिनिधित्व प्रणाली दुवैको लागि आउँदै गरेको नतिजाले राष्ट्रिय स्वतन्त्र पार्टी (आरएसपी) ले भारी बहुमत जितेको देखाउँछ।

चुनावी परिणामहरूले शासन, भ्रष्टाचार काण्डहरू, र धेरै मतदाताहरूले नेताहरूको सानो समूह बीच शक्ति बाँडफाँडको संस्कृतिको रूपमा के बुझ्छन् भन्ने कुरासँग वर्षौंदेखि संचित निराशालाई प्रतिबिम्बित गर्दछ। नयाँ आरएसपीको लागि यो अत्यधिक समर्थन यस्तो समयमा आएको छ जब नेपालको संविधान संशोधन गर्ने आवश्यकतामाथि तातो बहस चलिरहेको छ, किनकि आलोचकहरूले लामो समयदेखि तर्क गर्दै आएका छन् कि देशको मिश्रित निर्वाचन प्रणालीले विरलै एउटै दलले बहुमत प्राप्त गर्छ, जसले गर्दा राजनीतिक अस्थिरता निम्त्याउँछ।

परम्परागत दलहरूसँग बढ्दो असन्तुष्टि वर्षौंको राजनीतिक अस्थिरता र शासन चिन्ताबाट उत्पन्न हुन्छ। स्थापित नेताहरू बीच निरन्तर शक्ति संघर्ष - जसलाई प्रायः सरकार गठनको "संगीत कुर्सी" भनिन्छ - भ्रष्टाचार काण्ड, दण्डहीनता, सरकारी संस्थाहरूको राजनीतिकरण र बढ्दो सार्वजनिक मोहभंगले पुराना दलहरूमाथिको विश्वासलाई कमजोर बनाएको छ।

यद्यपि, परम्परागत दलका नेताहरूको दाबी छ कि सूचना प्रविधिको विस्तार र सामाजिक सञ्जालको प्रभावले पनि जनमत परिवर्तन गरेको छ। उनीहरूका अनुसार, सामाजिक सञ्जालमा भाइरल सामग्री - प्रायः अत्यधिक आलोचनात्मक वा अपमानजनक - ले पुराना दलहरूको छविलाई थप क्षति पुर्‍याएको छ।

चुनावी नतिजाहरू लामो समयदेखि दबाइएको सार्वजनिक निराशाको परिणाम हुन्। "१५ देखि २० वर्षसम्म, तीन प्रमुख दलका नेताहरूले सत्ताको 'संगीत कुर्सी' खेले। यस अवधिमा, ठूला भ्रष्टाचार काण्डहरू भए, दण्डहीनता दिइयो, र राजनीतिकरणको माध्यमबाट सरकारी संस्थाहरूलाई कमजोर पारियो।

नेताहरूले आफ्ना साथीहरूलाई जोगाउँदै विपक्षीहरूलाई जेल हाले। मानिसहरू यसबाट दिक्क थिए, र मतदाताहरू लामो समयदेखि विकल्प खोजिरहेका थिए। अब अवसर थियो।

केही राजनीतिक नेताहरूले सुझाव दिएका छन् कि भूराजनीतिक कारकहरूले आरएसपीको उदयमा भूमिका खेलेको हुन सक्छ। चुनावी नतिजाले मतदाताहरूको आफ्नै प्राथमिकताहरू प्रतिबिम्बित गर्दछ। पूर्व-पश्चिम भूराजनीतिक दृष्टिकोणबाट नतिजा हेर्नु आवश्यक छैन। नागरिकहरूले आफ्नै निर्णय लिन सक्छन्। समाजमा संरचनात्मक परिवर्तन र सूचनामा बढ्दो पहुँचले परम्परागत दलहरूमा विश्वासलाई उल्लेखनीय रूपमा बढाएको छ।

जानकारीका स्रोतहरू बढेका छन्, र अब लगभग सबैसँग मोबाइल फोन छ। पहिले मानिसहरूले कुनै विशेष भिडियो मन पराउने गर्थे, एल्गोरिदमले बारम्बार उस्तै सामग्री देखाउँछन्। यसले लामो छलफल र विस्तृत विश्लेषणको लागि धैर्यता घटाएको छ। चुनावी नतिजाहरू जेन जेड आन्दोलनले सिर्जना गरेको राजनीतिक वातावरणबाट प्रभावित भएका थिए, जसले चुनाव अघि जवाफदेहिता र सुधारको लागि बलियो माग उठाएको थियो।

वर्षौंसम्म, कांग्रेस, एमाले र माओवादीहरू सरकारको बीचमा आलोपालो गर्दै आए। विपक्षमा हुँदा, तिनीहरूले सरकारको आलोचना गरे। सत्तामा आएपछि, तिनीहरू सहयोगी बने, तर पछि फेरि एकअर्काको विरुद्धमा गए। यो ढाँचाले सबै राजनीतिक दलहरूको विश्वसनीयतालाई क्षति पुर्‍यायो।

नेपाली कांग्रेसले मतदान अघि आफ्नो नेतृत्व र नीतिहरूमा परिवर्तन गरेर जनरल जेड विद्रोहको प्रतिक्रिया दिने प्रयास गर्‍यो। एउटा ठूलो कदममा, १९९१ देखि नेतृत्वमा रहेका तत्कालीन राष्ट्रपति शेरबहादुर देउवालाई हटाइयो।

पार्टी भित्रबाट विरोध भए पनि, नयाँ केन्द्रीय कार्यसमितिले जनवरीको दोस्रो हप्तामा आयोजित विशेष महाधिवेशनमा गगनकुमार थापालाई अध्यक्षमा निर्वाचित गर्‍यो। पार्टीले यी परिवर्तनहरूले चुनाव अघि नयाँ सन्देश दिने आशा गरेको थियो। यद्यपि, पार्टीले यी सुधारहरूलाई प्रभावकारी रूपमा मतदाताहरूलाई सम्बोधन गर्न असफल भयो। गलत जानकारी र गलत सूचनाले धेरै मतदाताहरूको निर्णयलाई प्रभाव पार्‍यो। कांग्रेस पार्टीको परिवर्तनको सन्देश जनतासम्म पुग्न असफल भयो। चुनावी नतिजाले पार्टीको पुरानो संरचना कमजोर भएको देखाउँछ। यस चुनावले मतदाताहरूको सोचमा परिवर्तन स्पष्ट रूपमा देखाएको छ। तिनीहरू अब कुनै विशेष राजनीतिक दलप्रति वफादार छैनन्। पार्टीका पुराना गढहरूले अब यसको चुनावी विजयको ग्यारेन्टी गर्दैनन्। राजनीतिक संगठनहरू भत्किरहेका छन्। पाठ स्पष्ट छः दलहरूले जनताको दैनिक जीवनमा ठोस परिणामहरू मार्फत जनताको विश्वास जित्नुपर्छ।



आरएसपी २०२२ को आम चुनाव हुनुभन्दा छ महिना अघि मात्र दर्ता भएको थियो, तर त्यसपछि यो वैकल्पिक शक्तिबाट द्रुत गतिमा प्रमुख दलमा परिणत भएको छ। काठमाडौँका पूर्व मेयर बालेन्द्र शाह, जसलाई बालेन भनेर चिनिन्छ, पार्टीमा हालै प्रवेश गरेको र उनको नेतृत्वबाट बढ्दो जनताको अपेक्षाले ठूलो समर्थनलाई बढावा दिएको छ।

यस पटक नेपालका युवा मतदाताहरूमाझ बालेन शाहको लोकप्रियता द्रुत गतिमा बढेको थियो । यस चुनावमा उनलाई प्रमुख कारक मानिएको थियो। भ्रष्टाचार विरोधी, पारदर्शी राजनीति र नवीन सोचको आफ्नो एजेन्डाका साथ, उनले मानिसहरूलाई, विशेष गरी युवाहरू र पहिलो पटक मतदाताहरूलाई आकर्षित गरे।नेपालको राजनीतिको पुरानो राजनीतिक युग पूर्ण रूपमा परिवर्तन हुँदै गएको देखिन्छ। मानिसहरू पुरानो राजनीतिक संस्थापनलाई त्यागेर नयाँ, आशावादी नेतालाई अँगाल्न तयार छन्। देशको युवा, नयाँ पुस्तामाझ, र्‍यापर बालेन शाह नेपालको लागि एक नायकको रूपमा देखा परेका छन्। युवाहरूले उनीबाट धेरै अपेक्षा राखेका छन्। उनी आजको जेन-जेडका लागि प्रेरणाको स्रोत हुन्।

यस पटक, नेपालका जनता आफ्नो देशमा ठूलो राजनीतिक परिवर्तन खोजिरहेका थिए। उनीहरूले तीन वर्षअघि गठन भएको बालेन शाहको पार्टीलाई नेपालमा सत्ता लिन सर्वसम्मतिले मतदान गरे। यदि बालेन प्रधानमन्त्री बने भने, उनी नेपालको मात्र नभई एसियाकै सबैभन्दा कान्छो प्रधानमन्त्री बन्नेछन्।

नेपालमा नयाँ राजनीतिक व्यक्तित्वको रूपमा उदाउँदो बालेन शाहले परम्परागत दलीय राजनीतिलाई चुनौती दिएर नजिर स्थापित गरेका छन्। गत वर्ष जेन्जी आन्दोलन पछि नेपालमा यो पहिलो आम चुनाव हो। काठमाडौँ महानगरपालिकाको पूर्व मेयरको रूपमा, उनको पार्टीको विजयले जनता अब पुरानो राजनीतिक संरचनाबाट अलग भएर नयाँ र स्वतन्त्र नेतृत्वलाई मौका दिन तयार भएको संकेत गरेको छ। इन्जिनियर, र्‍यापर र सामाजिक कार्यकर्ताको रूपमा परिचित बालेन शाह मुख्यतया आफ्नो स्वच्छ छवि, तीक्ष्ण निर्णय लिने क्षमता र प्रणाली परिवर्तन गर्ने उनको वाचाका कारण लोकप्रिय छन्।

नेपालमा संसदीय लोकतन्त्र छ, जसको संसदमा दुई सदनहरू छन्ः तल्लो सदन, प्रतिनिधि सभा, र माथिल्लो सदन, राष्ट्रिय सभा। प्रतिनिधि सभा भारतको लोकसभा जस्तै मानिन्छ। यस सन्दर्भमा, नेपालमा उनको पार्टीको संसदीय चुनावको नतिजाले देशको राजनीतिमा ठूलो परिवर्तनको संकेत गर्दछ। नेपालले धेरै समयदेखि युवाहरूमाझ बढ्दो राजनीतिक सक्रियता देखेको छ। गत वर्षको जेन जेड आन्दोलनपछि यो देशमा पहिलो आम चुनाव हो, जसले तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीलाई राजीनामा दिन बाध्य पारेको थियो र संसदीय सभा विघटन गरेको थियो।

मेयर बनेपछि, बालेन शाहले अचानक काठमाडौँमा अतिक्रमण हटाउन, अराजक शहरी पूर्वाधार सुधार गर्न र प्रशासनिक पारदर्शिता ल्याउन वाचा अनुसार धेरै कदम चालेका थिए। यी निर्णयहरूले उनलाई सामान्यबाट प्रमुखमा परिणत गरे। यी सबैको सबैभन्दा महत्त्वपूर्ण पक्ष भनेको बालेन शाह कुनै पनि प्रमुख राजनीतिक दलसँग आबद्ध नभए पनि स्थापित नेताहरूलाई पराजित गरेर सत्ता प्राप्त गरे। यो परिवर्तनले नेपालको राजनीतिमा नयाँ मानसिकताको संकेत गर्छ। अब, प्रश्न उठ्छः यदि उनी नेपालमा एक व्यक्तित्व बने भने, प्रधानमन्त्री बनेमा उनीसँग कति वास्तविक शक्ति हुनेछ?

स्थानीय निकायको प्रमुखको रूपमा, उनको शक्ति सीमित थियो, र धेरै प्रमुख निर्णयहरू प्रान्तीय वा केन्द्रीय सरकारको स्तरमा गरिन्छ। यस्तो परिस्थितिमा, उनका योजनाहरू प्रायः नोकरशाही वा राजनीतिक कलहमा अल्भिन्छन्। यही कारणले गर्दा, उनको लोकप्रियताको बावजुद, प्रणालीको जटिलताले महत्त्वपूर्ण चुनौती खडा गर्छ। तैपनि, बालेन शाहको सबैभन्दा ठूलो शक्ति जनताको विश्वास हो। यदि उनले आफ्नो काम र पारदर्शी प्रशासन मार्फत उनीहरूको विश्वास कायम राखे भने, उनको राजनीतिक भूमिका काठमाडौँमा मात्र सीमित रहने छैन। भविष्यमा, उनले नेपालको राष्ट्रिय राजनीतिमा पनि प्रभावशाली भूमिका खेल्न सक्छन्।

बालेन शाह नेपालको राजनीतिमा उदाउँदो सबैभन्दा प्रमुख युवा अनुहारहरू मध्ये एक हुन्। पेशाले इन्जिनियर र पहिले लोकप्रिय र्‍यापर, शाहले २०२२ को काठमाडौं महानगरपालिकाको मेयर चुनाव जितेर परम्परागत राजनीतिक दलहरूलाई चकित पारे। उनको जितलाई युवा आशा र भ्रष्ट राजनीति विरुद्धको जनआक्रोशको प्रतीकको रूपमा हेरिएको थियो। प्रश्न यो छ कि मेयर बनेपछि उनी कति प्रभावकारी भएका छन्?

बालेन शाहको कार्यकाल आक्रामक र प्रतीकात्मक उपायहरूबाट सुरु भयो। उनले शहरमा अवैध अतिक्रमण र सुकुम्बासीहरू विरुद्ध बुलडोजर अभियान सुरु गरे, असंख्य भवन र संरचनाहरू हटाइदिए। सार्वजनिक जग्गा खाली गर्नु र शहरलाई सुव्यवस्थित गर्नु उद्देश्य थियो।

बालेन शाहको कार्यकाल पनि विवादहरूले घेरिएको थियो। धेरैले अतिक्रमण हटाउने उपायहरूको आलोचना गरे, तिनीहरूलाई कठोर र असंवेदनशील भने, किनकि यसले साना व्यवसाय र गरिबहरूलाई असर गर्‍यो। सडक किनारका विक्रेताहरूमाथि गरिएको कारबाही र शहर प्रहरीले बल प्रयोग गरेको आरोपले पनि आलोचना निम्त्यायो। मानव अधिकार संस्थाहरूले यो कदमलाई गरिबहरूको जीविकोपार्जनमा असर पार्ने भनेर आलोचना गरे। यसबाहेक, प्रशासनिक द्वन्द्व, कर्मचारी तलब विवाद र केही परियोजनाहरूको अपूर्णताले पनि उनको कार्यशैलीमाथि प्रश्न उठायो। सम्भवतः बालेन शाहको सबैभन्दा ठूलो उपलब्धि भनेको काठमाडौंको राजनीतिमा नयाँ ऊर्जा र जवाफदेहिता जगाउनु थियो। उनले शहर प्रशासनले पनि दृढताका साथ काम गर्न र राजनीतिक दबाबबाट स्वतन्त्र निर्णय लिन सक्छ भन्ने सन्देश दिए।

नेपाल र भारतबीचको सम्बन्धको प्रश्न केवल व्यक्तिगत नेताहरूको व्यक्तिगत विचारको विषय मात्र होइन, नेपाल र भारतबीचको ऐतिहासिक, सांस्कृतिक र आर्थिक सम्बन्धको पनि विषय हो। यद्यपि, हालैका वर्षहरूमा, काठमाडौँ महानगरपालिकाको मेयरको रूपमा बालेन शाहको सक्रियता र स्पष्टवक्ता शैलीले यस विषयमा नयाँ ध्यान ल्याएको छ।

नेपाल र भारतको सम्बन्ध शताब्दीयौं पुरानो छ। खुला सीमा, सांस्कृतिक समानता, धार्मिक विश्वास र व्यापार अन्तरनिर्भरताले दुई देशलाई प्राकृतिक साझेदार बनाउँछ। फलस्वरूप, भारतको बारेमा काठमाडौँका मेयर बालेन शाहको बयान र अडानले स्वाभाविक रूपमा ध्यान आकर्षित गर्छ। बालेन शाह प्राविधिक पृष्ठभूमि र परम्परागत राजनीतिबाट अलग छवि भएका युवा नेता हुन्। उनले काठमाडौँमा अवैध निर्माण, अतिक्रमण र प्रशासनिक सुधारहरू विरुद्ध कडा कारबाही गरेका छन्। यो स्पष्टवक्ता शैलीका कारण, उनका अभिव्यक्तिहरूले कहिलेकाहीं भारत-नेपाल सम्बन्धको बारेमा छलफल सुरु गर्छन्।

वास्तवमा, भारत र चीनबीचको सन्तुलन नेपाली राजनीतिमा समय-समयमा बहसको विषय बनेको छ। बालेन शाहले प्रायः राष्ट्रिय गौरव र नेपालको स्वतन्त्र नीतिको बारेमा पनि बोलेका छन्। यो दृष्टिकोण नेपालका युवाहरूको एक वर्गमा पनि लोकप्रिय छ, जो नेपालले आफ्नै हितमा आधारित निर्णय गरोस् भन्ने चाहन्छन्। यद्यपि, यो पनि सत्य हो कि भारत-नेपाल सम्बन्ध केवल राजनीतिक मात्र होइन, जनता-जनताको सम्बन्ध पनि हो।

भारतमा लाखौं नेपालीहरू काम गर्छन्, र दुई देशहरू बीचको व्यापार र यात्रा अत्यन्तै सहज छ। त्यसैले, कुनै पनि नेताले राष्ट्रिय हितसँगै यी ऐतिहासिक सम्बन्धहरूको संवेदनशीलता बुझ्नु आवश्यक छ। बालेन शाह जस्ता युवा नेताहरूले नेपालको विकास र आत्मसम्मानलाई सुदृढ पार्ने अपेक्षा गरिएको छ, साथै छिमेकी देशहरूसँग सहयोग र संवादको लागि खुला बाटोहरू पनि कायम राख्नेछन्। भारत-नेपाल सम्बन्ध प्रतिस्पर्धाको आधारमा होइन, साझेदारीको आधारमा मात्र अगाडि बढ्न सक्छ।

बालेन शाहको राजनीतिले नेपालमा नेतृत्वको नयाँ पुस्ताको उदयको संकेत गर्छ, तर भारत-नेपाल सम्बन्धको बल दुवै देशहरूले पारस्परिक सम्मान, सहयोग र सन्तुलनको नीति अपनाउने कुरामा निर्भर गर्नेछ। यो बाटो क्षेत्रीय स्थिरता र विकासको लागि उत्तम हो।

जेन-जेड आन्दोलनपछि नयाँ राजनीतिक समीकरणहरूको उदय भए पनि, राजनीतिक दलहरू - पुरानो र नयाँ दुवै - बीचको राजनीतिको दृष्टिकोण धेरै हदसम्म उस्तै छ। शक्तिकेन्द्रित राजनीति, संरक्षण र छोटो अवधिको राजनीतिक चालबाजीले अझै पनि राजनीतिक व्यवहारलाई परिभाषित गर्दछ। यो प्रवृत्ति पुराना नेताहरू र नयाँ पुस्ता दुवैमा स्पष्ट छ, जसले गर्दा परिवर्तन वास्तविक भन्दा बढी भाषणबाजीमा सीमित देखिन्छ।

यस कारणले गर्दा, आरएसपीले बालेन शाहको लोकप्रियतालाई पूँजीकृत गर्न चाहे पनि, यसको सबैभन्दा ठूलो चुनौती शाह र लामिछाने बीचको शक्ति संघर्षलाई व्यवस्थापन गर्नु हो, किनकि दुवै लोकप्रिय युवा नेताहरूको एउटै श्रेणीमा पर्छन्। यसैबीच, पुरानो गार्डले अझै पनि परम्परागत राजनीतिमा आशा देख्छ र चुनावमा आफ्नो भोट बैंक कायम राख्न खोजिरहेको छ। मार्चको चुनावपछि नयाँ नेताहरूले फेरि एक पटक पुरानो गार्डसँग गठबन्धन गरेमा आश्चर्यजनक हुनेछैन।

यद्यपि, स्थिर र समृद्ध नेपालको लागि अगाडि बढ्ने बाटो लोकतान्त्रिक संस्थाहरूलाई सुदृढ पार्ने, समावेशी संवाद मार्फत राजनीतिक स्थिरता सुनिश्चित गर्ने र कानूनको शासनलाई कायम राख्ने कुरामा निहित छ। बदलिँदो राजनीतिक परिस्थितिमा जनताको विश्वास पुनः प्राप्त गर्न र देशलाई सही दिशामा डोर्‍याउन आर्थिक सुधार, सुशासन र राष्ट्रिय एकतालाई प्राथमिकता दिनु आवश्यक छ। राजनीतिक दलहरूले आफूलाई सुधार नगरेसम्म र जनताकेन्द्रित दृष्टिकोण अपनाएसम्म यो सम्भव हुने छैन।

उनको सबैभन्दा ठूलो चुनौती भनेको ठूला वाचाहरूलाई संस्थागत र दिगो परिणाममा रूपान्तरण गर्नु सजिलो छैन। शहरको ट्राफिक जाम, फोहोर व्यवस्थापन र शहरी अराजकता जस्ता धेरै समस्याहरू अझै समाधान भएका छैनन्। समग्रमा, बालेन शाहलाई न त पूर्ण असफलता भन्न सकिन्छ न त पूर्ण सफलता। उनले काठमाडौँको राजनीतिमा परिवर्तनको सुरुवात गरेका छन्, तर त्यो परिवर्तनलाई दिगो परिणाममा रूपान्तरण गर्ने परीक्षा हेर्न बाँकी छ यदि उनको ऊर्जा र इमान्दार छविलाई प्रशासनिक अनुभव र संस्थागत सहयोगसँग जोडियो भने, उनी नेपालको राजनीतिमा दिगो परिवर्तनको अग्रदूत बन्न सक्छन्।

# अर्थमन्त्रीमा स्वर्णिमको प्रतिक्षा : अर्थतन्त्रमा बज्ला सम्बृद्धिको घण्टी?



रिसव गौतम

निर्वाचनको प्रचार प्रशारको दौरानमा अर्थशास्त्री डा स्वर्णिम वाग्लेलाई साक्षी राखेर राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवी लामिछानेले 'डाक्टर साब नयाँ बजेटको खाका कोर्न सुरु गर्नुस्' भनेको कुरा जनजनमा गुन्जियो । त्यसैले त होला तनहुँका मतदाताले वाग्लेलाई यसटक पनि भारी मतले जिताए । आफनै निर्वाचन क्षेत्रका उमेदवार अर्थमन्त्री बन्नेछन् भन्ने भएपछि मतदाताले नजिताउन पनि कसरी ?

त्यसैगरी राष्ट्रिय स्वतन्त्र पार्टीले लोकप्रिय युवा एवं काठमाण्डौ महानगरपालिकाका पुर्वमेयर बालेन शाहलाई भावी प्रधानमन्त्रीको रुपमा उभ्याएपछि सिंगै देश घण्टीमय भयो । अर्थात नयाँ गर्छौं भन्ने पात्रहरुसँग देशले धेरै आश गर्यो । त्यसकारण देशभर घण्टी बज्यो ।

बालेन र स्वर्णिम मात्र होइन् देशभर घण्टी बज्नुमा रवीले पुराना दलहरुबाट पाएको सास्ती पनि अर्को कारण हो । भए नभएका मुद्दा मामिलाको उल्झनमा अड्काएर भर्खरै जन्मिएको पार्टीलाई अघि बढ्न नदिने पुरानाहरुको अभिष्ट कालान्तारमा असफल भयो । अर्को, रवीसँग अन्याय, अत्याचार, गरिवी, रोग, भोक र पिडाहरु संगालेर निक्षरो जिवन बाँचेकाहरुको ठुलो आशा देखिन्छ । फलत देशभर बण्टी बज्यो । मतदाताहरुले मुलत यिनै र यस्तै पात्र हेरेर भोट हाले । उसका देश भरका उमेदवारले जित निकाल्न सफल भए । र, उनीहरु प्रश्न गर्ने ठाउँबाट काम गर्ने ठाउँमा पुगे ।

अब जुन हिसावले निर्वाचन पुर्ब राष्ट्रिय स्वतन्त्र पार्टीको अर्थमन्त्री र प्रधानमन्त्री फलानो फलानो हुनेछन् भनेर प्रचार गरियो । त्यही हिसावमा मन्त्रीमण्डल बनोस् भनेर धेरैले चाहेका छन् । अझ देश विकासको महत्वुर्ण बागडोर सम्हाल्ने अर्थमन्त्रीमा प्रचार गरिए जस्तै स्वर्णिम वाग्लेको प्रतिक्षा अर्थतन्त्र र शेयर बजारले गरेको छ ।

सिंगै देशको बजेट बनाउने जिम्मेवारी रहने अर्थ मन्त्रालयमा यसपटक अन्तर्राष्ट्रिय स्तरमा परिचित अर्थशास्त्री तथा रास्वपा नेता स्वर्णिम वाग्ले पुग्दैछन् । विश्वविख्यात भनिएका युर्निभर्सिटीहरुमा पढेका, विश्व बैंक तथा युएनडिपी जस्ता अन्तर्राष्ट्रिय संस्थाहरुमा सल्लाकारको रुपमा काम गरेका वाग्लेलाई पनि काम देखाउने मौका छ । सायद आफै अर्थमन्त्री हुने दिनहरुको प्रतिक्षामा विगतका सरकारहरुलाई उनले खासै गम्भिर सल्लाह दिएनन् । आफैले ठाउँमा पुगेपछि काम गर्नुपर्छ भनेर पनि होला विगतका सरकारहरुलाई आफनो विज्ञताको पोको फुकाएनन् । साह्रै बाठा स्वभावका वाग्ले धेरैजसो अन्तर्राष्ट्रिय अर्थतन्त्र र गतिविधिमा रुची राख्छन् । उनलाई खुद्रा मसिना विषयमा रुची नै छैन भन्दा पनि हुन्छ । खासगरी नेपाली मिडियाहरुमा पनि उनले अर्न्तवाता बाहेक आर्टिकल लेखेनन् । बरु विदेशी मिडियाहरुमा उनको रुची देखिन्छ र तिनैका सर्न्दभहरु कोट्याएका देखिन्छन् । जे होस् उनलाई सामाजिक सञ्जालमा पछ्याउँदा विदेशका विभिन्न फोरमहरुमा नेपालको पक्षमा बोलेका छन् । गम्भिर बौद्धिक बहसहरु गरेका छन् । कतिपय देशहरुको अर्थतन्त्र सुधार गर्न गम्भिर सल्लाह, सुझाव र प्रतिवेदन नै उनले लेखिदिएका छन् । उनलाई नेपालले भन्दा बढी विदेशी विद्धवानहरुले चिन्दछन् । अर्थतन्त्रका यत्तिको ज्ञाता मान्छे नेपालमा अर्थमन्त्री बन्दैछन् । सायद अब उनले आफनो ज्ञान र विज्ञताको पोको फुकाउनेछन् र सलर्क्क नेपाली अर्थतन्त्रको काँचुली फेरिने हिसावको बजेट तथा नीति कार्यक्रम ल्याउनेछन् । अहिलेलाई त्यही आशा गरौं । किनकी वाग्लेले दुनियाँको विकास देखेका छन् । त्यहाँ लागु भएका नीति र कार्यक्रम केलाएका छन् । दुनियाँलाई सुझाव दिएका छन् । अब उनले नेपालको विकास र सम्बृद्धिको चित्र कसरी कोर्नेछन् त्यो हेर्दै जाउला । तर उनलाई रास्वपाले जसरी चुनाब अघि अर्थमन्त्रीको पोश्चर बनाएको थियो । अब दुई तिहाई बहुमत सहित सरकारको नेतृत्व गर्ने रास्वपाले उनलाई अर्थमन्त्रीको रुपमा उभ्याउनै पर्छ । किनकी धेरै लामो समय देखि नेपालको अर्थतन्त्र, शेयर बजार आदीले समकालिन विश्व ब्यवस्था र आधुनिक विकास बुझेको विज्ञ अर्थमन्त्री खोजेको थियो ।

खासगरी नेपाल भुगोलका हिसावले ४० नम्बरको मध्यम स्तरको देशको हो । ३ करोड जनसंख्या भएको विकाशील देशमा उक्लदै गरेको राष्ट्र हो । प्राकृतिक सम्पदा र सँस्कृतिले सम्पन्न देश भएकोले यहाँ मुलत उर्जा र पर्यटन क्षेत्र सम्बृद्धिका मुल कडी हुन् । हिमाल, पहाड र तराइको अनुपम संयोजन रहेको यस देश प्राकृतिक सुन्दरताले भरिपुर्ण छ । कृषि उत्पादन र जडिवुटीको भण्डार रहेको नेपाल विशाल चीन र भारतको बीचमा अवस्थीत छ । त्यसकारण हामीले तरिका जान्ने हो भने हामी हाम्रा वस्तु, सेवाको बजारको दृष्टिकोणले पनि ठुलो बजारको समिप्यमा छौ । बाटो, घाटो, विजुली, खानेपानी, विद्यालय र स्वास्थ्य चौकी जस्ता आधारभुत पुर्वाधारहरुमा समेत देशले निकै प्रगती गरिसकेको अवस्था छ । देशका हरेक सदरमुकाम पीच सडकले जोडिइसकेका छन् । गाउँगाउँ, दुरदराजसम्म पक्की सडकहरु पुगिसकेका छन् । समकालिन नेपालको सबैभन्दा खड्किएको विषय भनेको रोजगारी र उद्यमशीलताको विकास हो । पर्यटनको यथोचित प्रर्बद्धन गर्नुपर्ने विषय हो । विश्वमा अग्ला हिमालहरुमध्ये सगरमाथा सहित १८ अग्ला हिमाल नेपालमै अवस्थीत छन् । हिमाल र हिमाली बसोबास, सँस्कार, सँस्कृति हेर्न नेपाल बाहेक विश्वमा अर्को विकल्प छैन । अग्ला गगनचुम्बी महाभारत पर्वतहरु हेर्न र त्यहाँ पाइने अनेकन प्रजातीका फुल, जनावर हेर्न नेपाल बाहेक अर्को विकल्प छैन । त्यसकारण सुन्दर नेपालको निकै सुन्दर चित्र कोर्ने बेला आएको छ । नेपाललाई मौलिक हिसावको विकास र सम्बृद्धिको उचाइ भर्ने बेला आएको छ । त्यसको ड्राइभर सिटमा स्वर्णिम वाग्लेलाई अर्थमन्त्रीको रुपमा देशले हेर्न चाहेको छ । हाम्रो देशलाई कृत्रिम रुपमा विकसित भनिएका देशहरु जस्तो होइन् रोजगारी र उद्यमले सम्पन्न मौलिक विकासले हराभरा बनाउन जरुरी छ । हामीले आइफल टावर अथवा ब्रुर्ज खलिफा होइन् साँस्कृतिक रुपले सम्पन्न बस्तीहरु बनाउनु छ । किनकी आइफल टावरहरु हाम्रा सगरमाथाका फेदी बराबर पनि होइनन् । ती कुनैपनि कारण ढल्न सक्छन् तर हाम्रो प्रकृतिका देब सगरमाथाहरु कहिल्यै ढल्नेछैनन् ।

**नयाँ सरकारलाई सुझाव**

अब बन्ने सरकारले खासगरी शिक्षा, स्वास्थ्य र रोजगारी अनि ग्रामिण क्षेत्रका आवश्यक पुर्बाधार निर्माणमा जोड दिनुपर्छ । त्यस आलवा २६ वटा जो राष्ट्रिय गौरवका निर्माणाधिन आयोजना छन् ती समयमै सक्नेगरी लाग्नु पर्छ । लगानीका प्लेट फर्महरु शेयर बजार, कम्पनी दर्ता तथा सञ्चालनका सरकारी झन्झट, कर्मचारीहरुको ढिलासुस्ती तथा जनताका स-सना कामहरुमा हुने झन्झटिला प्रावधान शिघ्र रुपमा हटाउनु पर्छ । नीजि क्षेत्र तथा विदेशी लगानीका लागि प्रोत्साहनकारी नीति लिइनु पर्छ । नीतिगत रुपमा अत्यन्त सुन्दर व्यवसायिक वातावरण बनाइनु पर्छ । त्यसैगरी सरकारले २१ प्रतिशत जो गरिवी छ, त्यसलाई ५ बर्षमै शुन्यमा झार्ने लक्ष्य सहित काम गर्नुपर्छ । प्रगतिशिल कर मार्फत धनी र गरिवको खाडल हटाउने र नेपाली अर्थतन्त्रलाई विश्व अर्थतन्त्रसँग जोड्ने गरी काम गर्नुपर्छ । भावी अर्थमन्त्रीले आफ्नो विगतका पहुँच, अनुभवका आधारमा विदेशी लगानी भित्राउन जोड दिनुपर्छ । ५ बर्ष स्थीर सरकार र व्यवसायमैत्री वातावरण खडा गर्ने हो भने पक्कै पनि देशमा सम्बृद्धिका बहार भित्रने छ । त्यसका लागि अर्थमन्त्रीमा रास्वपाका उपसभापति तथा वरिष्ठ अर्थशास्त्री डा स्वर्णिम वाग्लेलाई धेरैले हेर्न चाहेका छन् । विश्व अर्थतन्त्र बुझेका उनले अर्थतन्त्रबारे ठुलठुला प्रवचन दिए अनुसार कत्तिको काम गर्न सक्छन् । नेपाली अर्थतन्त्र कत्तिको बुझेका छन् जनताले अब हेर्नेछन् ।

# 'पश्चिम एसिया घटनाका कारण तत्कालै श्रमिक उद्धार गरिहाल्नुपर्ने अवस्था छैन'

काठमाण्डु । परराष्ट्रमन्त्री बालानन्द शर्माले पश्चिम एसियामा देखिएको तनावले खाडी मुलुकमा कार्यरत श्रमिकलाई तत्कालै उद्धार गरिहाल्नुपर्ने स्थिति नरहेको बताउनुभएको छ ।

परराष्ट्र मन्त्रालयमा बुधबार आयोजित पत्रकार सम्मेलनमा मन्त्री शर्माले युद्ध विस्तारै शान्त हुँदै आएको ' ब्रिफिङ' गर्दै केही हवाई ट्रान्जिटमा रहनुभएका नेपाली नागरिकबाहेक श्रमिकलाई तत्कालै उद्धार गर्नुपर्ने स्थीति नरहेको जानकारी दिनुभयो । "हामीलेसम्बन्धितदूतावासमार्फत नियोगमा बुझेअनुसार तत्कालै अहिलेसम्म सुरक्षित रहेको बताउनुभयो । दुबईमा कार्यरत एक जना नेपालीको मृत्यु भए पनि अहिलेसम्म त्यस्तो जोखिम पूर्ण अवस्थामा श्रमिक नरहेको उहाँले बताउनुभयो ।

युद्धको बाछिटाले १५ जना श्रमिक सामान्य घाइते भएको र अहिले १४ जना उपचारपछि निको भएर काममा फर्किएको उहाँले जानकारी दिनुभयो । उहाँका अनुसार दैनिक दुई/तीन पटक फोन सम्पर्कमार्फत सम्बन्धित नियोगमा नेपाली नागरिकको अवस्थाबारे तथ्याङ्क र सूचना सङ्कलन गर्दै आएको पनि उहाँले बताउनुभयो । "हाम्रा श्रमिक हालसम्म सुरक्षित छन्",



नेपाली नागरिकलाई उद्धार गरिहाल्नुपर्ने अवस्था छैन । हामी चिन्तित हुनुपर्ने स्थीति छैन", मन्त्री शर्माले भन्नुभयो, "तर, ट्रान्जिटमा परेकाहरूको हकमा उद्धार काम भइरहेको छ ।"

नेपाल सरकारले 'इमर्जेन्सी रेस्क्यु' टिमलाई बलियो बनाउने तयारीमा रहेको र भविष्यमा तत्काल उद्धार गर्ने पस्थिति आए तयारी रहने मन्त्री शर्माले जानकारी दिनुभयो । मन्त्रालयले प्राप्त गरेको सूचनाअनुसार अनलाइन फर्ममार्फत असुरक्षित भएको महसुस गर्नेमा पाँच हजार जना छन् ।त्यस्तै, परराष्ट्र मन्त्रालयका सचिव अमृतबहादुर राईले युद्धग्रस्त क्षेत्रमा कार्यरत नेपाली श्रमिक उहाँले भन्नुभयो, "नेपाल फर्किन चाहनेहरूलाई उद्धार गर्दैछौं ।"

त्यस्तै, बहराइनमा युद्ध प्रभावित दुई हजार ६०० जना सेल्टरमा छन् जसमध्ये, चार नेपालीसमेत सुरक्षित रहेको मन्त्रालयको आजको ब्रिफिङमा जानकारी दिइएको छ । पत्रकार सम्मेलनमा मन्त्रालयले १२ दिनदेखि इजराइल अमेरिका र इरानबीचको युद्धको प्रभावले असुरक्षित महसुस गरेका नेपाली नागरिकलाई सुरक्षाको मनोभाव बढाउनसमेत आवश्यक रहेको सचिव राईले बताउनुभयो । मन्त्रालयको तथ्याङ्कअनुसार खाडी मुलुकमा १७ लाख २९ जना नेपाली श्रमिक कार्यरत हुनुहुन्छ ।रासस

# निर्वाचनका लागि स्थापना गरिएका विशेष एकाइ तथा समन्वय केन्द्र बन्द गरिने

काठमाण्डु । निर्वाचन आयोगले यही फागुन २१ गते सम्पन्न निर्वाचनको तयारीका लागि आयोगको केन्द्रीय कार्यालयमा स्थापना गरेका विशेष एकाइ तथा समन्वय केन्द्रहरू बन्द गरेको छ ।

आयोगको मङ्गलबारको निर्णयअनुसारबुधबारदेखिलागूहुनेगरी विशेष एकाइ र केन्द्रहरू बन्द गरिएको सहसचिव एवं प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिनुभयो । प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ लाई लक्षित गरी निर्वाचनको समग्र व्यवस्थापन, सूचना प्रवाह, समन्वय तथा सेवा प्रवाहलाई प्रभावकारी बनाउन आयोगले विशेष एकाइ तथा समन्वय केन्द्रहरू स्थापना गरेको थियो ।

निर्वाचन प्रक्रियासँग सम्बन्धित सूचनाको प्रभावकारी सम्प्रेषण, सरोकार भएका निकायबीच समन्वय तथा मतदाता र सर्वसाधारणलाई आवश्यक जानकारी उपलब्ध गराउने उद्देश्यले आयोगले गत पुस ११ गतेदेखि निर्वाचन सूचना सम्प्रेषण तथा समन्वय केन्द्र (इआइडिसी) स्थापना गरेको थियो । त्यस्तै, मतदाता र



आमसर्वसाधारणका निर्वाचनसँग सम्बन्धित जिज्ञासा सम्बोधनका लागि गत माघ ५ गतेदेखि ' कल सेन्टर' र सुरक्षा निकायबीच सहकार्य तथा निर्वाचन प्रक्रियाको समग्र समन्वयका लागि गत माघ ११ गतेदेखि संयुक्त निर्वाचन सञ्चालन केन्द्र (जेइओसी) सञ्चालनमा ल्याइएकामा मतदान एवं मतगणनाको कार्य सम्पन्न भएपछि आजदेखि लागू हुनेगरी ती एकाइ र केन्द्रहरू बन्द गरिएको उहाँले बताउनुभयो ।

सञ्चालन अवधिभर निर्वाचन सूचना सम्प्रेषण तथा समन्वय केन्द्र मातहतको सूचना सदाचार प्रवर्द्धन एकाइले निर्वाचनसम्बन्धी ९९८ हानिकारक सूचना पहिचान र विश्लेषण गरी सम्बन्धित नियामक निकायमा पठाएको छ । यस्तै केन्द्र मातहतका विद्युतीय मतदाता शिक्षा एकाइले निर्वाचन प्रक्रिया, मतदाता शिक्षा तथा निर्वाचन सचेतनासम्बन्धी श्रव्यदृश्य (भिडिओ) र पोस्टर गरी ७०४ वटा सामग्री निर्माण गरी आयोगको डिजिटल प्लेटफर्मबाट प्रकाशन तथा प्रसारण गरेको छ ।

प्रेस कार्यालयले आयोगका काम कारबाहीको सूचना प्रवाह, सञ्चारमाध्यमसँगको समन्वय र प्रेस ब्रिफिङ, दैनिक पत्रपत्रिकाका सामग्री विश्लेषण, आचारसंहिताविपरीतका सामग्री पहिचान र कारबाहीका लागि सिफारिस तथा मतदाता शिक्षाका सामग्री निर्माण गरेको छ । साथै कल सेन्टरले मतदाता नामावली, मतदाता शिक्षा, निर्वाचन आचारसंहिता तथा निर्वाचन प्रक्रियाका अन्य विषयसमेत गरी आम मतदाताका आठ हजार २२० जिज्ञासाको सम्बोधन गरेको आयोगले जनाएको छ ।

संयुक्त निर्वाचन सञ्चालन केन्द्रले मतपत्र र निर्वाचन सामग्री ढुवानीमा सुरक्षा समन्वय तथा ट्र्याकिङ गर्ने, हवाई ढुवानी कार्ययोजनाको तयारी र कार्यान्वयन एवं समन्वय, मतदान केन्द्रसम्म मतपत्र र निर्वाचन सामग्री ढुवानीको ट्र्याकिङका साथै निर्वाचन सुरक्षासम्बन्धी विभिन्न सूचना सङ्कलन, विश्लेषण, समन्वय र प्रतिवेदनलगायतका काम त्रुटिरहित तवरले सम्पादन गरी निर्वाचन सुरक्षा समन्वय र व्यवस्थापनलाई प्रभावकारी बनाउन सक्रियतापूर्वक कार्यसम्पादन गरेको छ ।

निर्वाचन अवधिमा केन्द्र र मातहतमा रही समन्वय, सूचना व्यवस्थापन तथा सेवा प्रवाहमा प्रत्यक्ष एवं परोक्ष रूपमा संलग्न भएकोमा गृह मन्त्रालय, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल र राष्ट्रिय अनुसन्धान विभाग तथा सम्बन्धित कार्यमा खटिनुभएका विज्ञ तथा सम्पूर्ण कर्मचारीहरूको समर्पण, दक्षता र सक्रियताप्रति आयोगले धन्यवाद तथा आभार व्यक्त गरेको छ ।रासस

# रास्वपा सभापति लामिछानेविरुद्धको मुद्दामा पूर्ण सुनुवाइ हुने




काठमाण्डु । सर्वोच्च अदालतले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानमाथि दायर भएको रिटमाथि पूर्ण सुनुवाइ गर्न आदेश दिएको छ ।

सभापति लामिछानेको सहकारीसम्बन्धी मुद्दा र सम्पत्ति शुद्धीकरणको कसुर संशोधन गरी फिर्ता लिने महान्यायाधिवक्ता कार्यालयको निर्णयविरुद्ध दायर भएको रिटमाथि पूर्ण सुनुवाइ गर्न सर्वोच्च अदालतले आदेश दिएको छ । न्यायाधीशद्वय सपना प्रधान मल्ल र श्रीकान्त पौडेलको संयुक्त इजलासले सो सम्बन्धमा आगामी चैत १ गते पूर्ण सुनुवाइका लागि पेस गर्न आदेश दिएको सर्वोच्च अदालतका प्रवक्ता अर्जुनप्रसाद कोइरालाले जानकारी दिनुभयो ।

आदेशमा भनिएको छ, "यसमा विपक्षीहरुको लिखित जवाफसमेत परिसकेको वा लिखित जवाफ पर्ने म्याद नाघिसकेको र प्रस्तुत रिट निवेदनमा उठाइएको विषयवस्तु हेर्दा तत्काल किनारा लाग्नुपर्ने प्रकृतिको देखिँदा हेर्न नहुनेबाहेक गरी पेसी स्थगित नहुने गरी प्रस्तुत मुद्दामा मिति २०८२/१२/१ गते नै पूर्ण सुनुवाइका लागि पेसी तोकी नियमानुसार पेस गर्नु ।"

महान्यायाधिवक्ता सविता भण्डारीले गत पुस ३० गते सभापति लामिछानेमाथि अदालतमा विचाराधीन अवस्थामा रहेको सहकारी र सम्पत्ति शुद्धीकरणसम्बन्धी मुद्दा संशोधनसहित फिर्ता लिने निर्णय गर्नुभएको थियो । उक्त निर्णयविरुद्ध वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठीसहितका कानुन व्यवसायीले सर्वोच्च अदालतमा रिट निवेदन दायर गर्नुभएको सन्दर्भमा सो आदेश आएको हो ।रासस

# कुष्ठ प्रभावित व्यक्ति माथि गरिने व्यवहार सुधार गर्न आवश्यक : मन्त्री सिन्हा

काठमाण्डु । कानुन, न्याय तथा संसदीय मामिला मन्त्री अनिलकुमार सिन्हाले कुष्ठरोग निवारणयोग्य स्वास्थ्य समस्या भए पनि सामाजिक उपेक्षालगायत व्यवहार सुधार गर्न आवश्यक रहेको बताउनुभएको छ । सोह्रौं अन्तरराष्ट्रिय आत्मसम्मान तथा आदर दिवसका अवसरमा बुधबार आयोजित कार्यक्रममा उहाँले यस रोगप्रतिको नकारात्मक शिक्षा प्रदान गर्ने सामाजिक विकृतिबाट बाहिर निस्कनुपर्ने बताउनुभयो ।

"नेपालको संविधानले सबै नागरिकलाई सम्मानपूर्वक बाच्न पाउने हकको सुनिश्चिता गरेको छ । यस रोगलाई स्वास्थ्यसम्बन्धी समस्या हो भनी उपचारात्मक उपायद्वारा निवारण गर्दै गर्दा यसबाट प्रभावित व्यक्तिको मनोविज्ञानमा नकारात्मक असर हुन नदिनका लागि तथा आर्थिक क्षेत्रमा समेत योगदान पुर्‍याउनसक्ने गरी ज्ञान, सीप र कला तथा शिक्षाको अवसरमा पनि राम्रा कार्यक्रम बनाउनुपर्छ", उहाँले



भन्नुभयो ।नेपाल कानुन समाजका कार्यकारी निर्देशक कृष्णमान प्रधानले कुष्ठरोगसम्बन्धी विभेद देखिएका कानुन संशोधन गरी समाजका अन्य नागरिकसरह ससम्मान बाँच्न पाउने अधिकारका लागि समाजले सरकारसँग मिलेर काम गरिरहेको बताउनुभयो ।

समाजले गरेको एक अध्ययनअनुसार नेपालमा कुष्ठ प्रभावित व्यक्तिको सङ्ख्या दुई लाखको हाराहारीमा रहेको छ । जसमध्ये ३० हजार अपाङ्गता भएको अनुमान गरिएको छ । नेपालले २०६६ साल माघ ५ गते कुष्ठरोगलाई राष्ट्रियस्तरमा जनस्वास्थ्य समस्याबाट निवारण भएको घोषणा गरेको थियो ।नेपालमा कुष्ठ प्रभावित समस्या समाधानका लागि सात दशकदेखि विभिन्न प्रयास भइरहेको छ । आर्थिक वर्ष २०८०/८१ मा मात्रै दुई हजार पाँच सय २२ कुष्ठरोगका नयाँ बिरामी फेला परेका थिए । कुष्ठरोग निवारणका लागि सरकारले राष्ट्रिय कुष्ठरोग रणनीति (२०७८-२०८२) कार्यान्वयनमा ल्याएको छ ।

# निर्वाचन पश्चात् संविधानले सही बाटो समातेको छ : गृहमन्त्री

काठमाण्डु । गृहमन्त्री ओमप्रकाश अर्यालले स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा प्रतिनिधिसभा निर्वाचन सम्पन्न भएकामा केन्द्रीय सुरक्षा समिति, प्रदेश कमाण्ड पोष्ट तथा जिल्ला सुरक्षा समितिका पदाधिकारीहरूलाई धन्यवाद ज्ञापन गर्नुभएको छ ।

गृहसचिव राजकुमार श्रेष्ठ, चारवटै सुरक्षा निकायका प्रमुख, मन्त्रालयका महाशाखा प्रमुखहरू, प्रदेश कमाण्ड पोष्टका पदाधिकारी तथा जिल्ला सुरक्षा समितिका पदाधिकारीहरूको सहभागितामा भर्चुअल माध्यमबाट आज भएको बैठकमा निर्वाचनको समीक्षा गर्दै केन्द्रीय सुरक्षा समिति, प्रदेशको प्रमुख सचिव संयोजक रहने सातै प्रदेशका प्रदेश कमाण्ड पोष्टका पदाधिकारी तथा प्रमुख जिल्ला अधिकारी संयोजक रहने ७७ वटै जिल्लाका जिल्ला सुरक्षा समितिका पदाधिकारीहरूलाई मन्त्री अर्यालले रक्तपातविहीन ऐतिहासिक निर्वाचन सम्पन्न गर्न आ-आफ्नो भूमिका सफलतापूर्वक निर्वाह गरेकामा सबैलाई धन्यवाद ज्ञापन गर्नुभएको हो ।

निर्वाचनपश्चात् संविधानले सही बाटो समातेको र राजनीतिक सुशासनको जग बसालिएको बताउँदै मन्त्री अर्यालले यस ऐतिहासिक उपलब्धिको हिस्सेदार केन्द्रमा रहेर काम गर्नेदेखि फिल्डमा खटिनेसम्म सबै तह र तप्कामा रहेका कर्मचारीहरूको महत्त्वपूर्ण भूमिका रहेको बताउनुभयो । उहाँले सबैको सामूहिक र साझा प्रयासबाट मात्र यस ऐतिहासिक उपलब्धि हासिल गर्न सम्भव भएको उल्लेख गर्नुभयो ।गृहसचिव राजकुमार श्रेष्ठले सबैले आआफ्नो व्यावसायिक निष्ठा कायम गरी असल नियतका साथ फिल्डमा निष्पक्ष भई जिम्मेवारी पूरा गरेकाले अन्तरराष्ट्रिय पर्यवेक्षकबाट उच्च प्रशंसा प्राप्त गर्न सफल भएको बताउनुभयो ।

भर्चुअल बैठकमा सहभागी प्रदेश कमाण्ड पोष्टका पदाधिकारी तथा जिल्ला सुरक्षा समितिका पदाधिकारीहरूले निर्वाचन सुरक्षा व्यवस्थापनमा गरिएको तयारीबारे आआफ्नो क्षेत्रको अनुभव सुनाउनुको साथै विगत ३० वर्षको अवधिमा भएका निर्वाचनभन्दा स्वच्छ, निष्पक्ष, भयरहित र त्रुटिरहित एकैसमयमा एकैपटक निर्वाचन भएको छ ।

# मल अभाव हुन नदिन करिब २५ हजार मेट्रिकटन मल पुनः आयात गरिँदै

काठमाण्डु । कृषि तथा पशुपक्षी विकास मन्त्रालयले चालु आवमा करिब २५ हजार मेट्रिकटन मल आयात गर्ने भएको छ । चालु आवमा चार लाख ६६ हजार मेट्रिकटन मल साल्टट्रेडिङ कर्पोरेशन र कृषि सामग्री कम्पनीमार्फत आयात गरेको मन्त्रालयले मलको अभावलाई कम गर्ने उद्देश्यले २५ हजार मेट्रिकटन मल आयातका लागि पुनः बोलपत्र आह्वान गरेको हो ।

गत वर्षको तुलनामा अन्तरराष्ट्रिय बजारमा मलको मूल्यमा भएको वृद्धिले यस वर्ष ५९ हजार मेट्रिकटन मल आयातमा कमी हुने मन्त्रालयका सूचना अधिकारी महानन्द जोशीले जानकारी दिनुभयो ।

सरकारले मलका लागि अनुदानस्वरूप विनियोजन गरेको रु २८ अर्ब ८२ करोडको बजेटबाट चालु आवमा चार लाख ९१ हजार मेट्रिकटन मल आयातमा हुने मन्त्रालयले



जनाएको छ । बोलपत्र आह्वान गरिएको मलमध्ये केही परिमाण आएको तथा केही परिमाण आयातको प्रक्रिया पूरा गरी आउने क्रममा बाटोमा छ ।

मन्त्रालयले चालु आवमा पाँच लाख ५० हजार मेट्रिक टन रासायनिक मल आयात गर्ने लक्ष्य राखेकामा बजेट अपुग भएपछि वैकल्पिक स्रोत खोजी गरेको थियो । वैकल्पिक स्रोतबाट पनि रकम जुटाउन सकिएको थिएन ।

केही स्थानमा मात्र चैते धानखेती हुने भएकाले सो मल आयात भएपछि किसानलाई उपलब्ध गराउन समस्या नहुने उहाँले जानकारी दिनुभयो । पछिल्लो समय आह्वान गरिएको बोलपत्रअनुसार मल आयात भएपछि चालु आवमा चार लाख ९१ हजार मल वितरण किसानलाई गर्न सकिन्छ । देशभर बजारमा हाल मलको अभाव नरहेकाले किसानलाई खेती तथा बाली लगाउन समस्या नहुने मन्त्रालयले जनाएको छ । कृषि सामग्री कम्पनीले रासायनिक मलको करिब ७० प्रतिशत हिस्सा र साल्टट्रेडिङ लिमिटेडले ३० प्रतिशत हिस्सा आपूर्ति तथा बिक्री गर्दै आएको छ ।

स्वदेशमा रासायनिक मल उत्पादन नहुँदा अन्तरराष्ट्रिय ग्लोबल टेन्डरका माध्यमबाट अन्तरराष्ट्रिय बजारबाट खरिद गर्ने गरिएको छ । मल कलकत्ता, हल्दियालगायत स्थानबाट ल्याइने तथा देशका विभिन्न गोदामस्थल विराटनगर, वीरगञ्ज, भैरहवामा मौज्दात गरी देशभर मागको अनुपातमा आपूर्ति तथा बिक्री गरिन्छ ।

अन्तरराष्ट्रिय बजारबाट विद्युतीय खरिद प्रणाली (इबिडिङ) मार्फत आपूर्ति गर्दा प्रक्रिया लामो भएर समयमा मल उपलब्ध गराउन समस्या हुने गरेको छ ।

विसं २०७८ को कृषिगणनाअनुसार कृषक परिवारमध्ये ७६ प्रतिशत कृषक परिवारले धानबालीमा रासयनिक मल प्रयोग गरेको जनाइएको छ ।रासस


## बलवा नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### बलवा, महोत्तरी

## बोलपत्र स्वीकृत गर्ने आश्य सम्बन्धि सुचना

(प्रकाशित मिति २०८२/११/२८)

प्रस्तुत विषयमा यस न.पा.बाट मिति २०८२/०९/२० गते प्रकासित कृषकको लागि सिंचाई कार्यक्रम ठेक्का नं. Balwa.mun/W/NCB/02/2082-83 को बोलपत्र सम्बन्धी सूचना अनुसार प्राप्त हुन आएका बोलपत्रहरु मध्ये बोलपत्र मुल्यांकन समितिको प्रतिवेदन बमोजिम श्री आरोही डिप बोरिंग उद्योग जनकपुरधाम-१४, धनुषाले कबोल गरेको बखत बाहेक कबोल रकम रु.९७०६०००.०० सबैभन्दा न्युनतम मूल्यांकित एबम सारभूत रुपले प्रभावग्राही कायम भएकोहुदा सार्वजनिक खरीद ऐन २०६३ को नियम २७ को उपनियम ३ को प्रयोजनार्थ सम्बन्धित सबैमा जानकारीको लागि यो सुचना प्रकासित गरिएको छ ।

**प्रमुख प्रशासकिय अधिकृत**



## धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको १५ दिने सूचना

प्रकाशित मिति : २०८२/११/२८ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस विकास बैंकको शाखा कार्यालय सिमरा, बाराबाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको ऋण कर्जा वापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई वेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ । धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ । बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ । सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन् । बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ । उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं । अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन । उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ ।

| बोलपत्र दर्ता गर्ने अन्तिम मिति | बोलपत्र खोलिने मिति/समय |
| --- | --- |
| २०८२/१२/१२ गते/स्थान : शाखा कार्यालय सिमरा, बारा | २०८२/१२/१५ गते, आइतबार दिनको ३ बजे |

| क्र.सं. | शाखा कार्यालय : सिमरा, बारा | |
| --- | --- | --- |
| | **ऋणीको नाम, ठेगाना** | |
| १. | नाम : सुमित्रा वस्नेत (उप्रेती)<br>ना.प्र.नं. २०५७८, जि.प्र.का. बारा, जारी मिति : २०६३/०२/१८<br>पतिको नाम : राजेन्द्र उप्रेती, ससुराको नाम : नरेन्द्र उप्रेती<br>ठेगाना : बारा जिल्ला, जितपुर सिमरा उ.म.न.पा. वडा नं. २ | |
| | **जमानतकर्ताको विवरण** | |
| | १. नाम : सविता घिमिरे<br>ना.प्र.नं. ३११००९/४२४२९, जि.प्र.का. मकवानपुर<br>जारी मिति : २०६३/१२/१५<br>पतिको नाम : विनोद उप्रेती<br>ससुराको नाम : नरेन्द्र कुमार उप्रेती<br>ठेगाना : मकवानपुर जिल्ला, आमभनजयाड वडा नं. ५<br>हाल : बारा जिल्ला, निजगढ वडा नं. ७ | २. नाम : नरेन्द्र कुमार उप्रेती<br>ना.प्र.नं. २३३७२३८, जि.प्र.का झापा<br>जारी मिति : २०३५/०९/१३<br>बाबुको नाम : प्रभाखर उप्रेती<br>बाजेको नाम : दशरथ उप्रेती<br>ठेगाना : झापा जिल्ला, घैलाडुब्वा वडा नं. ४<br>हाल : बारा जिल्ला, निजगढ वडा नं. ७ |
| | ३. नाम : विनोद उप्रेती<br>ना.प्र.नं. १५३३३, जि.प्र.का. बारा<br>जारी मिति : २०६१/०६/०७<br>बाबुको नाम : नरेन्द्र कुमार उप्रेती<br>बाजेको नाम : प्रभाखर उप्रेती<br>ठेगाना : बारा जिल्ला, निजगढ वडा नं. ७ | ४. नाम : राजेन्द्र उप्रेती<br>ना.प्र.नं. ६८७५, जि.प्र.का. बारा<br>जारी मिति : २०५७/१२/१४<br>बाबुको नाम : नरेन्द्र उप्रेती<br>बाजेको नाम : प्रभाखर उप्रेती<br>ठेगाना : बारा जिल्ला, जितपुर सिमरा उ.म.न.पा. वडा नं. २ |
| | **धितोको विवरण** | |
| | १. विनोद उप्रेतीको नाममा मालपोत कार्यालय सिमरा, बारामा दर्ता श्रेष्ता कायम रहेको बारा जिल्ला, पिप्रा सिमरा गा.वि.स. वडा नं. २ स्थित कित्ता नं. ६९५२ को क्षेत्रफल ०-०-६-१४ (बिघा) भएको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।<br>२. सविता घिमिरेको नाममा मालपोत कार्यालय सिमरा, बारामा दर्ता श्रेष्ता कायम रहेको बारा जिल्ला, पिप्रा सिमरा गा.वि.स. वडा नं. २ स्थित कित्ता नं. ६८८३ को क्षेत्रफल ०-०-१२-१२ (बिघा) भएको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।<br>३. सुमित्रा वस्नेत (उप्रेती) को नाममा मालपोत कार्यालय सिमरा, बारामा दर्ता श्रेष्ता कायम रहेको बारा जिल्ला पिप्रा सिमरा गा.वि.स. वडा नं. २ स्थित कित्ता नं. ६८७४ र ६९६८ को क्षेत्रफल क्रमशः ०-०-१७ र ०-०-११-८ (बिघा) भएको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | |

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय : का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : सिमरा, बारा, फोन नं. ०५३-५२१८५६
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

# तेल भण्डार प्रयोग गर्न जी-७ तयार




एएफपी

पेरिस । मध्यपूर्वमा जारी युद्धका कारण कच्चा तेलको मूल्य तीव्र रूपमा बढ्न थालेपछि जी-७ देशका ऊर्जा मन्त्रीहरूले बजार स्थिर बनाउन आवश्यक परे रणनीतिक तेल भण्डार प्रयोग गर्नेसम्मका 'सबै आवश्यक कदम' चाल्न तयार रहेको बताएका छन् । अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सी (आइइए) सँग समन्वय गर्दै ऊर्जा आपूर्ति सुरक्षित राख्ने र मूल्यवृद्धि नियन्त्रण गर्ने उपायमा उनीहरू सहमत भएको जनाइएको छ । फ्रान्सको अध्यक्षतामा रहेको जी-७ समूहका ऊर्जा मन्त्रीहरूले बुधबार जारी गरेको संयुक्त विज्ञप्तिमा ऊर्जा बजारमा देखिएको अस्थिर अवस्थालाई ध्यानमा राख्दै सक्रिय कदम चाल्ने तयारी गरिएको उल्लेख गरिएको छ। विज्ञप्तिमा रणनीतिक तेल भण्डारको प्रयोगलाई समेत सम्भावित उपायका रूपमा समर्थन गरिएको छ ।

फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोनले पनि मध्यपूर्वमा युद्धका कारण देखिएका आर्थिक प्रभावबारे छलफल गर्न जी-७ देशका नेताहरूको भिडियो सम्मेलन बोलाउने तयारी गरिएको जानकारी दिनुभयो । उक्त बैठकमा ऊर्जा आपूर्ति र तेल बजारको अवस्थाबारे विशेष रूपमा छलफल हुने अपेक्षा गरिएको छ ।यसअघि मङ्गलबार पेरिसस्थित अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सीका सदस्य राष्ट्रहरूले आपतकालीन बैठक गर्दै आपूर्ति सुरक्षाको अवस्थाबारे समीक्षा गरेका थिए । मध्यपूर्व युद्धका कारण विश्व ऊर्जा बजारमा परेको असर मूल्याङ्कन गर्नुका साथै आवश्यक परे आपतकालीन तेल भण्डार सार्वजनिक गर्ने सम्भावनाबारे पनि छलफल गरिएको थियो ।

जी-७ ऊर्जा मन्त्रीहरूले आफ्नो विज्ञप्तिमा जी-७ सदस्य राष्ट्रहरू, आइइएका सदस्य देशहरू तथा अन्य साझेदारहरूसँग घनिष्ठ समन्वय जारी रहेको बताएका छन् । उनीहरूका अनुसार आइइए सदस्य राष्ट्रहरूसँग मिलेर आवश्यक परे सबै उपायहरू लागू गर्न तयार रहने सहमति भएको छ ।

साथै जी-७ सदस्यहरूले जारी छलफलबाट आउने सिफारिसहरूलाई सावधानीपूर्वक विचार गर्ने पनि उल्लेख गरिएको छ ।तर फ्रान्सका अर्थमन्त्री रोलान्ड लेस्क्योरले हालसम्म कुनै औपचारिक निर्णय भने नभएको बताउनुभएको छ। उहाँका अनुसार ऊर्जा आपूर्ति सुरक्षित राख्नका लागि विश्व बजारमा स्पष्ट सन्देश पठाउन आवश्यक रहेको छ ।

लेस्क्योरका अनुसार यदि होर्मुज जलडमरूमध्य खुला राख्न सम्भव नभए अन्य स्रोतबाट आउने तेलमार्फत विश्व बजारमा आपूर्ति कायम राखिने प्रयास गरिनेछ । उहाँले यस्तो सन्देशले बजारमा देखिएको अनिश्चितता कम गर्न मद्दत पुग्ने विश्वास व्यक्त गर्नुभयो ।यसैबीच वाल स्ट्रिट जर्नलले मङ्गलबार प्रकाशित गरेको रिपोर्टमा आइइएले युद्धका कारण बढ्दै गएको तेल मूल्य नियन्त्रण गर्न इतिहासकै ठूलो परिमाणमा तेल भण्डार सार्वजनिक गर्ने प्रस्ताव गरेको उल्लेख गरेको छ । उक्त प्रस्ताव सन् २०२२ मा रुसले युक्रेनमाथि आक्रमण गरेपछि आइइए सदस्य राष्ट्रहरूले जारी गरेको १८ करोड २० लाख ब्यारेल तेलभन्दा ठूलो हुन सक्ने बताइएको छ ।


आइइएले भने यसबारे एएफपीको टिप्पणी अनुरोधलाई तत्काल प्रतिक्रिया दिएको छैन ।गत महिनाको अन्त्यमा अमेरिका र इजरायलले इरानमाथि आक्रमण सुरु गरेपछि कच्चा तेलको बजारमा तीव्र उतारचढाव देखिएको छ । त्यसको जवाफमा इरानले तेलसम्पन्न खाडी क्षेत्रका लक्ष्यहरूमा आक्रमण गर्नुका साथै विश्व ऊर्जा आपूर्तिका लागि अत्यन्त महत्वपूर्ण मानिने होर्मुज जलडमरूमध्यलाई प्रभावकारी रूपमा अवरुद्ध गरेको बताइएको छ ।

राष्ट्रपति म्याक्रोनले यसै साता जी-७ देशहरूले आवश्यक परे आपतकालीन तेल भण्डार प्रयोग गरेर तेल मूल्यमा हुने अत्यधिक वृद्धिको सामना गर्न सक्ने सम्भावनाबारे सङ्केत गर्नुभएको थियो ।यस विषयमा जी-७ अर्थमन्त्रीहरूले सोमबार छलफल गरेका थिए भने मङ्गलबार ऊर्जा मन्त्रीहरूबीच पनि बैठक भएको थियो ।वाल स्ट्रिट जर्नलको रिपोर्टपछि तेल बजार केही स्थिर हुन थालेको छ । बुधबार एसियाली सेयर बजारहरूमा पनि त्यसको सकारात्मक प्रभाव देखिएको छ ।

हाल आइइए सदस्य राष्ट्रहरूसँग करिब एक अर्ब २० करोड ब्यारेल सार्वजनिक आपतकालीन तेल भण्डार रहेको छ । यसका अतिरिक्त सरकारी निर्देशनअनुसार उद्योग क्षेत्रले राखेको करिब ६० करोड ब्यारेल तेल भण्डार पनि उपलब्ध छ ।

सन् १९७३ को विश्वव्यापी तेल सङ्कटपछि प्रमुख आपूर्ति अवरोधको अवस्थामा समन्वित प्रतिक्रिया दिन पेरिसमा आधारित अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सी स्थापना गरिएको थियो ।ऊर्जा सुरक्षा सुनिश्चित गर्न आइइएले आफ्ना सदस्य राष्ट्रहरूलाई कम्तीमा ९० दिनको शुद्ध तेल आयात बराबर आपतकालीन तेल भण्डार राख्नुपर्ने व्यवस्था गरेको छ ।

# अमेरिकी हतियार सारिए पनि उत्तरको खतरा रोक्न सकिन्छ : सियोल



एएफपी

सियोल । मध्यपूर्वमा बढ्दो युद्धका कारण अमेरिकाले दक्षिण कोरियामा तैनाथ आफ्ना केही सैन्य उपकरण त्यहाँ सार्न सक्ने समाचार सार्वजनिक भइरहेका बेला सियोलले आफ्नो सुरक्षा व्यवस्थामा कुनै कमजोरी नआउने दाबी गरेको छ। दक्षिण कोरियाको रक्षा मन्त्रालयले बुधबार यस्तो सम्भावित कदम भए पनि उत्तर कोरियाबाट आउने खतरा रोक्ने क्षमतामा कुनै समस्या नपर्ने स्पष्ट पारेको हो ।

दक्षिण कोरियाको प्रमुख सुरक्षा साझेदार अमेरिका करिब २८ हजार ५०० सैनिकसहित त्यहाँ स्थायी रूपमा तैनाथ छ । यी सैनिकसँगै विभिन्न हवाई तथा मिसाइल रक्षा प्रणालीहरू पनि दक्षिण कोरियामा राखिएका छन्, जसले उत्तर कोरियाको सम्भावित आणविक तथा ब्यालेस्टिक मिसाइल आक्रमणलाई रोक्न सहयोग गर्ने उद्देश्य राख्छन् ।

अमेरिकी पत्रिका द वासिङ्टन पोस्टले यसै साता अमेरिकी अधिकारीहरूलाई उद्धृत गर्दै अमेरिकाले आफ्नो टर्मिनल हाई अल्टिच्युड एरिया डिफेन्स (थाड) प्रणालीका केही अंश दक्षिण कोरियाबाट मध्यपूर्वतर्फ सार्ने तयारी गरिरहेको खबर सार्वजनिक गरेको थियो । इरानसँग सम्बन्धित बढ्दो तनाव र युद्धको अवस्थालाई ध्यानमा राख्दै उक्त सैन्य सम्पत्ति सार्न लागिएको हुन सक्ने अनुमान गरिएको छ ।

तर दक्षिण कोरियाको रक्षा मन्त्रालयले यस्तो रिपोर्टको प्रत्यक्ष पुष्टि भने गर्न अस्वीकार गरेको छ। मन्त्रालयले एएफपीलाई दिएको विज्ञप्तिमा केही अमेरिकी सैन्य सम्पत्ति विदेशमा पुनःतैनाथ भए पनि समग्र सैन्य क्षमताको हिसाबले उत्तर कोरियाको सम्भावित आक्रमणलाई रोक्ने आफ्नो प्रतिरोधी अवस्थामा कुनै कमजोरी नआउने जनाएको छ ।

विज्ञप्तिमा संयुक्त राज्य सेनाको कोरियास्थित बल (युएसएफके) सँग अझै पनि पर्याप्त सैन्य क्षमता रहेको र यसका आधारमा उत्तर कोरियाको जोखिम नियन्त्रण गर्न सकिने उल्लेख छ । त्यसैले सीमित सैन्य उपकरण स्थानान्तरण भए पनि सुरक्षा व्यवस्थामा ठूलो प्रभाव नपर्ने सियोलको दाबी छ ।थाड मिसाइल रक्षा प्रणाली छोटो, मध्यम तथा मध्यवर्ती दूरीका ब्यालेस्टिक मिसाइललाई अवरोध गर्न डिजाइन गरिएको आधुनिक प्रणाली हो । यसले ' हिट-टु-किल' प्रविधि प्रयोग गरेर आक्रमणकारी मिसाइललाई सीधै ठोक्किएर नष्ट गर्ने क्षमता राख्छ ।

यो प्रणाली सन् २०१७ मा दक्षिण कोरियामा स्थापना गरिएको थियो । यस प्रणालीले क्षेत्रीय सामरिक सन्तुलन बिगार्ने चिन्ता व्यक्त गर्दै त्यसबेला उक्त निर्णयको चीनले तीव्र विरोध गरेको थियो ।दक्षिण कोरियाका राष्ट्रपति ली जे म्युङले भने अमेरिकी सैन्य सम्पत्ति सारिने खबरप्रति आफ्नो सरकार सन्तुष्ट नभएको सङ्केत गर्नुभएको छ । यद्यपि वास्तविकता भने फरक रहेको र यस विषयमा सियोलको निर्णय क्षमता सीमित रहेको उहाँले स्वीकार गर्नुभएको छ ।

मङ्गलबार राष्ट्रपति लीले युएसएफकेले आफ्नै सैन्य आवश्यकताका कारण केही हवाई रक्षा हतियार फिर्ता लिएको विषयमा सरकार असन्तुष्ट रहेको बताउनुभएको थियो । तर उहाँले दक्षिण कोरियाले आफ्ना सबै धारणा पूर्ण रूपमा कार्यान्वयन गर्न नसक्ने कठोर यथार्थ पनि रहेको उल्लेख गर्नुभयो ।यसैबीच, दक्षिण कोरियाको सरकारी समाचार संस्था योन्हापले गत साता खिचिएको र मङ्गलबार सार्वजनिक गरिएको एउटा तस्वीरबारे रिपोर्ट गरेको छ । उक्त तस्वीरमा सियोलबाट करिब २२० किलोमिटर दक्षिणतर्फ रहेको सेओङ्गजु काउन्टीमा रहेको थाड ब्याट्रीका केही भाग हटाइएको वा भत्काइएको देखिएको बताइएको छ ।

राष्ट्रपति कार्यालयका एक अधिकारीले भने सैन्य सम्पत्ति पुनःतैनाथ सम्बन्धी विषयमा सार्वजनिक रूपमा टिप्पणी गर्नु उचित नहुने बताएका छन् । उनले यस्तो विषय अत्यन्त संवेदनशील हुने भएकाले मिडियामा आउने अनुमानित समाचारप्रति सावधानी अपनाउनुपर्ने बताए ।उनका अनुसार सैन्य रूपमा संवेदनशील विषयमा आधारित अनुमानित रिपोर्टहरूले देशको सुरक्षा चासोमा असर पार्न सक्छन् । साथै यस्ता समाचारले दक्षिण कोरियाको प्रमुख मध्यपूर्वी देशहरूसँगको सम्बन्धलाई पनि अनावश्यक रूपमा प्रभावित पार्ने जोखिम रहने उनले उल्लेख गरेका छन् ।

# युद्धबीच पनि इरानलाई विश्वकपमा स्वागत : ट्रम्प



एएफपी

लुसाने । मध्यपूर्वमा जारी युद्धका कारण अन्तर्राष्ट्रिय खेलकुदमा इरानको सहभागिताबारे प्रश्न उठिरहेका बेला अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आगामी फुटबल विश्वकपमा इरानको राष्ट्रिय टोलीलाई स्वागत गरिने बताउनुभएको छ । विश्व फुटबलको सर्वोच्च निकाय फिफाका अध्यक्ष जियानी इन्फान्टिनोले यस्तो जानकारी दिनुभएको हो ।

फेब्रुअरी २८ मा अमेरिका-इजरायलको आक्रमणपछि सुरु भएको युद्धका कारण क्यानाडा, मेक्सिको र संयुक्त राज्य अमेरिकाले संयुक्त रूपमा आयोजना गर्ने यस वर्षको पुरुष फुटबल विश्वकपमा इरानको सहभागिता अनिश्चित हुने चर्चा चलिरहेको छ । तर प्रतियोगिताको तयारीबारे भएको बैठकमा इरानको अवस्थाबारे पनि छलफल भएको फिफा अध्यक्ष इन्फान्टिनोले बताउनुभयो ।

इन्फान्टिनोले सामाजिक सञ्जाल इन्स्टाग्राममा लेख्दै बैठकका क्रममा ट्रम्पले इरानी टोलीलाई अमेरिकामा आयोजना हुने प्रतियोगितामा प्रतिस्पर्धा गर्न स्वागत गरिएको कुरा दोहोऱ्याउनुभएको उल्लेख गर्नुभयो ।

डिसेम्बरमा फिफाले स्थापना गरेको 'फिफा शान्ति पुरस्कार' ट्रम्पलाई प्रदान गरेका इन्फान्टिनोले यस टिप्पणीमार्फत पहिलो पटक मध्यपूर्वमा भइरहेको युद्धको सन्दर्भमा विश्वकपमा इरानको सहभागिताबारे सार्वजनिक रूपमा चर्चा गर्नुभएको हो ।यद्यपि ट्रम्पको पछिल्लो टिप्पणी गत हप्ता पोलिटिकोसँग गरेको अभिव्यक्तिसँग भने फरक देखिएको छ । पोलिटिकोलाई दिएको अन्तर्वार्तामा ट्रम्पले इरान विश्वकपमा खेल्छ कि खेल्दैन भन्ने विषय आफूलाई खासै महत्त्वपूर्ण नभएको बताउनुभएको थियो ।ट्रम्प पुनः ह्वाइट हाउस फर्किएपछि इन्फान्टिनो र उहाँबीचको सम्बन्ध अझ नजिक भएको बताइन्छ । इन्फान्टिनो ट्रम्पको उद्घाटन समारोहमा समेत सहभागी हुनुभएको थियो ।

यसैबीच इरानको फुटबल महासङ्घले भने आफ्नो राष्ट्रिय टोलीको विश्वकप सहभागिताबारे शङ्का व्यक्त गरेको छ । इरानका फुटबल महासङ्घका अध्यक्ष मेहदी ताजले मङ्गलबार राज्य टेलिभिजनसँग कुरा गर्दै वर्तमान परिस्थितिमा टोलीलाई प्रतियोगितामा पठाउने विषय कठिन हुन सक्ने सङ्केत दिनुभयो । उहाँले प्रश्न उठाउँदै भन्नुभयो, "यदि विश्वकपको अवस्था यस्तो नै रह्यो भने सही सोच भएको कसैले आफ्नो राष्ट्रिय टोलीलाई त्यहाँ कसरी पठाउन सक्छ ?"विश्वकप प्रतियोगिता तीन देशमा आयोजना हुने भए पनि इरानले समूह चरणका सबै तीन खेल संयुक्त राज्य अमेरिकामै खेल्ने तालिका छ । तीमध्ये दुई खेल लस एन्जलसमा र एउटा सियाटलमा हुने तय गरिएको छ ।

यदि इरानले प्रतियोगिताबाट नाम फिर्ता लिएमा सन् १९५० मा ब्राजिलमा भएको विश्वकप फाइनलबाट फ्रान्स र भारतले नाम फिर्ता लिएपछि यस्तो घटना पहिलो पटक हुनेछ ।यता अस्ट्रेलियामा जारी महिला एसियाली कपका क्रममा पनि इरानी टोलीसँग सम्बन्धित विवाद उत्पन्न भएको छ । मङ्गलबार प्रतियोगितामा सहभागी इरानी महिला फुटबल टोलीका केही खेलाडीहरूले शरण मागेका छन् ।

एक खेलअघि राष्ट्रिय गान नगाएको भन्दै राज्य टेलिभिजनबाट आलोचना भएपछि टोलीका केही सदस्यहरूले अस्ट्रेलियामा बस्ने प्रयास गरेका थिए ।

कप्तान जह्रा घनबारीसहित पाँच खेलाडी रातको समयमा टोली बसेको होटलबाट निस्केर अस्ट्रेलियाली अधिकारीहरूसमक्ष शरण माग्न पुगेका थिए ।स्थानीय सञ्चारमाध्यमका अनुसार टोलीका कम्तीमा दुई सदस्यले भोलिपल्ट बसोबासका लागि आवेदन दिएका थिए । तर अस्ट्रेलियाका गृहमन्त्री टोनी बर्कले बुधबार तीमध्ये एक खेलाडीले पछि आफ्नो निर्णय परिवर्तन गरेको जानकारी दिनुभयो ।

# इरानको नयाँ आक्रमण, तेल बजारमा तनाव



एएफपी

तेहरान । मध्यपूर्वमा जारी युद्धका बीच इरानले बुधबार इजरायल र खाडी क्षेत्रका लक्ष्यहरूतर्फ नयाँ आक्रमण सुरु गरेको छ। साउदी अरबको तेल क्षेत्रसमेत लक्षित भएको बताइँदै गर्दा विश्व ऊर्जा बजारमा उत्पन्न अस्थिरता नियन्त्रण गर्न ठूलो परिमाणमा तेल भण्डार सार्वजनिक गर्ने प्रस्तावसम्बन्धी खबरहरूले बजारलाई केही हदसम्म शान्त बनाउने प्रयास भइरहेको छ ।

अमेरिका र इजरायलले इरानमाथि गरेको आक्रमणपछि सुरु भएको युद्ध अहिले क्षेत्रभर फैलिएको छ । यसको प्रभाव ऊर्जा बजारदेखि दैनिक जनजीवनसम्म पुगेको छ। कतिपय स्थानमा इन्धनको राशनिङ सुरु भएको छ भने विद्यालयहरू समेत बन्द भएका छन् ।

युद्धको आर्थिक असर, विशेषगरी ऊर्जा आपूर्तिको अवस्थाबारे छलफल गर्न जी-७ देशका नेताहरू बुधबार भिडियो सम्मेलनमार्फत बैठक बस्ने तयारीमा छन् । यसैबीच अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सीले इतिहासकै ठूलो परिमाणमा तेल भण्डार सार्वजनिक गर्ने प्रस्तावबारे निर्णय गर्ने सम्भावना रहेको वाल स्ट्रिट जर्नलले जनाएको छ ।

संयुक्त राज्य अमेरिकाले मङ्गलबार होर्मुज जलडमरूमध्यमा बारुदी सुरुङ बिछ्याउन सक्ने क्षमता राख्ने इरानका जहाजमाथि प्रहार गरेको जनाएको छ । अमेरिकी सेनाले सार्वजनिक गरेको भिडियोमा इरानी डुङ्गाहरू ध्वस्त पारिएको देखिएको बताइएको छ । अमेरिकाका अनुसार विश्वको झण्डै पाँचौँ भाग तेल ओसारपसार हुने यस जलमार्ग नजिकै १६ वटा माइन बिछ्याउने जहाज नष्ट गरिएको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सामाजिक सञ्जालमार्फत चेतावनी दिँदै यदि जलडमरूमध्यमा सुरुङ राखिएको पुष्टि भए र त्यसलाई तुरुन्त हटाइएन भने इरानले 'पहिले कहिल्यै नदेखिएको स्तरको सैन्य परिणाम' भोग्नुपर्ने बताउनुभयो । अमेरिकी निर्वाचन नजिकिँदै गर्दा बढ्दो तेल मूल्यले ट्रम्पमाथि राजनीतिक दबाब पनि बढाइरहेको छ । मङ्गलबार कच्चा तेलको मूल्य करिब पाँच प्रतिशत बढे पनि भण्डार सार्वजनिक गर्ने सम्भावनाको खबरपछि बुधबार केही घटेको छ ।

ट्रम्पले अमेरिकी सेनाले जलडमरूमध्य हुँदै जाने तेल ट्याङ्करलाई सुरक्षा दिन सक्ने बताउनुभएको थियो। तर अमेरिकी प्रशासनले ऊर्जा मन्त्रीले यस्तो सुरक्षा व्यवस्था घोषणा गरेको भनी सामाजिक सञ्जालमा फैलिएको पोस्ट असत्य भएको स्वीकार गरेको छ ।

युद्धको जोखिम समुद्री यातायातमा पनि देखिएको छ । बेलायतको समुद्री सुरक्षा एजेन्सीका अनुसार बुधबार बिहान संयुक्त अरब इमिरेट्सको तट नजिक एउटा कन्टेनर जहाजलाई 'अज्ञात प्रक्षेप्य' ले प्रहार गरेको छ । यसले क्षेत्रीय जलमार्ग अझै असुरक्षित रहेको सङ्केत गरेको छ ।

यद्यपि ट्रम्पले सोमबार युद्ध छोटो रहने दाबी गर्नुभएको थियो, तर अमेरिकी रक्षामन्त्री पीट हेग्सेथले तेहरानमा अभूतपूर्व गोलीबारी हुन सक्ने चेतावनी दिनुभएको छ ।यसैबीच इरानले युद्धविरामको कुनै सङ्केत नदिएको स्पष्ट पारेको छ । इरानी संसद्का अध्यक्ष मोहम्मद बाघेर गालिबाफले सामाजिक सञ्जाल एक्समा लेख्दै इरान युद्धविराम खोजिरहेको छैन भन्दै आक्रमणकारीलाई सजाय दिनुपर्ने धारणा व्यक्त गर्नुभएको छ ।

इरानी सेनाले इजरायलका सहरहरूतर्फ क्षेप्यास्त्र प्रहार गरेको जनाएको छ। जेरुसेलममा हवाई हमलाको साइरन र विस्फोटको आवाज सुनिएको एएफपीका पत्रकारहरूले बताएका छन् । आपतकालीन सेवाहरूले तत्काल ठूलो क्षतिको विवरण सार्वजनिक नगरे पनि तेल अभिवमा केही मानिस घाइते भएको स्थानीय टेलिभिजनले जनाएको छ ।इरानको रिभोलुसनरी गाड्र्सले बहराइन र इराकी कुर्दिस्तानतर्फ पनि आक्रमण गरेको दाबी गरेको छ । कुवेतस्थित अमेरिकी सैन्य अड्डा समेत लक्षित गरिएको इरानी मिडियाले जनाएको छ, यद्यपि कुवेतले आठ वटा ड्रोन खसालेको मात्र पुष्टि गरेको छ । साउदी अरबले पनि शायबाह तेल क्षेत्रतर्फ आएका ड्रोन र ब्यालेस्टिक मिसाइलहरू अवरोध गरिएको जनाएको छ ।

फेब्रुअरी २८ मा अमेरिका र इजरायलले इरानका सर्वोच्च नेता आयातोल्लाह अली खामेनीको हत्या गरेको आक्रमणपछि यो युद्ध सुरु भएको थियो । त्यसपछि उहाँका छोरा मोजताबा खामेनीलाई उत्तराधिकारीको रूपमा नाम दिइएको छ, तर उहाँ अझै सार्वजनिक रूपमा देखिनुभएको छैन ।तेहरानमा बम विस्फोटको त्रास अझै कायम छ । त्यहाँकी एक महिलाले बम आक्रमणले सामान्य आवासीय भवनलाई लक्षित नगरे पनि विस्फोटको आवाजले अत्यन्त डर पैदा गरेको बताउनुभयो ।

इरानको स्वास्थ्य मन्त्रालयका अनुसार मार्च ८ सम्म युद्धमा एक हजार २०० भन्दा बढी मानिस मारिएका छन् भने १० हजारभन्दा बढी नागरिक घाइते भएका छन् । पेन्टागनका अनुसार सात अमेरिकी सैनिकको मृत्यु भएको छ र करिब १४० जना घाइते भएका छन् ।द्वन्द्व क्षेत्रीय सीमाभन्दा बाहिर पनि फैलिएको छ । श्रीलङ्काको समुद्रमा अमेरिकी सेनाले इरानी जहाजमाथि टार्पिडो प्रहार गरेको बताइएको छ भने अस्ट्रेलियाले इरानी महिला फुटबल टोलीका थप दुई सदस्यलाई शरण दिएको जनाएको छ । इराक र लेबनान पनि यस युद्धका प्रोक्सी मोर्चा बनेका छन् ।

**Ramgopalpur Municipality**
**Office of the Municipal Executive**
**Ramgopalpur, Mahottari**
**Madhesh Province, Nepal**

**INVITATION FOR ONLINE BIDS**

**Date of publication: 12-MAR-2026 10:00**

1. Ramgopalpur Municipality, Office of the Municipal Executive, Ramgopalpur, Mahottari invites following electronic bid from eligible Nepalese bidders under Sealed Quotation ( SQ ). Eligible bidders may obtain further information from PPMO's website www.bolpatra.gov.np/egp.

| Contract ID No. and Description | Bid Document Price (Non Refundable) | Last Date and Time of Bids Document Submission | Bid Opening Date | Bid Validity Period | Bid Security | |
|---|---|---|---|---|---|---|
| | | | | | Amount Nrs. | Validity Period |
| procurement and supply of medicine and surgical item SQ/GOODS/MED/ RGPMUN/2082/83-08 | Nrs. 1000 | 29-MAR-2026 (Within 12:00 hrs) | 29-MAR-2026 At 14:00 hrs | 45 days From the last date of bid submission | Rs 40,000/- | 30 days beyond the validity period of the bid |

# नेपालमा सार्वजनिक भयो साओमीको नयाँ स्मार्टफोन रेडमी नोट १५ फाइभ-जी

**टुडे समाचारदाता**

जनकपुरधाम । विश्वप्रसिद्ध प्रविधि कम्पनी जिओमी ले आफ्नो नयाँ स्मार्टफोन रेडमी नोट १५ ५ जी नेपालमा सार्वजनिक गरेको छ। अल्ट्रा-स्लिम डिजाइन, शक्तिशाली ब्याट्री, उच्च प्रदर्शन र प्रिमियम सुविधासहित आएको यो स्मार्टफोनले प्रयोगकर्तालाई अझ उन्नत स्मार्ट अनुभव दिने कम्पनीले जनाएको छ।



रेडमी नोट १५ फाइभ-जी तीन आकर्षक रङमा उपलब्ध छ- कालो, ग्लेसियर निलो र मिस्ट बैजनी। यीमध्ये मिस्ट बैजनी रङ प्रयोगकर्तामाझ बढी लोकप्रिय हुने अपेक्षा गरिएको छ। रेडमी सिरिजकै सबैभन्दा पातलो डिजाइन भएको यो फोन हल्का र स्टाइलिश भएकाले प्रयोग गर्दा सहज हुने कम्पनीको भनाइ छ।

फोनमा पाँच हजार पाँच सय बीस मिलिएम्पियर घण्टा क्षमताको ब्याट्री दिइएको छ, जसले एकपटक चार्ज गर्दा करिब डेढ दिनसम्म प्रयोग गर्न सकिने बताइएको छ। स्मार्ट चार्जिङ प्रणालीले ब्याट्रीको आयु बढाउन मद्दत गर्छ भने पैंतालीस वाट टर्बो चार्जिङले छिटो चार्ज हुने सुविधा दिन्छ। एउटै चार्जमा करिब एक्काइस घण्टासम्म भिडियो हेर्न वा करिब दस घण्टासम्म भिडियो रेकर्ड गर्न सकिन्छ।

यस स्मार्टफोनमा छ दशमलव सात सात इन्चको ओलेड डिस्प्ले र तीन हजार दुई सय निट्स ब्राइटनेस रहेको छ, जसले घाममा पनि स्पष्ट दृश्य देखाउँछ। तीन हजार आठ सय चालीस हर्ज पीडब्लुएम डिमिङ प्रविधिले आँखालाई आरामदायी अनुभव दिन्छ।


फोनमा त्तगबअिफक क्लबउमचबनयल ६ न्भल ३ प्रोसेसर प्रयोग गरिएको छ, जसले उच्च गति र स्मूथ प्रदर्शन सुनिश्चित गर्छ। यसमा चौबिस जिबीसम्म र्याम समर्थन रहेको छ।

रेडमी नोट १५ फाइभ-जीमा एक सय अस्सी मेगापिक्सेल मुख्य क्यामेरा, आठ मेगापिक्सेल अल्ट्रा-वाइड क्यामेरा र बीस मेगापिक्सेल फ्रन्ट क्यामेरा रहेको छ। इमेज स्टेबलाइजेसन र कृत्रिम बुद्धिमत्ता आधारित सुविधाले उच्च गुणस्तरका फोटो तथा भिडियो खिच्न सहयोग पुऱ्याउँछ।

यसमा डुअल स्पिकर, एआई पोर्ट्रेट र डायनामिक सट्स दुई दशमलव शून्य जस्ता सुविधाले मनोरञ्जन अनुभवलाई अझ उत्कृष्ट बनाउँछ।

फोनमा इन-स्क्रिन फिंगरप्रिन्ट र एआई फेस अनलक सुविधा दिइएको छ । साथै, फोनलाई झर्ने तथा पानीबाट हुने क्षतिबाट जोगिने प्रमाणपत्र पनि प्राप्त भएको छ । वेट टच टेक्नोलोजी दुई दशमलव शून्यका कारण स्क्रिन भिजेको अवस्थामा पनि सजिलै प्रयोग गर्न सकिन्छ । नेपालमा रेडमी नोट १५ फाइभ-जी दुई संस्करणमा उपलब्ध छ ।बाह्र जिबी र्याम र पाँच सय बाह्र जिबी स्टोरेज : नेपाली रुपैयाँ छ्यालिस हजार नौ सय उनान्नब्बे आठ जिबी र्याम र दुई सय छप्पन्न जिबी स्टोरेज : नेपाली रुपैयाँ उनन्चालीस हजार नौ सय उनान्नब्बे यो स्मार्टफोन अहिले नेपालभरका विभिन्न मोबाइल पसलहरूमाउपलब्धरहेकोकम्पनीले जनाएको छ।

# बसपार्कबाहेक अन्यत्रबाट टिकट काट्न नपाइने



नारायणगढ । भरतपुर महानगरपालिकाको मुख्य बजार क्षेत्रको यातायात व्यवस्थालाई व्यवस्थित बनाउन बसपार्क बाहिर सवारी कर सङ्कलन बन्द गर्ने निर्णय गरिएको छ ।

बुधबार बसेको जिल्ला यातायात व्यवस्थापन समितिको बैठकले भरतपुर महानगरपालिकाले उठाउँदै आएको सवारी कर अब केन्द्रीय बस टर्मिनल (पारस बसपार्क) र नारायणगढ बसपार्क (पोखरा बसपार्क) बाट मात्र सङ्कलन गर्ने व्यवस्था गरेको हो ।सहायक प्रमुख जिल्ला अधिकारी चिरञ्जीवी शर्माका अनुसार जिल्लाको यातायात व्यवस्थापनमा देखिएका समस्या समाधान गर्न बैठकले यातायात व्यवसायीहरूले आफ्नो सवारीसाधन पार्किङ गरी नियमानुसार राजश्व बुझाउन निर्देशन दिएको छ ।

बैठकले भरतपुर महानगरक्षेत्रभित्र रहेका विभिन्न यातायात व्यवसायी संस्थाका टिकट काउण्टर ४८ घण्टाभित्र सम्बन्धित बसपार्कमा स्थानान्तरण गर्नुपर्ने र बसपार्क बाहेक अन्यत्रबाट टिकट काट्न नपाइने स्पष्ट पारेको शर्माले बताउनुभयो । नारायणगढ बजार क्षेत्रभित्र मुख्य सडकमा अव्यवस्थित पार्किङ तुरुन्त बन्द गर्नुपर्ने र पुल्चोकलगायतका बजार क्षेत्रभित्रका पेट्रोलपम्पमा पेट्रोल हाल्ने नाममा अनावश्यक पार्किङ गरी यात्रु चढाउने कार्य नगर्न भनिएको उहाँले जानकारी दिनुभयो ।

यसअघि बसेको बैठकले भरतपुर महानगरको यातायात व्यवस्थित गर्न लामो तथा छोटो दूरीका सवारी सञ्चालन, मालवाहक सवारीको रुट व्यवस्थापन, ध्वनि प्रदूषण नियन्त्रण, पार्किङ, टिकट काउण्टर व्यवस्थापन र सडक पूर्वाधार सुधारसम्बन्धी निर्णय गरेको थियो । सहायक प्रमुख जिल्ला अधिकारी चिरञ्जीवी शर्माले ती निर्णयहरू कडाइका साथ कार्यान्वयन गराउन सबै सम्बन्धित पक्षलाई निर्देशन दिइएको जानकारी दिनुभयो ।रासस

# सुनको मूल्य बढ्यो, चाँदीको स्थिर

काठमाण्डु । मङ्गलबारको तुलनामा स्थानीय बजारमा बुधबार सुनको मूल्य रु दुई हजारले बढेको छ भने चाँदी मोल स्थिर छ। नेपाल सुनचाँदी व्यवसायी महासङ्घका अनुसार बुधबार छापावाल सुनको मोल प्रतितोला रु तीन लाख १९ हजार कायम भएको छ भने एक तोला चाँदीको मूल्य रु पाँच हजार ७२० निर्धारण भएको छ।



हिजो मङ्गलबार छापावाल सुनको मोल प्रतितोला रु तीन लाख १७ हजार कायम भएको थियो भने एक तोला चाँदीको मूल्य रु पाँच हजार ७२० निर्धारण भएको थियो। सोमबार एक तोला सुन रु तीन लाख १३ हजार २०० र त्यति नै परिमाणको सेतो धातु रु पाँच हजार ४१० मा कारोबार भएको थियो । अन्तरराष्ट्रिय सञ्चारमाध्यमहरूका अनुसार आज अन्तरराष्ट्रिय बजारमा एक औँस सुन पाँच हजार २१० र त्यति नै परिमाणको सेतो धातु ८९ अमेरिकी डलरमा कारोबार भइरहेको छ ।रासस

# आलु थन्काउन किसान व्यस्त



भोजपुर । यहाँका किसान यतिबेला हिउँदे आलु थन्काउन व्यस्त बनेका छन् । खेतबारीमा लगाइएको आलु परिपक्व भएपछि किसानहरू बिहानैदेखि साँझसम्म आलु भण्डारण गर्न बारीमा खटिएका देखिन्छन् । जिल्लाका विभिन्न गाउँबस्तीमा किसानले आलु खन्ने, छानेर बोरा भर्ने, सुकाउने र घरमा भित्र्याउने काम गरिरहेका हुन् ।

जिल्लाका ग्रामीण भेगमा हिउँदे मौसममा लगाइने आलु किसानका लागि महत्वपूर्ण बालीका रूपमा लिइन्छ । यसले घरायसी खाद्यान्नको आवश्यकता पूर्ति गर्नुका साथै नगदैं आम्दानीको स्रोतसमेत बनेको छ । विशेषगरी जिल्लाका पहाडी भेगका किसानले हिउँदे सिजनमा आलुखेतीलाई प्राथमिकता दिने गरेका छन् ।भोजपुर नगरपालिका, षडानन्द नगरपालिका, टेम्केमैयुङ गाउँपालिकासहित प्रायः सबै क्षेत्रमा किसान यतिबेला आलु खन्ने र थन्काउने काममा व्यस्त देखिन्छन् । केही किसानले उत्पादन भएको आलु घरायसी प्रयोजनका लागि भण्डारण गरिरहेका छन् भने अधिकांशले बजारमा बिक्रीका लागि तयारी गरिरहेका छन् ।

भोजपुर नगरपालिका-५ बोखिमका किसान धनबहादुर थापाका अनुसार आलु खेतीले प्रशस्त आम्दानी दिने भएकाले पछिल्लो समय यहाँका किसान यसतर्फ आकर्षित हुँदै गएका छन् । "अन्य बालीभन्दा आलुबाट छिटो आम्दानी लिन सकिन्छ", उहाँले भन्नुभयो, "भोजपुर बजार नजिक भएकाले बेचबिखनमा खासै समस्या छैन । हामी यतिबेला आलु थन्काउनमा व्यस्त छौँ ।"

गाउँबाट युवाशक्ति वैदेशिक रोजगारी तथा सहरतर्फ जाने क्रम बढ्दै जाँदा खेतबारीमा कामदार अभाव हुने समस्या देखिएको किसानहरूको गुनासो छ । अधिकांश किसानले परिवारका सदस्यकै सहयोगमा आलु खन्ने र थन्काउने काम गरिरहेका छन् ।जिल्लामा उत्पादन भएको आलु स्थानीय बजारसँगै छिमेकी जिल्ला र पूर्वी तराईका बजारसम्म पनि बिक्री हुने गरेको व्यापारीहरू बताउँछन् । उचित बजार व्यवस्थापन र भण्डारणको सुविधा उपलब्ध भए आलुखेतीबाट थप आम्दानी लिन सकिने किसानको भनाइ छ ।

कृषि ज्ञान केन्द्र भोजपुरका अनुसार जिल्लामा हिउँदे र वर्षे गरी गत वर्ष कूल ५१ हजार ९०० मेट्रिकटन आलु उत्पादन भएको थियो । जिल्लामा करिब तीन हजार २७२ हेक्टर क्षेत्रफलमा आलुखेती हुँदै आएको छ । समयमै आलु थन्काएर सुरक्षित रूपमा भण्डारण गर्न सके किसानलाई वर्षभरि खाद्यान्नको सहजता हुने र अतिरिक्त उत्पादन भएको बिक्री गरेर आम्दानी लिन सकिने किसान बताउँछन् । रासस

# जनावरबाट जोगिन 'मेसवायर'

कञ्चनपुर । शुक्लाफाँटा नगरपालिकामा जङ्गली जनावर प्रभावित क्षेत्रमा रु एक करोड ६७ लाख ४९ हजारको लागतमा तारजाली लगाउन थालिएको छ । जङ्गली जनावर अतिप्रभावित तीन वडामा 'मेसवायर' तारजाली लगाउन सुरु गरिएको हो ।

नगरपाालिकाको पूर्वाधार विकास शाखाका प्रमुख दीपक धामीका अनुसार वडा नं १ मा दुई हजार ९०० मिटर, वडा नं ९ मा दुई हजार ५०० मिटर र वडा नं १२ मा ४०० मिटर गरी पाँच हजार ८०० मिटर मेसवायर लगाउन सुरु गरिएको छ । शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज र चुरे क्षेत्र नजिकका सामुदायिक वन क्षेत्राट स्थानीय किसानका खेतमा पस्ने जङ्गली हात्ती, चित्तल, बँदेल, नीलगाईलगायत जनावरलाई रोक्न मेसवायर लगाइएको हो ।

गत आर्थिक वर्षमा पनि सुदूरपश्चिम प्रदेश सरकारको अनुदान रु ७५ लाख र नगरपालिकाको रु ७५ लाख खर्चेर नगरपालिकाको वडा नं ८ र १२ मा ५.८८ किलोमिटर मेसवायर लगाइएको थियो ।मेसवायर लगाइएसँगै वन्यजन्तु प्रभावित क्षेत्रमा राति प्रकाशको व्यवस्था गर्न नगरपालिकाले रु ३५ लाखको लागतमा ३० स्थानमा सौर्यबत्ती जडान थालेको छ ।रासस

## धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको ७ दिने सूचना

प्रकाशित मिति : २०८२/११/२८ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस विकास बैंकको शाखा कार्यालय रुपनी, सप्तरीबाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको ऋण कर्जा वापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई वेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ । धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ । बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ । सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन् । बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ । उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं । अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन । उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ ।

| बोलपत्र दर्ता गर्ने अन्तिम मिति | बोलपत्र खोलिने मिति/समय |
|---|---|
| २०८२/१२/०४ गते/स्थान : शाखा कार्यालय रुपनी, सप्तरी | २०८२/१२/०६ गते, शुक्रबार दिनको १ बजे |

**क्र.सं. शाखा कार्यालय : रूपनी, सप्तरी**

**ऋणीको नाम, ठेगाना**

१. **नाम : सप्तकोशी इन्टिग्रेटेड एग्रो फार्म प्रा.लि.**
नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनि रजिष्ट्रारको कार्यलय, त्रिपुरेश्वर, काठमाडौं
दर्ता नं. २३३२५७/०७६/०७७, दर्ता मिति : २०७६/१०/१३, पान नं. ६०९७१०६१०, दर्ता मिति : २०७७/०३/३१
ठेगाना : सप्तरी जिल्ला, सप्तकोशी न.पा. वडा नं. ७
**शेयरधनी तथा संस्थापकहरु : प्रभु नारायण चौधरी, उमाकान्त चौधरी, संजिव कुमार चौधरी र पंचदेव चौधरी**

**ऋणी तथा जमानतकर्ताको विवरण**

| १. नाम : प्रभु नारायण चौधरी | २. नाम : उमाकान्त चौधरी |
|---|---|
| ना.प्र.नं. १६४६८९, जि.प्र.का. सप्तरी | ना.प्र.नं. ५८०५, जि.प्र.का. सप्तरी |
| जारी मिति : २०४७/०६/०४ | जारी मिति : २०५४/०४/०९ |
| बाबुको नाम : फुली दास चौधरी | बाबुको नाम : पुहुपलाल चौधरी |
| बाजेको नाम : फेकु दास चौधरी | बाजेको नाम : वुधन चौधरी |
| ठेगाना : सप्तरी जिल्ला, मोहनपुर गा.वि.स. वडा नं. ७ | ठेगाना : सप्तरी जिल्ला, जण्डौल गा.वि.स. वडा नं. २ |
| हाल : सप्तरी जिल्ला, शम्भुनाथ न.पा. वडा. नं. ६ | हाल : सप्तरी जिल्ला, अगनीसाईर कृष्णासवरन गा.पा. वडा नं. १ |

**जमानतकर्ताको विवरण**

| १. नाम : संजिव कुमार चौधरी | २. नाम : रिता कुमारी चौधरी |
|---|---|
| ना.प्र.नं. ०३२०३७६४, जि.प्र.का. सप्तरी | ना.प्र.नं. ०३२०३७६५, जि.प्र.का. सप्तरी |
| जारी मिति : २०५०/१२/०५ | जारी मिति : २०५०/१२/०५ |
| बाबुको नाम : कोशीलाल चौधरी | पतिको नाम : संजिव कुमार चौधरी |
| बाजेको नाम : मिठु लाल चौधरी | ससुराको नाम : कोशीलाल चौधरी |
| ठेगाना : सप्तरी जिल्ला, ओद्रहा गा.वि.स. वडा नं. ६ | ठेगाना : सप्तरी जिल्ला, ओद्रहा गा.वि.स. वडा नं. ६ |
| हाल : सप्तरी जिल्ला, सप्तकोशी न.पा. वडा नं. ७ | हाल : सप्तरी जिल्ला, सप्तकोशी न.पा. वडा नं. ७ |

**३. नाम : पंचदेव चौधरी**
ना.प्र.नं. ५३५६, जि.प्र.का. सप्तरी, जारी मिति : २०४६/१२/२७
बाबुको नाम : अच्छालाल चौधरी, बाजेको नाम : छुतहरु दास चौधरी
ठेगाना : सप्तरी जिल्ला, जण्डौल गा.वि.स. वडा नं. २, हाल : सप्तरी जिल्ला, अगनीसाईर कृष्णासवरन गा.पा. वडा नं. १

**धितोको विवरण**

१. संजिव कुमार चौधरीको नाममा मालपोत कार्यालय कञ्चनपुर, सप्तरीमा दर्ता श्रेष्ता कायम रहेको सप्तरी जिल्ला, ओद्रहा गा.वि.स. वडा नं. ६ स्थित किता नं. ६९३ र ४४ को क्षेत्रफल क्रमशः ३-३-८.५-० र ०-११-८-० भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापत समेत ।
२. सप्तकोशी इन्टिग्रेटेड एग्रो फार्म प्रा.लि. को नाममा मालपोत कार्यालय कञ्चनपुर, सप्तरीमा दर्ता श्रेष्ता कायम रहेको सप्तरी जिल्ला, रुपनगर वडा नं. ३ स्थित किता नं. १०६०, १०१३, १०६१, १०५५, १०५९, १०५४, १०५६, १०६२, १०१४, १०५७, १०६५ र १०६३ को क्षेत्रफल क्रमश : ०-०-१०-०, ०-१-०-०, ०-०-१०-०, ०-०-१०-०, ०-०-७.५-०, ०-०-१०-०, ०-२-१०-०, ०-६-०-०, ०-२-१०-०, ०-०-७.५-०, ०-१-५-० र ०-०-६-० भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
३. उमा देवी थरुनीको नाममा मालपोत कार्यालय राजविराज, सप्तरी दर्ता श्रेष्ता कायम रहेको सप्तरी जिल्ला, जण्डोल गा.वि.स. वडा नं. १ स्थित कित्ता नं. ७८१ र क्षेत्रफल ०-१-५-० भएको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।
४. रिता कुमार चौधरीको नाममा मालपोत कार्यलय राजविराज, सप्तरीमा दर्ता श्रेष्ता कायम रहेको सप्तरी जिल्ला, जण्डोल गा.वि.स. वडा नं. २ स्थित किता नं. १०७ को क्षेत्रफल ०-१-१०-० भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।
५. ज्योति विकास बैंकको नाममा यातायात ब्यबस्थापन कार्यालय ललितपुर, नेपालमा दर्ता कायम रहेको प्रदेश ३-०१-०३३ च ७९५३ च्यासिस नं. MDHFDAD15K1002217, ईन्जीन नं. E031532 भएको Nissan Kick XV Pre(O) सवारी साधन थान १ ।

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय : का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : रुपनी, सप्तरी, फोन नं. ०३१-४५००१२
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

## सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय मिर्चैया, सिराहाको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना

प्रकाशित मिति : २०८२/११/२८ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक
छैठौं पटक प्रकाशित मिति : २०८०/०८/१० गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक
पाँचौ पटक प्रकाशित मिति : २०८०/०३/०२ गतेको नागरिक राष्ट्रिय दैनिक
चौथो पटक प्रकाशित मिति : २०७९/०९/२२ गतेको राजधानी राष्ट्रिय दैनिक
तेस्रो पटक प्रकाशित मिति : २०७९/०७/१६ गतेको नागरिक राष्ट्रिय दैनिक
दोस्रो पटक प्रकाशित मिति : २०७९/०४/३१ गतेको नागरिक राष्ट्रिय दैनिक
प्रथम पटक प्रकाशित मिति : २०७९/०३/२१ गतेको नागरिक राष्ट्रिय दैनिक

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, किस्ता तथा ब्याज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित ताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति २०७९/०१/१५ को नागरिक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताहरुले यस बैंकलाई लेखिदिएको तपसिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन एवं बैंक नियम अनुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने हुँदा इच्छुक महानुभावहरुलाई तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरी मिति २०७९/०३/२१ मा नागरिक राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित भएकोमा उक्त सूचनामा तोकिएको मितिभित्र बैंकको नियमानुसार प्राप्त हुनुपर्नेमा कुनैपनि गोप्य शिलबन्दी बोलपत्रहरु प्राप्त नभएको, मिति २०७९/०४/३१ मा नागरिक राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित भएकोमा उक्त सूचनामा तोकिएको मितिभित्र प्राप्त बोलपत्रहरु बैंकको नियमानुसार रद्द गर्न निर्णय भएको, मिति २०७९/०७/१६ मा नागरिक राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित भएकोमा उक्त सूचनामा तोकिएको मितिभित्र बैंकको नियमानुसार प्राप्त हुनुपर्नेमा कुनैपनि गोप्य शिलबन्दी बोलपत्रहरु प्राप्त नभएको र मिति २०७९/०९/२२ मा राजधानी राष्ट्रिय दैनिक पत्रिकामा, मिति २०८०/०३/०२ मा नागरिक राष्ट्रिय दैनिक पत्रिकामा र मिति २०८०/०८/१० मा नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित भएकोमा तोकिएको मितिभित्र प्राप्त बोलपत्रहरुबाट सबै धितो सकार गर्ने गरि बोलपत्र नआएकोले पुनः सातौं पटक यो सूचना प्रकाशित गरि इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणीहरु तथा जमानत गरिदिने व्यक्तिले लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

**तपसिल**

**ऋणीको विवरण**

सिरहा जिल्ला, रामनगर मिचैया न.पा. वडा नं. २ स्थित रजिष्ट्रार कार्यालय रहि प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालयमा मिति २०६८/०९/०८ मा प्रा.फ.र.नं. २१५९ (स्थानिय) तथा नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभाग, आन्तरिक राजस्व कार्यालय, लाहानमा मिति २०६८/०८/०८ मा स्थायी लेखा नं. (PAN) ३०५११७८७६ अन्तर्गत दर्ता कायम भएको **भरोसा शु स्टोर्स** ।

**व्यक्तिगत जमानीकर्ताको विवरण**

| | |
|---|---|
| १. मेहदी हसन मियाको नाती, मो.जाहिद हुसेनको छोरा, सिरहा जिल्ला, साविक आसोपुर वल्कवा गा.वि.स./न.पा. वडा नं. २ स्थायी ठेगाना भई हाल सिराहा जिल्ला, मिर्चैया न.पा. वडा नं. ५ बस्ने **मो. अली रेजा** (ना.प्र.नं. ०२३१३४७७, जारी मिति २०६१/११/२१, जारी जि.प्र.का. सिराहा) । | २. नेबी मियाको नाति, मेहदी हसन मियाको छोरा, सिरहा जिल्ला, साविक आसोपुर वल्कवा गा.वि.स./न.पा. वडा नं. २ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला, मिर्चैया न.पा. वडा नं. ५ बस्ने **मो. जाहिद हुसेन** (ना.प्र.नं. ०२६१३१७७, जारी मिति २०५८/१०/२८, जि.प्र.का. सिराहा) । |
| ३. मेहदी हसन मियाको नाति, मो. जाहिद हुसेनको छोरा, सिरहा जिल्ला, साविक आसोपुर वल्कवा गा.वि.स./न.पा. वडा नं. २ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला, मिर्चैया न.पा. वडा नं. ५ बस्ने **मो. रेजा हुसैन** (ना.प्र.नं. १५१०७२/२१६६१, जारी मिति २०६९/०३/०४, जि.प्र.का. सिराहा) । | ४. मो. जाहिद हुसेनको बुहारी, मो. अली रेजाको पत्नी, सिरहा जिल्ला, मिर्चैया न.पा. वडा नं. ५ बस्ने **सफिया जवी** (ना.प्र.नं. १५-०१-७५-०२६४१, जारी मिति २०७५/०२/३१, जि.प्र.का. सिराहा) । |

५. मो. मेहदी हसेन मियाको बुहारी, मो. जाहिद हुसेनको पत्नी, सिराहा जिल्ला, साविक आसोपुर वल्कवा गा.वि.स./न.पा. वडा नं. २ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला, मिर्चैया न.पा. वडा नं. ५ बस्ने **शाह जहाँ खातुन** (ना.प्र.नं. ३२४९, जारी मिति २०६२/०३/१६, जि.प्र.का. सिराहा) ।

**धितोको विवरण**

शाह जहाँ खातुन (ना.प्र.नं. ३२४९, जारी मिति २०६२/०३/१६, जि.प्र.का. सिराहा) को नाममा मालपोत कार्यालय सिराहामा दर्ता कायम भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सिराहा जिल्ला, फुलबरीया गा.वि.स./न.पा. वडा नं. २ नक्सा सिट नं. २ ख स्थित कि.नं. ३३७० को क्षेत्रफल ०-०-४ (बि-क-धु) बमोजिमको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**शर्तहरु :**

१. बोलपत्र फारम रु. १,०००/- (अक्षरेपी एक हजार मात्र) तिरी यस बैंकको सम्पूर्ण शाखा कार्यालयहरुबाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८२/१२/१२ गते १६:०० बजे भित्र यस बैंकको शाखा कार्यालय मिर्चैया, सिराहामा बुझाई सक्नु पर्नेछ ।
३. प्राप्त बोलपत्रहरु मिति २०८२/१२/१३ गते १६:०० बजे यस बैंकको शाखा कार्यालय मिर्चैया, सिराहामा बोलपत्रदाता र/वा निजका प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधीको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
४. बोलपत्र बुझाउने अन्तिम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको १६:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र बुझाउने अन्तिम दिनको भोलीपल्ट बोलपत्र खोलिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन १६:०० बजे बोलपत्र खोलिनेछ ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ । बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नु पर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत यस बैंकको जुन सुकै शाखाबाट खाता नं. ४४०९००००१ मा रकम जम्मा गरी सो को सक्कल भौचर र/वा अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर चेक समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ । धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन ।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखितरुपमा पठाईनेछ र सो सूचना प्राप्त स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको दिन भित्र कवोल गरेको सम्पूर्ण रकम नगदै वा अन्य वित्तिय माद्यम मार्फत तोकिएको खातामा जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण कर शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटी वापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ । तर सो मा कुनै व्याज प्रदान गरिने छैन ।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको हात्तिसार, काठमाडौं स्थित केन्द्रिकृत कर्जा असुली विभाग तथा शाखा कार्यालय मिर्चैया, सिराहामा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

Siddhartha Bank

शाखा कार्यालय : मिर्चैया, सिराहा
फोन नं. ०३३-५५००८४
Website : www.siddharthabank.com

# ल फर्ममा विस्फोट, एक घाइते




**टुडे समाचारदाता**

लहान । सिरहा जिल्ला अदालत अगाडि रहेको बार एसोसिएसन कार्यालय नजिक एक ल फर्ममा बम विस्फोट हुँदा एक कर्मचारी घाइते भएका छन् ।

जिल्ला अदालत अगाडि रहेको मधेस ल फर्ममा बुधबार भएको बम बिस्फोटमा सिरहा नगरपालिका-१ घर भएका सौरभ यादव रहेका छन् । उनलाई उपचारका लागि प्रादेशिक अस्पताल सिरहा पठाइएको छ ।

सिरहा प्रहरी प्रमुख एसपी बासु पाठकले जिल्ला अदालत अगाडि रहेको ल फर्ममा बुधवार साँझ करिब ५ बजे बम विस्फोट भएको बताए । ल फर्ममा भएको बिस्फोटबाट त्यहाँ कार्यरत सौरभ यादव सामान्य घाइते भएको प्रहरी प्रमुख पाठकले बताए । विस्फोटबाट कार्यालयमा रहेका कम्प्युटर लगायतका सामग्रीमा पनि क्षति पुगेको प्रहरीले जनाएको छ ।

यसैगरी बिस्फोटबाट ल फर्मको सिसा र भित्र रहेका कागजातका साथै फर्निचरमा क्षति पुगेको प्रहरीले जानकारी दिएको छ । प्रहरी प्रमुख पाठकका अनुसार बम बिस्फोटबारे अध्ययन गर्न नेपाली सेनाको टोली घटनास्थलमा पुगेको छ ।

जिप्रका सिरहाका डीएसपी तथा प्रवक्ता रमेश बहादुर पालका अनुसार उक्त वस्तु प्रेसर कुकर बम रहेको प्रारम्भिक अनुसन्धानबाट पुष्टि भएको जनाएका छन् । प्रहरीका अनुसार बम किन र कसले राखेको भन्ने विषयमा थप अनुसन्धान भइरहेको प्रहरी प्रवक्ता पालले बताए ।

# समानुपातिकमा पनि मधेशवादी दलको उपस्थिति शून्य

**टुडे समाचारदाता**

जनकपुरधाम । प्रतिनिधि सभा अन्तर्गत समानुपातिकतर्फको मत गणना पनि सम्पन्न भइसकेको छ । प्रत्यक्ष र समानुपातिकतर्फ देशभर नै राष्ट्रिय स्वतन्त्र पार्टीको दबदबमा देखिएको छ ।

प्रत्यक्ष मात्रै होइन समानुपातिकतर्फ पनि मधेस प्रदेशमा मधेसवादी भनिएका दल जनता समाजवादी पार्टी (जसपा) नेपाल, जनमत पार्टी, राजेन्द्र महतो नेतृत्वको संयुक्त निर्वाचन लडेका राष्ट्रिय मुक्ति पार्टी, सतिश सिंह नेतृत्वको स्वाभिमान पार्टी नै ओझेलमा परेका छन् । थ्रेस होल्ड कटाउन नसक्दा मधेशमा गढ बनाएका यी मधेशवादी दल राष्ट्रिय राजनीतिबाट आउट भएका छन् ।



समानुपातिक मत परिणाम अनुसार मधेसमा जसपा नेपाल एक लाख ८२ हजार २८५ मतसहित सातौं स्थानमा छने भने जनमत पार्टी ७९ हजार ४३५ मतसहित नवौं नम्बरमा पुगेको छ । राजेन्द्र महतोको संयुक्त जांता छापले ६२ हजार ७९ र सिंह नेतृत्वको स्वाभिमान पार्टीले ८ हजार १५४ मत मात्र प्राप्त गरेको छ । जांता १० औं नम्बरमा छन भने स्वाभिमान २३ नम्बरमा परेको छ ।

समानुपातिक प्रणालीतर्फ संयुक्त निर्वाचन चिह्नसहित कूल ५७ दलले भाग लिएकामा छ दलले संसद्मा प्रवेश पाउने अवस्था देखिँदा ५१ दलले न्यूनतम मत सीमा कटाएका छैनन् ।

अघिल्लो निर्वाचनमा ४ लाख २१ हजार ३१४ समानुपातिक मत प्राप्त गरी ५ सिट जितेको जनता समाजवादी पार्टी, ३ लाख ९४ हजार ६५५ मत प्राप्त गरी ५ सिट प्राप्त गरेको जनमत पार्टीले यस पटक थ्रेस होल्ड पार गर्न सकेनन् । महन्थ ठाकुरको लोसपा जसपा नेपालमै समाहित भइसकेका छन् । लोसपाले प्रत्यक्षतर्फ चार सिट जितेपनि थ्रेसहोल्ड कटाउन नसक्दा समानुपातिकतर्फ सीट पाउन सकेको थिए ।

पछिल्लो मत परिणाम अनुसार समानुपातिकतर्फ एक करोड सात लाख ३९ हजार ११५ सदर मत गणना भएकामा राष्ट्रिय स्वतन्त्र पार्टीले ५१ लाख ३९ हजार २३५ सहित अग्रता हासिल गरेको छ । नेपाली कांग्रेसले १७ लाख ४९ हजार ५८३, नेपाल कम्युनिष्ट पार्टी (एमाले) ले १४ लाख चार हजार ८५४, नेपाली कम्युनिष्ट पार्टी (नेकपा)ले आठ लाख पाँच हजार ७७३, श्रम संस्कृति पार्टीले तीन लाख ७८ हजार ६४९ र राष्ट्रिय प्रजातन्त्र पार्टीले तीन लाख २ ९ हजार ४७२ मत हासिल गरेका छन् । यी बाहेकअन्य दलले थ्रेस होल्ड कटाउन नसकेका उनले बताए ।

यस अनुसार प्रत्यक्षतर्फ १२५ रास्वपाले समानुपातिकबाट ५७ सिट थप्ने निश्चित भएको छ । यसैगरी प्रत्यक्षतर्फ १८ सिट जितेको नेपाली कांग्रेसले समानुपातिकतर्फ २० सिट, प्रत्यक्षतर्फ ९ सिट जितेको नेकपा एमालेले १६, प्रत्यक्षतर्फ ७ सिट जितेको नेपाल कम्युनिस्ट पार्टीले थप ८ सिट, चार महिना अघि खुले पनि प्रत्यक्षमा तीन सिट जितेको श्रम संस्कृति पार्टीले समानुपातिकबाट थप ४ सिट पाउने निश्चित भएको छ । प्रत्यक्षमा एक सिट जितेको राप्रपाले पनि समानुपातिकबाट करिब ४ सिट पाउनेछ ।

२०७९ सालको प्रतिनिधि सभा निर्वाचनमा नेकपा एमालेले समानुपातिकतर्फ सबैभन्दा बढी २८ लाख ४५ हजार ६४१ मत प्राप्त गरी ३४ सिट जितेको थियो । यो पटक एमालेले ४९ प्रतिशत (१३ लाख ९३ हजार ६८५) मत गुमाएएको छ भने ५२ प्रतिशत सिट गुमाएको छ । एमालेले यस पटक समानुपातिकमा १६ सिट पाउने देखिएको छ ।

गत निर्वाचनमा २७ लाख १५ हजार २२५ मत प्राप्त गरी ३२ सिट जितेको कांग्रेसले ३५.५६ प्रतिशत (९ लाख ६० हजार ८३०) मत गुमाएको छ भने ३७.५ प्रतिशत सिट संख्या पनि गुमाएको छ । यो पटक कांग्रेसले समानुपातिक तर्फ २० सिट पाएको छ ।

नेपाली कम्युनिस्ट पार्टीले गत निर्वाचनमा ११ लाख ७५ हजार ६८४ (३ लाख ६६ हजार ६१३) मत प्राप्त गरी १४ सिट जितेकोमा ३३.४६ प्रतिशत मत गुमाएको छ भने ३५.७ प्रतिशत सिट गुमाउँदै ९ सिटमा कायम भएको छ ।

राष्ट्रिय प्रजातन्त्र पार्टीले गत निर्वाचनमा ५ लाख ८८ हजार ८४९ (२ लाख ५८ हजार ७६७) मत प्राप्त गरी ७ सिट जितेकोमा यस पटक ४४ प्रतिशत मत गुमाएको छ भने ४२.८ प्रतिशत सिट गुमाउँदै ४ सिटमा कायम भएको छ ।

राष्ट्रिय स्वतन्त्र पार्टीले गत निर्वाचनमा ११ लाख ३० हजार ३४४ मत प्राप्त गर्दै १३ वटा समानुपातिक जितेकोमा यस पटक ३५४ प्रतिशत अर्थात् ४० लाख १७ हजार ८७३ मत थपेर सिट संख्या ५७ पुऱ्याएको छ । यस पटक उसले ४४ सिट थपेको छ ।

यो निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टीले समानुपातिक तर्फभन्दा प्रत्यक्षतर्फ अझै उत्कृष्ट नतिजा ल्याएको छ । अघिल्लो निर्वाचनमा सो पार्टीले प्रत्यक्षमा जम्मा ७ सिट जितेको थियो । यो पटक १६८६ प्रतिशत अर्थात् ११८ सिट थपेर प्रत्यक्षतर्फ नै १२५ वटा सिट जितेको छ । अघिल्लो निर्वाचनमा प्रत्यक्षतर्फ सबैभन्दा धेरै ५७ सिट जितेको नेपाली कांग्रेसले यस पटक ६८ प्रतिशत अर्थात् ३९ सिट गुमाएर १८ सिटमा सीमित भएको छ ।

समानुपातिक तर्फको समेत मतगणना सम्पन्न हुँदा २७५ सदस्यीय प्रतिनिधि सभामा राष्ट्रिय स्वतन्त्र पार्टीले २ तिहाइ भन्दा २ सिट कम जित निकालेको छ । प्रत्यक्षतर्फ १२५ र समानुपातिक तर्फ ५७ सिट जितेर १८२ सिट जितेको रास्वपालाई दुई तिहाई अर्थात् १८४ सिट पुग्न २ सिट अपुग भएको छ । यो निर्वाचनबाट दोस्रो ठुलो भएको नेपाली कांग्रेसले प्रत्यक्ष र समानुपातिकबाट जम्मा ३८ सिट जितेको छ । अघिल्लो निर्वाचनमा कांग्रेसले जम्मा ८९ सिट जितेको थियो । यस्तै नेकपा एमालेले प्रत्यक्ष र समानुपातिकतर्फ गरी २५ सिट जितेको छ । अघिल्लो निर्वाचनमा एमालेले ७९ सिट जितेको थियो ।

# ट्राफिक व्यवस्था व्यवस्थित बनाइदै

**टुडे समाचारदाता**

जनकपुरधामाजनकपुरधामकोट्राफिक व्यवस्थापनलाई व्यवस्थित र प्रभावकारी बनाउन जिल्ला ट्राफिक प्रहरी कार्यालय धनुषाले विभिन्न सुधारका पहलहरू अघि बढाएका छन् ।




प्रविधिमैत्री तथा योजनाबद्ध ट्राफिक व्यवस्थापनमा ट्राफिक प्रहरी प्रमुख प्रहरी निरीक्षक सुर्यबहादुर शाहीको नेतृत्वमा जोड दिँदै जनकपुरधाममा नयाँ अभ्यासहरू लागू गर्न थालिएको हो ।

ट्राफिक प्रहरीको पहलमा जिल्ला ट्राफिक प्रहरी कार्यालयको प्रवेशद्वारमा डिजिटल डिस्प्ले बोर्ड जडान गरिएको छ । साथै, जनकपुरधामका विभिन्न चोक तथा सडक क्षेत्रमा हालसम्म ४३ वटा सीसीटीभी क्यामेरा जडान गरिसकिएको छ । यी क्यामेराले सवारी आवागमनको निगरानी र ट्राफिक व्यवस्थापनलाई थप प्रभावकारी बनाउन सहयोग पुगेको ट्राफिक प्रहरीले जनाएको छ ।

यसैबीच, रामानन्द चोकदेखि जनक चोकसम्मको सडकलाई ' वन वे' प्रणालीमा सञ्चालन गर्ने निर्णय सर्वपक्षीय सहमतिका आधारमा कार्यान्वयनमा ल्याइएको छ । सो निर्णयपछि विशेषगरी अस्पताल रोड क्षेत्रमा लामो समयदेखि देखिँदै आएको सवारी जामको समस्या कम हुँदै गएको स्थानीयवासीले बताएका छन् ।

त्यस्तै, बाबा पेट्रोल पम्प पुल नजिक बारम्बार सवारी दुर्घटना हुने स्थानलाई 'ब्ल्याक स्पट'का रूपमा पहिचान गरी दुर्घटना न्यूनीकरणका उपायहरू अपनाइएको छ ।

सडक विभागसँगको समन्वयमा सो क्षेत्रमा रम्बल स्ट्रिप, जेब्रा क्रसिङ र वाल ब्यारियर निर्माण गरिएको छ । साथै, नेपाल विद्युत प्राधिकरणसँग समन्वय गरेर दुर्घटनाको कारण बनेको बिजुलीको पोल हटाइएको ट्राफिक प्रहरीले जनाएको छ । यी सुधारपछि उक्त स्थानमा दुर्घटनाको संख्या शून्यमा झरेको दाबी गरिएको छ ।

प्रहरी निरीक्षक शाहीको योजनाअनुसार रामानन्द चोकलाई नमुना चोकका रूपमा विकास गर्ने प्रक्रिया पनि सुरु गरिएको छ । सडक विभागसँगको सहकार्यमा चोक क्षेत्रमा 'फ्लेक्सिबल स्प्रिङ पोस्ट' जडान गरी ट्राफिक व्यवस्थापनलाई थप व्यवस्थित बनाउने काम अघि बढाइएको हो ।

सो योजनाको कार्यान्वयनअघि रामानन्द चोकमै सर्वपक्षीय बैठक आयोजना गरी स्थानीय, सरोकारवाला निकाय तथा सम्बन्धित पक्षसँग छलफल गरिएको थियो । ट्राफिक प्रहरीका अनुसार प्राप्त सुझाव र समर्थनलाई आधार बनाएर योजनालाई कार्यान्वयनमा ल्याइएको हो ।

प्रहरी निरीक्षक शाहीले जनकपुरधामका अन्य व्यस्त स्थानहरूमा पनि चरणबद्ध रूपमा ट्राफिक व्यवस्थापन सुधारका कार्यक्रम लागू गरिने बताउँदै सवारी दुर्घटना न्यूनीकरण, ट्राफिक अनुशासन कायम र सडकलाई व्यवस्थित तथा सुरक्षित बनाउने लक्ष्यसहित काम अघि बढाइने जनाएको छ ।

# जनमतको आज समीक्षा बैठक

**टुडे समाचारदाता**

जनकपुरधाम । फागुन २१ सम्पन्न प्रतिनिधि सभा चुनावको समीक्षाका लागि डा.सिके राउत नेतृत्वको जनमत पार्टीले दुई चरणमा बैठक आयोजना गर्ने भएको छ । पार्टीले केन्द्रीय सचिवालयदेखि लिएर उम्मेदवार रिपोर्ट प्रस्तुत गर्ने जनमत पार्टीले जनाएको छ ।

यसैगरी, भोलि केन्द्रीय समितिको विस्तारित बैठक बोलाएको छ । बिहान ११ बजेदेखि सुरु हुने उक्त बैठक भर्चुअलको माध्यमबाट सञ्चालन हुने जनाइएको छ । बैठकमा केन्द्रीय समिति सदस्य,



तथा पर्यवेक्षकहरूसँग छुट्टाछुट्टै छलफल गर्ने तयारी गरेको हो ।

जनमत पार्टीले यो चुनावमा एक सिट पनि जित्न सकेन । पार्टीका अनुसार आज केन्द्रीय सचिवालयको बैठक बस्नेछ । त्यसपछि उम्मेदवार तथा पर्यवेक्षकहरूसँग अनलाइनमार्फत निर्वाचन समीक्षा बैठक राखिएको छ । भर्चुअल बैठकमा चुनावमा सहभागी उम्मेदवार र पर्यवेक्षकहरूले आफ्नो अनुभव तथा चुनावी अवस्था बारे राष्ट्रिय परिषद्का सदस्य तथा प्रदेश समन्वय समितिका प्रतिनिधिहरू सहभागी हुनेछन् ।

बैठकमा हालै सम्पन्न निर्वाचनको समग्र समीक्षा, चुनावी रणनीति, सङ्गठनको अवस्था तथा आगामी राजनीतिक कार्यक्रम बारे विस्तृत छलफल हुने बताइएको छ । साथै, निर्वाचनबाट प्राप्त अनुभवका आधारमा पार्टीको आगामी कार्यदिशा तय गर्ने विषयमा पनि निर्णय हुन सक्ने जनाइएको छ ।

# कमलाका शिक्षकहरु पुन: आन्दोलनमा

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको कमला नगरपालिकाका शिक्षकहरू जनप्रतिनिधिहरूले विगतमा गरेको सहमति कार्यान्वयनको माग गर्दै पुनः आन्दोलित भएका छन् ।



गत पुस अन्तिम साता दुवै पक्षबीच भएको सम्झौता अनुसारको बक्यौता ८ महिनाको तलबभत्ता एकमुष्ट दिनुपर्ने र नियमित तलब उपलब्ध गराउनु पर्ने मागसहित शिक्षकहरू पठनपाठन बन्द गरी पुनः आन्दोलित भएका हुन् ।

मधेश प्रदेशको राजधानी जनकपुरधाम देखि २२ किलोमिटर पूर्वमा अवस्थित कमला नगरपालिकाको पाँचवटा मावि, दुईवटा निमावि र दशवटा प्राविका शिक्षकहरू आन्दोलित भएपछि सात हजार बालबालिकाले पढ्न पाएका छैनन् । केही शिक्षक नगरपालिकामा धर्नामा छन् भने केही विद्यालय खोले पनि कक्षा सञ्चालन भने नगरेको जनहीत माध्यमिक विद्यालय माचि झिटकैयाका प्रधानाध्यापक जगन्नाथ यादवले जानकारी दिएका छन् ।

पालिकाका १ सय ४९ जना शिक्षकहरू माग पूरा नभएसम्म विद्यालय सञ्चालन नगर्ने भन्दै गत पुस १ गतेदेखि २२ गतेसम्म विद्यालय बन्द गरी हड्तालमा उत्रेका थिए । जनप्रतिनिधिहरू बीचको असमझदारीका कारण असार १० गतेभित्र गरिसक्नुपर्ने नगर सभा अहिलेसम्म बोलाउन नसकेपछि शिक्षकमात्रहोइनस्वास्थ्य, कृषि, वडा सचिव लगायतका कर्मचारीहरूले पनि दशैं, तिहार र छठ जस्तो महत्त्वपूर्ण चाडपर्व बितिसक्दा पनि तलब भत्ता पाउन सकेका छैनन् ।

जनप्रतिनिधिहरूबीचको आपसी विवादले चालू आर्थिक वर्षको बजेट आउन नसकेका कारण विकास निर्माणको काम त ठप्प छ नै कमला नगरपालिकाका ९ हजार ५ सयभन्दा बढी व्यक्तिले विगत आठ महिनादेखि सामाजिक सुरक्षा भत्ता समेत पाएका छैनन ।

तात्कालीन हरिने, लक्कड, सिंग्याही मडान, दुबरकोट, माची झिटकैयालगायत ६ वटा गाविसहरू मिलेर बनेको कमला नगरपालिकाको ९ वटा वडामा ४२ हजारभन्दा बढी मानिसको बसोबास छ । गत वर्ष भदौमा ५७ करोडभन्दा बढीको बजेट ल्याएको नगरपालिकाले चालू आर्थिक वर्षको आठ महिना बित्न लागे पनि नगर परिषद्समेत आन्तरिक विवादले बोलाउन सकेको छैन ।

# विद्यार्थीहरूका लागि अभिमुखीकरण

**टुडे समाचारदाता**

वीरगञ्ज । नेशनल मेडिकल कलेज तथा शिक्षण अस्पताल, वीरगञ्जले शैक्षिक सत्र २०८२/०८३ का चिकित्सा सेवाको प्रथम वर्षमा प्रवेश गरेकाहरुलाई स्वागत तथा अभिमुखिकरण गरेको छ ।



एमबीबीएस, बीडीएस, बी.एस्सी. नर्सिङ, बीएनएस, बीएमएलटी तथा बीएमआईटी कार्यक्रमका नवप्रवेशी विद्यार्थीहरूका लागि स्वागत तथा अभिमुखीकरण कार्यक्रम आयोजना गरेको हो ।

नयाँ शैक्षिक यात्राको सुरुवातसँगै विद्यार्थीहरूलाई कलेजको शैक्षिक वातावरण, नियम-कानुन, शैक्षिक संरचना तथा पेशागत दायित्वबारे जानकारी गराउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो । नेशनल मेडिकल कलेजका प्रिन्सिपल प्रा. डा. के. एन. सिंहको अध्यक्षता सम्पन्न सो कार्यक्रममा कलेजका अध्यक्ष प्रा. डा. जैनुदिन अन्सारी प्रमुख अतिथि तथा प्रबन्ध निर्देशक श्री शहनवाज अन्सारी विशेष अतिथिका रूपमा उपस्थितमा विद्यार्थीहरूलाई प्रा. डा. रवि शंकर गुप्ताद्वारा शपथ ग्रहण गराइएको थियो ।

कार्यक्रममा अस्पताल निर्देशक डा. इशरत जहाँ अन्सारी, एडमिसन तथा मार्केटिङ डाइरेक्टर अबिद हुसैन अन्सारी, एकेडेमिक डाइरेक्टर डा. रुबी श्रेष्ठ लगायत अन्य विशिष्ट अतिथिहरूले स्वागत मन्तव्य व्यक्त गर्दै विद्यार्थीहरूलाई अनुशासन, समर्पण र मानव सेवाको भावनासहित अध्ययनमा अग्रसर हुन प्रेरणा दिएका थिए । कार्यक्रमको अन्त्यमा नेशनल मेडिकल कलेजका प्रबन्ध निर्देशक श्री शहनवाज अन्सारीले धन्यवाद ज्ञापन गर्दै नयाँ विद्यार्थीहरूको उज्ज्वल शैक्षिक यात्राको कामना गरेका थिए ।

# सामूहिक आक्रमण गर्ने ८ जनाविरुद्ध मुद्दा

**टुडे समाचारदाता**

रौतहट । रौतहटको फतुवा विजयपुर नगरपालिका-५ सन्तपुरस्थित दलित (चमार) टोलमा दुई महिला सहित ६ जनामाथि सामूहिक आक्रमण गरेको आरोपमा ८ जनाविरुद्ध ज्यान मार्ने उद्योग मुद्दा दर्ता गरिएको छ ।

पीडित बिर्जा राम चमारको उजुरीका आधारमा रौतहटका प्रहरी प्रमुख एसपी सिताराम रिजालको निर्देशनपछि इलाका प्रहरी कार्यालय विजयपुर लक्ष्मिनियामा बुधबार उक्त मुद्दा दर्ता भएको प्रहरीले जनाएको छ ।

घटनामा संलग्न भनिएका पसिन्द्र यादवलाई प्रहरीले पक्राउ गरेको छ भने अन्य आरोपीहरू भुनेश्वर यादव, नितेश यादव, जगु यादव (नगेन्द्र यादव), सुखारी यादव, गिरधारी यादव, नबिन कुमार यादव र जयप्रकाश यादव फरार रहेका छन्। फरार आरोपीहरूको खोजी कार्य जारी रहेको प्रहरीको भनाइ छ। पक्राउ परेका पसिन्द्र यादव हाल इलाका प्रहरी कार्यालय विजयपुरको हिरासतमा छन् । यसअघि घटनाको निष्पक्ष छानबिन गरी दोषीलाई कारबाही गर्नुको सट्टा प्रहरीले पीडित पक्षलाई नै दुःख दिएको आरोप लागेको थियो। विशेषगरी इलाका प्रहरी कार्यालय विजयपुर लक्ष्मिनियाका प्रमुख इन्स्पेक्टर सुरेन्द्र यादवको भूमिकामाथि स्थानीयले प्रश्न उठाएका छन् । उनीमाथि जातीय प्रभावमा परेर प्रहरी आचारसंहिता विपरीत काम गरेको आरोपसमेत लगाइएको छ ।

घटना फागुन १९ गते होली पर्वको पूर्वसन्ध्या तथा प्रतिनिधिसभा निर्वाचन हुनुभन्दा दुई दिनअघि भएको बताइएको छ। घटनाको एक सातासम्म पनि कारबाही नभएपछि पीडित पक्षले मंगलबार पत्रकार सम्मेलन गर्दै घटना सार्वजनिक गरेका थिए ।

पत्रकार सम्मेलनमा पीडित बिर्जा राम चमारले सामान्य विवादपछि स्थानीय भुनेश्वर यादवसहितको समूहले लाठी-भाटा लिएर साँझ करिब ६ बजे घरमै पसेर आफूहरूमाथि आक्रमण गरेको बताएका थिए । उनले भनेका थिए सो समूहले श्रीमती, छोरीसहित ६ जनालाई मरणासन्न हुने गरी कुटपिट गर्नुका साथै घरभित्र दुईवटा मोबाइल समेत तोडफोड गरेको हो ।

कुटपिटबाट बिर्जा राम चमारको ढाड र घाँटीमा चोट लागेको छ भने उनकी श्रीमती गायत्री देवी रामको शरीरभरि निलडाम परेको देखिएको छ। त्यस्तै उनका छोरा राजकुमार रामको टाउकोमा तीन टाँका लागेको छ भने सुब्बा रामकी १६ वर्षीया छोरीको टाउको फुटेर सात टाँका लागेको छ। ललन राम चमारको अनुहार र शरीरभरि निलडाम देखिएको छ भने नरेश राम चमारको टाउको र आँखामा चोट लागेको पीडित पक्षले जनाएको छ ।

पीडितका अनुसार घटनाभन्दा करिब एक घण्टा अघि दुई पक्षबीच सामान्य भनाभन भएको थियो। त्यस क्रममा विपक्षी समूहले राजकुमार रामलाई घरभन्दा केही टाढा कुटपिट गरेको र प्रतिवादका क्रममा विपक्षी पक्षका एकजनाको टाउको सामान्य रूपमा फुटेको बताइएको छ । त्यसको केहीबेरपछि भने विपक्षीहरू लाठी-भाटा लिएर घरमै प्रवेश गरी सामूहिक आक्रमण गरेको बिर्जा राम चमारले बताए ।

उनका अनुसार घटनापछि घटनास्थल पुगेको प्रहरी टोलीले आक्रमणकारीलाई पक्राउ गर्नुको सट्टा आफू र आफ्नै छोरालाई पक्राउ गरी हथकडी लगाएर लगेको थियो। उनीहरूलाई थुनामा राखेर कुटपिटसमेत गर्दै इलाका प्रहरी कार्यालय विजयपुर पठाइएको आरोप उनले लगाए । स्थानीय समाजसेवी तथा फतुवा विजयपुरका मेयर प्रत्याशी विजय यादवका अनुसार पीडितलाई पक्राउ गरिएको खबर पाएपछि उनले इन्स्पेक्टर सुरेन्द्र यादवलाई फोन गरी छोड्न आग्रह गरेका थिए ।

पीडितका अनुसार घटनाको एक सातासम्म पनि जाहेरी दर्ता गरिएको थिएन। आइतबार र सोमबार इलाका प्रहरी कार्यालय विजयपुरमा पुगेर उजुरी दर्ता गर्न आग्रह गर्दा पनि इन्स्पेक्टर यादवले वास्ता नगरेको र उल्टै धम्क्याएको आरोप लगाइएको छ । पत्रकार सम्मेलनमा बिर्जा राम चमारले आँसु झार्दै आफूलाई न्याय दिलाइदिन आग्रह गरेका थिए ।

**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८